सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२२ कात्तिक २०८०, बुधबार (8 Nov 2023, Wednesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक २०२ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

इँटाभट्टामा जिउँदै मान्छे जलाउने आलमको फैसला हुँदै

छुट्ने हल्ला गाउँभर फैलाए, पटाका पड्काएर आलमका समर्थकले खुसियाली मनाउँदै



इँटाभट्टामा जिउँदै जलाएर व्यक्ति हत्या गरेको अभियोगमा पुर्पक्षका लागि जेल रहेका मोहम्मद आफ्ताब आलमसँग सम्बन्धित मुद्दाको अन्तिम फैसला बिहीबारसम्ममा हुने भएको छ। बुधबारसम्म बहस सकेर फैसला हुने जिल्ला अदालत रौतहटको तयारी छ।

(विस्तृत पृष्ठ ३)

अनुचित व्यापारिक क्रियाकलाप गर्नेलाई जरिवाना तीव्र


४३ दिनमा एक सय ६५ स्थानमा अनुगमन

(विस्तृत पृष्ठ २)

लघुवित्तमा झन्डै डेढ खर्ब बहुबैंकिङ कर्जाको पासोमा चार लाख ग्राहक

एउटै ऋणीले १७ लघुवित्तबाट ५२ लाख १७ हजारभन्दा बढी ऋण लिएको पाइयो : राष्ट्र बैंक

कर्जा सदुपयोगिताको अनुगमन गर्नुपर्छ



प्रकाशकुमार श्रेष्ठ,
कार्यकारी निर्देशक तथा संयोजक, अध्ययन समिति, नेपाल राष्ट्र बैंक

कर्जा व्यवस्थित गर्न खोजिएको छ



रामबहादुर यादव,
महासचिव, नेपाल लघुवित्त बैंकर्स संघ

(विस्तृत पृष्ठ ९)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

कर्नर किक

● रवि मिश्र



विपत् कोषमा पाँच अर्ब, वितरणमा विलम्ब

दैवी प्रकोप र प्राकृतिक विपत्सम्बन्धी दुई सरकारी कोषमा झन्डै पाँच अर्ब रकम छ, तर १५३ जनाको ज्यान जाने र ३५ हजारभन्दा बढी परिवारको उठिबास हुने गरी गएको जाजरकोट भूकम्पका पीडितहरूले अझै राहत पाएका छैनन्, इपिसेन्टर रामीडाँडामा त खाद्यान्नसमेत पुगेको छैन

- प्रधानमन्त्री दैवी प्रकोप सहायता कोषमा तीन अर्ब दुई करोड
- राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणअन्तर्गत विपत् व्यवस्थापन कोषमा पौने दुई अर्ब
- भूकम्पपछि दुई करोड २२ लाख थप

सुवास भट्ट / नयाँ पत्रिका

विपत्तिहरूमा सामना गर्न र पीडितलाई सहयोग पुऱ्याउन गठित सरकारी कोषमा अहिले झन्डै पाँच अर्ब रुपैयाँ छ। गत शुक्रबार मध्यरातमा गएको भूकम्पपछि यो कोषमा दाताहरूको तर्फबाट दुई करोड २२ लाख रुपैयाँ थपिएको छ।

भूकम्पपछि सरकार, निजी क्षेत्र, गैरसरकारी संस्था तथा व्यक्तिहरू, अन्तर्राष्ट्रिय समुदायलगायत उद्धार र राहतमा खटिएका छन्। भूकम्पपछिको मानवीय उद्धार र राहतमा सरकारले पनि क्रियाशीलता बढाएको छ। यस्ता विपत्तिहरू सामना गर्न सरकारले खडा गरेको कोषमा अहिले झन्डै पाँच अर्ब रुपैयाँ छ।

विपत्का समयमा परिस्थितिलाई थाम्न सरकारले दुईवटा कोषमा रकम जम्मा गरेको छ। एउटा प्रधानमन्त्री कार्यालयअन्तर्गत प्रधानमन्त्री दैवी प्रकोप सहायता कोष र राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणअन्तर्गत विपत् व्यवस्थापन कोष सञ्चालित छन्। सम्भावित प्रकोप र विपत् सामना गर्न स्थापित यी केन्द्रीय कोष हुन्। विपत्का समयमा सरकारले अहिले यिनै कोषबाट रकम खर्च गर्छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार प्रधानमन्त्री दैवी प्रकोप सहायता कोषमा अहिले तीन अर्ब दुई करोड रुपैयाँको हाराहारीमा रकम छ। यसअघि करिब तीन अर्ब रुपैयाँ रहेकामा रुकुम-जाजरकोट भूकम्पपछि रकम थपिने क्रम जारी छ। कार्यालयका आर्थिक प्रशासन शाखाका उपसचिव सूर्यबहादुर भण्डारीका अनुसार कोषमा भूकम्पपछि दुई करोड २२ लाख रुपैयाँ थपिएको छ।

» पृष्ठ ११ मा क्रमशः

■ भूकम्पपीडित सुत्केरी र गर्भवतीलाई झन् सकस

बढ्दो चिसोमा त्रिपालको ओत, परालको ओछ्यान



रुकुम पश्चिमको सानीभेरी गाउँपालिका-४ खालचौरकी पार्वती चन्द मल्ल र खिमा चन्द मल्लको परिवार



रुकुम पश्चिम खालचौरकी तीनमहिने सुत्केरी विमला खड्का भन्छिन्- **न्यानो कपडासमेत छैन, पालमुनि छोरी धेरै नै रुने, खोक्ने र उल्टी गर्न थालेकी छिन्**

जाजरकोटमा **विष्णु शर्मा**, रुकुम पश्चिममा **मनीष खड्का**

रुकुम पश्चिमको सानीभेरी गाउँपालिका-४ खालचौरकी पार्वती चन्द मल्लको परिवार शुक्रबार मध्यरातिको विनाशकारी भूकम्पबाट जसोतसो बच्यो। ज्यान बचाउने संघर्षमा पार्वती र श्रीमान् टोपेन्द्रप्रकाश मल्लको टाउकोमा चोट लागेको छ। दुधे छोरालाई सकुशल जोगाए। 'माथिबाट माटो, ढुंगा, काठ झरिरहेका थिए, तर छोरालाई छातीमा च्यापेर बचाएँ, मेरो टाउकोमाथि घरको ढुंगा खस्यो,' पार्वतीले शुक्रबारको कहालीलाग्दो रात सम्झिइन्। उनको घर भने भत्किएको छ। जसोतसो ज्यान जोगाएका मल्ल परिवार घरछेउमा रहेको खाली ठाउँमा टनेल टाँगेर बसिरहेको छ। तीनजनाको मल्ल परिवारले ज्यान त जसोतसो जोगायो, तर घरमा रहेका अन्नपात, लत्ताकपडा र भाँडाकुँडा निकाल्न सकेका छैनन्। दुवैका मोबाइल पनि घरमै पुरिएका छन्। मल्लदम्पती घरिघरि घरभित्र पस्न तम्सिन्छन्, तर उनीहरूलाई आँट आउँदैन। सोमबार साँझ ४ बजेर ३१ मिनेटमा फेरि ५.८ म्याग्निच्युडको भूकम्प गएपछि झनै डराएका छन्। 'घर त पूरै भत्किएको छैन। तर, कसैले घरभित्रबाट दालचामल, लत्ताकपडा, भाँडाकुँडा र मोबाइल खोजेर निकालिदिए ठूलो राहत हुन्थ्यो,' पार्वतीले भनिन्।'

पार्वतीको घरछेउमा खिमा चन्द मल्लको घर छ। उनको परिवारको हालत पनि उस्तै छ। मध्यरातिको भूकम्पबाट जसोतसो ज्यान जोगाए पनि घरभित्र रहेका कुनै पनि सरसामान निकाल्न नपाएको खिमाले बताइन्। भूकम्पको डरले घरभित्र छिर्ने आँटै नआएको उनले बताइन्। 'ज्यान त जोगियो, अन्नपात र लत्ताकपडा जेसुकै होस् भनेर निकाल्ने आँट गरेका छैनौं,' उनले भनिन्, 'तर, राहतमा मिलेको अन्न सकिन लागिसक्यो, लगाएका कपडा पनि फोहोर भइसके। यसरी त कसरी चल्ला र खै।'

» पृष्ठ ११ मा क्रमशः

> शरीरभरि माटो खस्दै थियो, छोरीलाई काखमा च्यापेर आँखा चिम्लेर निस्किएकी हुँ। धन्न ठूलो चोट लागेन, आमाछोरीको ज्यान बच्यो। भूकम्प गएदेखि पालमुनि बस्दै आएका छौं। पालमुनिको रात निकै लामो लाग्छ। त्यसमाथि न्यानो कपडासमेत छैन। चिसोका कारण छोरीलाई रुघा लाग्न थालेको विमलाले बताइन्। छोरी धेरै नै रुने, खोक्ने र उल्टी गरिरहेकी छिन्।

चिनियाँ कम्युनिस्ट पार्टीका तिब्बत सेक्रेटरी आज आउँदै

प्रधानमन्त्री प्रचण्डको चीन भ्रमणमा तिब्बत क्षेत्रसँग सम्बन्धित विषयमा भएका सहमति कार्यान्वयनबारे छलफल हुने



चिनियाँ कम्युनिस्ट पार्टीको तिब्बत स्वायत्त क्षेत्रका सचिव वाङ छुङछेङले उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री प्रचण्ड, राष्ट्रिय सभाका अध्यक्ष गणेश तिमिल्सिना, उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठसँग भेटवार्ता गर्दै, पाँचदिने भ्रमणका क्रममा पोखरा पनि जाँदै

● **डा. रुपक सापकोटा**
प्रधानमन्त्रीका परराष्ट्र मामिला सल्लाहकार



चिनियाँ भ्रमण टोलीसँग प्रधानमन्त्रीको चीन भ्रमणमा तिब्बत क्षेत्रसँग सम्बन्धित विषयमा भएका सहमति कार्यान्वयनबारे छलफल हुनेछ। छिमेकी चीनको हामीसँग सीमा जोडिएको क्षेत्र रहेका कारण तिब्बतका पार्टी सेक्रेटरीको भ्रमणलाई हामीले महत्त्व दिएका छौं।

पर्शुराम काफ्ले / नयाँ पत्रिका

चिनियाँ कम्युनिस्ट पार्टीको तिब्बत स्वायत्त क्षेत्रका सचिव वाङ छुङछेङ पाँचदिने औपचारिक भ्रमणमा बुधबार नेपाल आउँदै छन् तिब्बतको पार्टी सेक्रेटरी चीन सरकारका निर्णायक अधिकारीमध्येहरू एक मानिन्छन्। उनको भ्रमणका क्रममा प्रधानमन्त्रीको चीन भ्रमणमा तिब्बत क्षेत्रसँग सम्बन्धित विषयमा भएका सहमति कार्यान्वयनबारे छलफल हुनेछ।

» पृष्ठ ११ मा क्रमशः



४५ नेता तथा पूर्वपदाधिकारीका पिएसओ एकैपटक फिर्ता

प्रहरी नेतृत्वलाई दबाब दिएर पुनः फिर्ता गराउने कतिपयको प्रयास

नवराज मैनाली / नयाँ पत्रिका

प्रहरी प्रधान कार्यालयले एकैपटक ४५ जना नेता तथा अवकाशप्राप्त पदाधिकारीहरूको सुरक्षामा खटिएका व्यक्तिगत सुरक्षा अधिकृत (पिएसओ) फिर्ता गरेको छ। उनीहरूले नियमविपरीत पिएसओ सुविधा लिँदै आएका थिए।

४५ जनाको सुरक्षामा खटिएका ५८ जना प्रहरी फिर्ता भएका छन्। यसरी पिएसओ फिर्ता गरिएकाहरू प्रभावशाली नेताहरू छन्। मापदण्डअनुसार खटिने समय सकिएको र उनीहरूलाई पिएसओ आवश्यक नभएको निष्कर्षका आधारमा फिर्ता गरिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

हालै संसद्को राज्य व्यवस्था समितिले पनि विवरण माग्दै नियमविपरीत खटिएका सुरक्षाकर्मी हटाउन निर्देशनसमेत दिएको थियो। सोही निर्देशनलाई समेत आधार बनाई मापदण्डअनुसार नपरेकाको हकमा फिर्ता गरिएको प्रहरी प्रवक्ता डिआइजी कुबेर कडायतले बताए।



■ पूर्वसभामुखदेखि पूर्वगृहसचिवसम्म ४५ जनाको सुरक्षामा खटिएका ५८ प्रहरी फिर्ता

'५० जनाभन्दा धेरै पिएसओलाई फिर्ता गरेका छौं, लामो समयदेखि खटिएकाले उनीहरूलाई रिफ्रेसर तालिम पनि सुरु भएको छ,' उनले भने, 'मापदण्डले समेट्ने र गृह मन्त्रालयले निर्णय गरेको आधारमा मात्र खटाइन्छ।'

यसरी पिएसओ तानिनेमा पूर्वगृहसचिवदेखि पूर्वसभामुखसम्म छन्। पूर्वसभामुख कृष्णबहादुर महरा, पूर्वउपप्रधानमन्त्रीहरू ईश्वर पोखरेल, उपेन्द्र यादव, सुजाता कोइराला, गोपालमान श्रेष्ठ, रघुवीर महासेठ तथा राजेन्द्र महतोको सुरक्षामा खटिएका प्रहरीहरू फिर्ता गरिएका हुन्। कोइरालाको सुरक्षामा एकजना तथा अन्यको दुईजना खटिएका थिए। पूर्वसभामुखले पदबाट हटेको तीन वर्षसम्म तथा अन्यले दुई वर्षसम्म पिएसओ

» पृष्ठ ११ मा क्रमशः

अनुचित व्यापारिक क्रियाकलाप गर्नेलाई जरिवाना तीव्र

टिपटप समोसादेखि पशुपति स्प्रिङ वाटरसम्म जरिवानामा

नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले अनुचित व्यापारिक क्रियाकलाप गर्ने व्यापारीलाई कारबाहीस्वरूप जरिवाना गर्ने भएको छ। महानगरपालिकाकी उपमेयर एवं बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिकी संयोजक सुनीता डंगोलले बजारमा अनुचित क्रियाकलाप गर्ने, मूल्य, गुणस्तर, नापतौलमा उपभोक्तालाई ठगी गर्ने तथा कृत्रिम अभाव सिर्जना गर्ने व्यापारीलाई जरिवाना गर्ने बताएकी हुन्।

'जरिवाना उद्योग ठूलो छ कि सानो छ भन्ने आधारमा होइन। कसुरका आधारमा तोक्नुपर्छ। बजार अनुगमनमा जाँदा यस विषयमा ध्यान दिनुहोला,' समिति बैठकमा डंगोलले भनिन्। उनले स्वच्छ र प्रतिस्पर्धी बजार व्यवस्थापनका लागि उपभोक्ता र व्यापार दुवैको लाभ हुने गरी बजार व्यवस्थापनको काम गर्नुपर्नेसमेत बताइन्। महानगरअन्तर्गत कृषि तथा पशुपक्षी विभागका प्रमुख तथा खाद्य निरीक्षक डा. अवधेश झाका अनुसार पछिल्लो चार महिनामा सातवटा कम्पनी तथा फर्मलाई अनुचित व्यापारिक क्रियाकलाप गरेका कारण तिराइएको जरिवानाबाट नौ लाख ६० हजार रुपैयाँ जरिवाना गरिएको छ।

महानगरले पछिल्लो चरणमा त्रिकोण वेभरेज इन्डस्ट्रीमा सिलबन्दी गरेको छ। पानीमा किरा र लेउ भेटिएपछि एक लाख रुपैयाँ जरिवाना गरेको हो। यस्तै पेय पदार्थमा ढुसी भेटिएपछि कालिञ्चोक ट्रेडिङ नेपाललाई एक लाख ५० हजार जरिवाना गरेको छ। टिपटप समोसा पसलले बिग्रेको दूधबरी बिक्री गरेपछि दुई लाख रुपैयाँ जरिवाना गरेको थियो।

■ ४३ दिनमा एक सय ६५ स्थानमा अनुगमन

महानगरको अनुगमन टोलीले साउनदेखि अहिलेसम्ममा ४३ दिन बजार अनुगमन गरेको छ। यसमा एक सय ६५ वटा स्थानको अनुगमन गरिएको थियो। खाद्य निरीक्षक डा. अवधेश झाका अनुसार साउनमा मिठाई पसलको, भदौमा पानी र जारको, असोजमा दसैँलक्षित खाद्य तथा पेय पदार्थको र कात्तिकमा खसीबजार, खाद्य पदार्थको अनुगमन भएको छ। बजार अनुगमन गर्दा खाद्य पदार्थ (चालम, दाल, मसला, फलफूल, मिठाई)को मात्र अनुगमन गरेर हुँदैन। समितिको सोमबार सम्पन्न बैठकमा सदस्य एवं वडा १८ का अध्यक्ष न्हुच्छेकाजी महर्जनले भने, 'बिजुलीको शुल्क तिर्दा १० प्रतिशत सेवा शुल्क लिने गरिएको छ। यो के हो ? आयल निगमको स्वचालित मूल्य भनेको छ, अन्तर्राष्ट्रिय बजारमा भाउ बढ्नेबित्तिकै यहाँको भाउ पनि बढाउने, तर घटेका वेला उत्तिकै दरमा भाउ घटेको कि छैन त्यो पनि हेर्नुपर्छ।'

छाडा चौपायाको सहारा बन्दै काठमाडौं महानगर

१२६ रोपनीमा काञ्जी हाउस तयार



नयाँ पत्रिका

काठमाडौं महानगरपालिका छाडा चौपायाको सहारा बन्ने भएको छ। सडक, नदी-किनारा, पार्क, खुला चौर, चोक, मठमन्दिरजस्ता सार्वजनिक ठाउँमा भेटिएका चौपायालाई महानगरले बिहीबारदेखि संकलन गरेर दक्षिणकाली नगरपालिका-७, कोपुगाउँमा रहेको काञ्जी हाउस (छाडा गाईबस्तु थुन्ने टहरा)मा राख्ने भएको छ।

काञ्जी हाउस (गाई-बाच्छा राख्ने पूर्वाधार)को मंगलबार अवलोकन निरीक्षणका लागि गएका कृषि तथा पशुपक्षी विभाग प्रमुख डा. अवधेश झाले छाडा चौपायालाई बचाउन काञ्जी हाउसको व्यवस्था गरिएको बताए।

'सडकमा छाडिएका चौपायाले खान पाएका छैनन्। तिर्खा लागेका वेला पानी पाउँदैनन्। बिरामी पर्दा उपचार पाउँदैनन्। सवारी दुर्घटनाको जोखिम पनि उत्तिकै छ। उनीहरूलाई यी जोखिमबाट बचाउन अब काञ्जी हाउसमा लैजान्छौं,' महानगरपालिकाअन्तर्गत कृषि तथा पशुपक्षी विभागका प्रमुख झाले भने।

महानगरका अनुसार काञ्जी हाउसमा राखिने चौपायालाई खुवाउन १० मेट्रिकटन साइलेज खरिद गर्ने काम भइसकेको छ। हेरचाह गर्नका लागि दुईजना स्थानीयलाई दैनिक ज्यालादारीमा राखिएको छ। महानगरले दक्षिणकाली नगरपालिका-७ सँगको सहकार्यमा पानी, बिजुलीलगायत सुविधाको समेत व्यवस्था गरेको छ। यस ठाउँमा काञ्जी हाउस सञ्चालन गर्न ३ फागुन ०७८ मा महानगर र नगरपालिकाबीच सम्झौता भएको थियो। सम्झौताअघि यस ठाउँमा मिलीजुली पशुपालन समूहले पशुपालन गर्दै आएको थियो। प्रदेश सरकार र दक्षिणकाली नगरको सहयोग लिएर केही टहरासहितको पूर्वाधार, त्यस क्षेत्रमा पुग्ने बाटो, बिजुली, पानीलगायतका सुविधा व्यवस्था गरेर थालिएको पशुपालन कोभिडलगायत समस्याबाट नियमित हुन सकेन। यही ठाउँको पूर्वाधार निर्माणमा लागेको खर्च फिर्ता गरेर स्थान सञ्चालन गर्ने सर्तसहित सम्झौता भएको हो।



■ **डा. अवधेश झा**, प्रमुख, कृषि तथा पशुपक्षी विभाग, काठमाडौं महानगर

काञ्जी हाउस (गाई-बाच्छा राख्ने पूर्वाधार)को मंगलबार अवलोकन निरीक्षण गरिएको छ। छाडा चौपायालाई बचाउन काञ्जी हाउसको व्यवस्था गरिएको हो।

■ बुधबारबाट छाडा चौपाया नियन्त्रण गरिने

महानगरले आजबाट सडकमा छाडिएका गाई-बाच्छा संकलन गरी टेकु ल्याएर राख्नेछ। टेकुमा संकलन गरिएका चौपायालाई बिहीबार काञ्जी हाउस पुऱ्याइनेछ। संकलित गाई-बाच्छालाई सुविधाजनक ढुवानी व्यवस्था गरेर काञ्जी हाउस लगिनेछ। काञ्जी हाउसमा दैनिक पशु व्यवस्थापन, हेरचाह तथा सरसफाइका काम हुनेछ। महानगरले थप पूर्वाधार निर्माण तथा मर्मत-सम्भार, मृत जनावरको व्यवस्थापनलगायत काम गर्नेछ। पशु सेवालाई दैनिक सञ्चालन गर्न खाद्यान्न, औषधि, उपकरणको प्रबन्ध महानगरले गर्नेछ। छाडा पशु चौपाया व्यवस्थापनका लागि महानगरले यस ठाउँमा एक सय २६ रोपनी जमिन लिएको हो। यसअघि छाडा चौपाया व्यवस्थापन गर्न महानगरपालिकाले विभिन्न प्रयास गर्दै आएको थियो।

चौपाया व्यवस्थापनस्वरूप चौपाया लिलामीसमेत गर्ने गरेको थियो। सडकमा भएका चौपाया जम्मा गरेर आर्थिक वर्ष ०५७/५८ एक वर्षमा एक सय ६० गाई-बाच्छा लिलामी गरिएको थियो। यस्तै, आर्थिक वर्ष ०७०/७१ मा तीन सय ८८ वटा चौपाया लिलामी गरेको थियो भने लिलामी गर्न पुग्ने संख्या बनाउन त्यसवेला टेकु ट्रान्सफर स्टेसननजिक काञ्जी हाउस सञ्चालन गरिएको थियो। लिलाम गरिएका चौपाया कहाँ लगिन्छन् ? उनीहरू सुरक्षित रहन्छन् त ? भन्नेजस्ता प्रश्न आएपछि महानगरपालिकाले लिलाम रोकेको थियो।

संक्षेपमा उपत्यका

बल्खु : काठमाडौं महानगरपालिका-१४, बल्खुस्थित हाम्रो स्टाफ भोजनालय एन्ड खाजा घरबाट लागुऔषध डाइजेपाम, फेनारगन, नुर्फिनसहित पर्सा हरिहरपुर गापा-११ का ७० वर्षीय रामचन्द्र चमारसहित तीनजनालाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी वृत्त कालिमाटीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागुऔषधसहित पक्राउ गरेको हो।

कोटेश्वर : अवैध लागुऔषध खैरो हेरोइन, नाइट्रोभेट र ट्रामाडोलसहित ६ जनालाई लागुऔषध नियन्त्रण ब्युरो कोटेश्वरका प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्ने काठमाडौं महानगरपालिका-४ का ३२ वर्षीया सपना रायमाझी, ओखलढुंगा खिजिदेम्बा गापा-३ का ३८ वर्षीय गंगालाल विक, गोकर्णेश्वर नपा-४ का ५० वर्षीय दीपक श्रेष्ठ, ३० वर्षीय दीपेश डंगोल महर्जन, सिराहा धनगढीमाई नपा-१४ का ३७ वर्षीय झरेन्द्रबहादुर ठकुरी र धादिङ त्रिपुरासुन्दरी गापा-२ का २७ वर्षीय सन्दीप इटानी रहेका छन्। उनीहरूविरुद्ध लागुऔषध (नियन्त्रण) ऐन, ०३३ बमोजिम सम्बन्धित जिल्ला अदालतबाट म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको छ।

बुढानीलकण्ठ : बुढानीलकण्ठ नपा-११, कपन खरिबोटस्थित सुलभ (नमस्ते) रेस्टुरेन्ट एन्ड स्नुकर हाउसमा जुवातास (ओखर) खेलिरहेका सातजनालाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरीले ललितपुर गोदावरी घर भई हाल काठमाडौं गोकर्णेश्वर नगरपालिका-८ बस्ने ३५ वर्षीया मिरू तामाङसमेत सातजनालाई नगद २३ हजार ६ सय ८० रुपैयाँ र आठ दाना ओखरसहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरी वृत्त बौद्धबाट आवश्यक अनुसन्धान भइरहेको छ।

MJS मकर जितुमाया सुरी हाईड्रोपावर लिमिटेड

Makar jitumaya Suri Hydropower

रजिष्टर्ड कार्यालय: त्रिपुरेश्वर, काठमाण्डौं, फोन नं. ०१-४११७००८
Web: www.mjshydropower.com.np, Email: mjs.hydropower2065@gmail.com

Unaudited Financial Reports (Quarterly)

As on 1st Quarter of Fiscal Year 2080/81

Statement of Financial Position *(figures in NPR)*

Particulars	Quarter Ending Ashwin 2080 (Unaudited)	Quarter Ending Ashad 2080 (Unaudited)	Corresponding Previous Quarter Ending Ashwin 2079
Assets			
Non-Current Assets			
Property, plant and equipment	7,114,475	4,364,428	5,531,242
Intangible assets	1,214,451,208	1,225,094,975	1,256,752,586
Intangible Assets (Held under construction)	1,078,812,092	1,013,198,975	630,497,981
Total Non-Current Assets	**2,300,377,775**	**2,242,658,378**	**1,892,781,809**
Current Assets			
Cash and cash equivalents	25,933,830	36,903,518	21,776,545
Other Financial Assets	58,586,369	53,717,845	39,022,691
Other Assets	266,779,469	191,073,432	199,872,827
Total Current Assets	**351,299,668**	**281,694,795**	**260,672,063**
Total Assets	**2,651,677,443**	**2,524,353,173**	**2,153,453,872**
Equity and Liabilities			
Equity			
Equity share capital	760,000,000	760,000,000	532,000,000
Retained Earnings	(20,993,638)	(44,771,806)	(37,742,063)
Total Equity	**739,006,362**	**715,228,194**	**494,257,937**
Liabilities			
Non-Current Liabilities			
Long Term Borrowing	1,718,196,004	1,704,446,194	1,596,964,771
Total Non-Current Liabilities	1,718,196,004	1,704,446,194	1,596,964,771
Current Liabilities			
Short Term Borrowing	160,000,000	70,000,000	-
Trade Payables	2,623,678	2,686,678	3,951,264
Other Current Liabilities	31,851,399	31,992,107	58,279,900
Total Current Liabilities	**194,475,077**	**104,678,785**	**62,231,164**
Total Liabilities	**1,912,671,081**	**1,809,124,979**	**1,659,195,935**
Total Equity and Liabilities	**2,651,677,443**	**2,524,353,173**	**2,153,453,872**

Statement of Profit or Loss

Particulars	Quarter Ending Ashwin 2080 (Unaudited)	Quarter Ending Ashad 2080 (Unaudited)	Corresponding Previous Quarter Ending Ashwin 2079
Revenue from sale of Electricity	67,792,986	164,208,595	42,306,358
Revenue from service concession agreement	65,613,117	452,595,065	66,309,071
Cost of sales	67,372,255	461,898,022	67,299,683
Gross Profit	66,033,847	154,905,638	41,315,746
Depreciation & Amortization	11,018,720	43,669,243	10,917,311
Other Income	811	5,124	2,266
Employee Benefits Costs	1,304,078	4,990,636	1,876,808
Administrative and Other Operating Expenses	2,293,335	3,175,428	748,945
Profit from operation	**51,418,525**	**103,075,455**	**27,774,948**
Finance Costs	27,640,356	109,046,576	26,716,326
Profit Before tax	23,778,168	(5,971,121)	1,058,622
Income tax Expense			
Current Tax			
Deferred Tax			
Profit for the Year	**23,778,168**	**(5,971,121)**	**1,058,622**
Other Comprehensive Income			
Other Comprehensive Income not to be reclassified to profit or loss in subsequent periods	-	-	-
i. Re-measurement (losses)/Gains on post Employment Defined Benefit Plans	-	-	-
ii. Equity instruments through Other Comprehensive Income	-	-	-
iii. Tax Relating items that will not be classified to profit or loss	-	-	-
Other comprehensive gain/(loss) for the year, net of tax	-	-	-
Total comprehensive gain/(loss) for the year, net of tax	**23,778,168**	**(5,971,121)**	**1,058,622**

First Quarter Disclosure as of 30th Ashwin 2080 (17th October 2023) as per Securities Registration and Issuance Regulation Annexure 14 (Related to Sub-regulation 1 of Regulation 26)

1. Financial Statements

a) The financial statements for the first quarter have been published as a part of this report.

b) Key Financial Ratios at the end of the quarter:

Other Financial Highlights

Particulars	Quarter Ending Ashwin 2080 (Unaudited)	Quarter Ending Ashad 2080 (Unaudited)	Corresponding Previous Quarter Ending Ashwin 2079
Interest Income	811	5,124	2,267
Interest Expenses	27,640,356	109,046,576	26,716,326
Net Interest Income	(27,639,545)	(109,041,452)	(26,714,059)
Total Operating Income	67,792,986	164,208,595	42,306,358
Operating Profit	51,417,714	103,070,332	27,772,681
Profit Before Tax	23,778,168	(5,971,121)	1,058,622
Tax	-	-	-
Net Profit	23,778,168	(5.971,120)	1,058,621
EPS(Basic)	3.1287	(0.7857)	0.1990
PE Ratio	76.39	-	-
ROA	0.92%	-0.24%	0.05%
ROE	3.27%	-0.92%	0.21%
Networth Per Share	97.23	94.10	92.90

2. Management Analysis

a) Any changes in the stock, income and liquidity during the quarter and reason for change, if any: Revenue from the Sale of Electricity has increased slightly as compared to the corresponding previous year's quarter ending. The increased in revenue is due to the good energy generation at the quarter. The administrative and operation expense of this quarter includes the expenses incurred in carrying the administrative works of the company for the Suri Khola Project. At the same time the administrative expenses incurred for the Upper Suri Khola Hydroelectric project has been capitalized as intangible assets under development.

b) The statement of management analysis on the upcoming business plan:
The company management is persistently working on improving internal control system and risk management practices.

c) The analytical statement of the possible effect on company's profitability, stock and cash flow based on the past experience:
The Company has maintained steady progress on profitability and there has been no such other incident during the period which might have negative impact on the profit or cash flow of the company.

3. Statement relating to Legal Action

a) Case filed by or against the Company during the quarter, if any: None

b) Case filed by or against the Company or its Promoter or Director for violation of the prevailing regulation or committing the criminal offence, if any: None

c) Case filed against the Promoter or Director on financial crime, if any: None

4. Analysis of the share transaction of the company

a) During the first quarter, MAKAR shares traded actively for a day till the end of Ashwin 2080 as its shares were listed in NEPSE on 21th of Baishak 2080 and began trading on 25th Baishak 2080.

b) The highlights of the share transactions during the quarter are as follows:

Maximum Price (NRP)	Minimum Price (NRP)	Closing Price (NRP)	Transaction Days
282	223	229.9	60

5. Problems and Challenges

a) Internal
- Retention and optimization of skilled human resource.
- Maintaining operational efficiency
- Fund management

b) External
- Inconsistent regulatory and policy level commitment from the government regulatory agencies in development of hydroelectric projects
- Lack of domestic suppliers and vendors for hydropower equipment and spare parts.
- Inadequate existing transmission line

c) Strategies
- Implementation of HR optimization plan
- Lobbying with government authorities for investment friendly environment
- Identification of different financial instruments along with risk assessment
- Development of various internal policies and procedures

6. Corporate Governance

The Board of Directors are committed to upholding good corporate governance practice in the company through implementation of policies and guidelines for proper functioning of the company. Various committees and sub-committee that are to be formed in compliance with Companies act, 2063 and Corporate Governance Guidelines, 2074 issued by Security Exchange Board of Nepal are in the process of formation.

7. Declaration of Chief Executive Officer on Truth, Tactfulness

I, the Chief Executive Officer/Chief Finance Officer of this Company, take responsibility for accuracy of the information and details mentioned in this report. I also declare that the information and details mentioned in this report are complete, true, based on facts and the information, details necessary for making informed decision by the investors are not concealed.

Singati Hydro Energy Ltd.

SINGATI HYDRO ENERGY Ltd.

Durbarmarg-1, Kathmandu, Nepal
Tel : 01-4543203, Email : shehydro@gmail.com

Statement of Financial Position

As at 30 Ashwin 2080

Amount in NRs

Particulars	"Current Quarter Ashwin end 2080 Unaudited"	" Previous Quarter Ashadh end 2080 Unaudited "	Corresponding Previous Year Quarter Ending (Ashwin End 2079)
ASSETS			
Non current Assets:			
Property, Plant and Equipment	16,931,505	17,428,467	19,826,303
Project Assets	5,670,176,823	5,717,825,368	5,857,672,912
Project Expenditure (WIP)	-	-	-
Investments	47,950,000	47,950,000	44,350,000
Total Non-Current Assets	**5,735,058,328**	**5,783,203,835**	**5,921,849,215**
Current assets:			
Advances and Deposits	193,952,501	131,281,106	193,507,764
Other Current Assets	10,027,128	7,385,461	
Inventory (Spare Parts)	9,428,868		
Cash and bank balances	370,855	15,777,026	30,223,848
Total Current Assets	**213,779,351**	**154,443,593**	**223,731,612**
Total Assets	**5,948,837,680**	**5,937,647,428**	**6,145,580,827**
EQUITIES AND NON-CURRENT LIABILITIES			
Equity Shareholders' Fund			
Share Capital	1,450,000,000	1,450,000,000	1,450,000,000
Accumulated profit/ (loss)	(140,841,178)	(193,676,260)	(2,131,100)
Total Equity	**1,309,158,822**	**1,256,323,740**	**1,447,868,900**
Non-Current Liabilities			
Long Term Loan	4,636,489,738	4,678,439,206	4,693,715,447
Bridge Gap Loan	-	-	-
Total Non-Current Liabilities	**4,636,489,738**	**4,678,439,206**	**4,693,715,447**
Current liabilities			
Creditors & account payables	2,832,720	2,329,818	2,928,159
Withholding tax payable	356,401	554,664	1,068,321
Total Current Liabilities	**3,189,121**	**2,884,482**	**3,996,480**
Total Liabilities	**5,948,837,680**	**5,937,647,428**	**6,145,580,827**

Statement of Profit & Loss
For the period ended 30 Ashwin 2080

Particulars	"Current Quarter Ashwin end 2080 Unaudited"	"Current Quarter Ashadh end 2080 Unaudited"	Corresponding Previous Year Quarter Ending (Ashwin End 2079)
Sale of Electricity	264,326,827	133,517,850	260,191,599
Less: Cost of Sales	5,886,591	5,833,861	5,955,832
Operating Income	258,440,236	127,683,989	254,235,767
Other Income		60,000	-
Total	258,440,236	127,743,989	254,235,767
EXPENSES			
Administrative & General Expenses	17,924,100	11,018,511	36,421,798
Interest Expenses	139,003,134	124,692,742	124,378,353
Depreciation charges	48,677,920	49,124,828	50,445,750
Total	**205,605,154**	**184,836,081**	**211,245,901**
Net Operating Profit/ (Loss) of the period	52,835,082	(57,092,092)	42,989,866
Up To Previous period Profit/(loss)	(193,676,260)	(136,584,167)	(45,120,966)
Profit/(Loss) carried forward to Balance Sheet	(140,841,178)	(193,676,260)	(2,131,100)

First Quarter Disclosure 2080-81 as per Securities Registration and Issuance Regulation, 2073 (Rule 26 (1), Annexure - 14)

1. Financials

The unaudited interim financial statements including Statement of Financial Position and Statement of Profit or Loss and other comprehensive Income for the first quarter of the financial year 2080-81 has been prepared by the management and reviewed and authorized to be published by Board of Director of the Company.
The company has started its commercial production from 17th Shrawan 2078.

Key Financial Ratios

Period	Earnings Per Share (Quarterly)	Net Worth Per Share	Current Ratio	P/E Ratio	ROE	ROA
This Quarter End	3.64	90.29	6,703.40	58.54	-10.76%	-2.37%
Previous Quarter End	(3.94)	86.64	5,354.29	(71.11)	-15.42%	-3.26%
Corresponding Previous Quarter End	2.96	99.85	5,598.22	75.55	-0.15%	-0.03%

2. Management Analysis

No Incident or situation has been seen to adversely affect the financial condition of the company.

3. Legal proceedings

Case filed by or filed against the company during the Quarter, if any: None
Case filed by or filed against the company or its promoter or director for violation of prevailing law or corn mission of criminal offence, if any: None
Case relating to commission of financial crime against any director or promoter: None

4. Analysis of Share Transactions

Shares of SHEL are actively traded in NEPSE till the end of Ashwin 2080. Share prices are being determined by the open shares market in NEPSE
The major highlights of share transactions during the quarter are as follows:

Particulars	This Quarter	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
Maximum Price	295.8	334.0	341.0
Minimum Price	201.3	263.0	210.0
Closing Price	213.3	280.0	224.0
Total Turnover	45,856,117.3	83,571,295.6	121,823,205.5
No. of Transactions Day	61.0	56.0	54.0
Total Traded Volume	186,165.0	281,943.0	424,252.0

5. Challenges

● Internal
Regular Post Operation maintenance due to geographical location
Managing Operational Efficiency

● External
The Company faces the similar challenges and problems as faced by other organizations in the industry. The board of directors from time to time analyses such problems and challenges and formulate the strategy to mitigate such problems and challenges

6. Corporate Governance

The Company has regular Board meetings. The management team meet regularly for the smooth running of the Company. An audit committee and a risk management committee will be formed in the coming days In compliance with Companies Act, 2063 and Corporate Governance Guidelines, 2074 issued by Securities Exchange Board of Nepal

7. Declaration from Chairman

I take the responsibility for the accuracy of financial and other information detailed in this report for the period up to First quarter of FY 2080/81 and hereby declare that financial and other information detailed In this report are true, based on records and facts, and are complete to the best of my knowledge and that information necessary for taking informed decision by the investors are not concealed.

संसद् भवन निर्माण : चार वर्षमा ७५ प्रतिशत मात्रै काम

दुई महिनाभित्र सम्पन्न गर्न सभामुखको निर्देशन

काठमाडौं/ संघीय संसद् भवनको निर्माण सुरु भएको चार वर्षमा ७५ प्रतिशत मात्रै काम सकिएको छ। १ असोज ०७६ मा शिलान्यास भई अगाडि बढेको भवन निर्माण कार्य तीन वर्षभित्र सक्ने लक्ष्य राखिएको थियो। ठेकेदार कम्पनी टुडी सेप जेभीले चार वर्षमा पनि काम नसकेको हो।

पाँच अर्ब ६८ करोड ३९ लाखमा ठेक्का लिएको कम्पनीले चार वर्ष बितिसक्दा पनि राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको संसद् भवनको निर्माण कार्य ७५ प्रतिशत मात्रै सम्पन्न गरेको छ। अझै कम्तीमा एक वर्ष लाग्ने इन्जिनियरहरूको अनुमान छ। १५ असोज ०७९ भित्रै निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको आयोजनाको काम कोभिड महामारीले प्रभावित भएको भन्दै सरकारले ६-६ महिनाको हिसाबले आगामी चैतसम्मका लागि तीनपटक म्याद थपेको छ। थपिएकोमध्ये अब पाँच महिनाभित्र कम्पनीले काम सकाउनुपर्नेछ।

संसद् भवन निर्माण कार्यको प्रत्यक्ष निगरानी गरिरहेको विशेष भवन निर्माण आयोजना समन्वय कार्यालयको तथ्यांकअनुसार निर्माण सुरु भएको चार वर्ष एक महिना अवधिमा ७५ प्रतिशत प्रगति हासिल गरिएको छ। मंगलबार सभामुख देवराज घिमिरे, उपसभामुख इन्दिरा राना र संसद् सचिवालयका पदाधिकारीसँगको छलफलमा आयोजना प्रमुख मचाकाजी महर्जनले संसद् भवन निर्माणको काममा ७५ प्रतिशत प्रगति हासिल गरिएको बताए। उनका अनुसार १२ वटा भवनहरूमध्ये सातवटा भवनको छानासम्मको काम सम्पन्न भइसकेको छ। बाँकी चारवटा भवनमा ट्रस्ट निर्माणलगायत छानाको काम भइरहेको छ।

प्रतिनिधिसभाको लेखा समितिमा भएको छलफलमा सभामुख घिमिरेले दुई महिनाभित्र भवन निर्माण सम्पन्न गर्न निर्देशन दिए। आगामी हिउँदे अधिवेशनमा नयाँ भवनमा चलाउन चाहेको उल्लेख गर्दै घिमिरेले कम्तीमा संसद्को मुख्य दुइटा भवन दुई महिनाभित्र सक्न सम्बन्धित सरोकारवालाको ध्यानाकर्षण गराए।

सहरी विकासमन्त्री सीता गुरुङले नयाँ भवनमा हिउँदे अधिवेशन सञ्चालन गर्ने उद्देश्यसहित निर्माणको काम अघि बढेको जानकारी गराइन्। 'पछिल्लो समय कामलाई द्रुतगतिमा अगाडि बढाएका छौं। हिउँदे अधिवेशन चलाउने हाम्रो पनि चाहना हो। तर, पनि सोचेअनुसार प्रगति हुन सकेको छैन। हामी कम समयमा अधिकतम परिणामको प्रयासमा छौं,' उनले भनिन्। मन्त्री गुरुङले बजेटको सीमिततालाई ख्याल गर्दै भवनमा आधुनिक विश्वको प्रतिनिधित्व हुने गरी नयाँ प्रविधिलाई प्राथमिकता दिइने स्पष्ट पारिन्।

इँटाभट्टामा जिउँदै मान्छे जलाउने आलमको फैसला हुँदै

छुट्ने हल्ला गाउँभर फैलाए, पटाका पड्काएर आलमका समर्थकले खुसियाली मनाउँदै



> आलम अहिले पुर्पक्षका लागि नक्खु कारागारमा छन्। तर, उनको आतंक अझै जारी छ।

टेकराज थामी/नयाँ पत्रिका

इँटाभट्टामा जिउँदै जलाएर व्यक्ति हत्या गरेको अभियोगमा पुर्पक्षका लागि जेल रहेका मोहम्मद आफ्ताब आलमसँग सम्बन्धित मुद्दाको अन्तिम फैसला बिहीबारसम्ममा हुने भएको छ। बुधबारसम्म बहस सकेर फैसला हुने जिल्ला अदालत रौतहटको तयारी छ।

जिल्ला अदालत रौतहटका अनुसार आलमविरुद्धको मुद्दामा सरकारी वकिल पक्षको बहस मंगलबार सकिएको छ। आलम पक्षका वकिलको बहस पनि मंगलबार नै सकिएको छ। बाँकी केही वकिलको बहस बुधबार सकिने र त्यसलगत्तै मुद्दाको फैसला हुने जिल्ला अदालत रौतहटका स्रेस्तेदार उद्धव ढोडारीले बताए।

'आलमविरुद्धको मुद्दाको मिसिल खोलिएको छ। मुद्दामा सरकारी वकिल पक्षको बहस सकिएको छ। प्रतिवादीको पक्षबाट पनि बहस भएका छन्। केही अधिवक्ताको बहस बाँकी छन्। सम्भवतः बुधबार उनीहरूको बहस सकिनेछ,' उनले भने, 'त्यसलगत्तै मुद्दाको फैसला होला, बिहीबारसम्ममा फैसला भइसक्ला।'



■ **उद्धव ढोडारी**, स्रेस्तेदार
जिल्ला अदालत रौतहट

आलमविरुद्धको मुद्दाको मिसिल खोलिएको छ। मुद्दामा सरकारी वकिल पक्षको बहस सकिएको छ। प्रतिवादीको पक्षबाट पनि बहस भएका छन्। केही अधिवक्ताको बहस बाँकी छन्। सम्भवतः बुधबार उनीहरूको बहस सकिनेछ। त्यसलगत्तै मुद्दाको फैसला होला, बिहीबारसम्ममा फैसला भइसक्ला।'

सरकारी वकिल कार्यालय रौतहटका जिल्ला न्यायाधिवक्ता बद्रीकुमार कार्कीले मुद्दाको पक्षबाट बहसको नेतृत्व गरेका थिए। मुद्दामा स्वतन्त्र अधिवक्ता पुष्प पौडेलले पनि बहस गरिरहेका छन्। मुद्दामा उनले बुधबार बहस गर्नेछन्। जिल्ला न्यायाधीश बाबुकाजी बानियाँको इजलासमा मुद्दाको बहस भइरहेको छ। आचरणमा कैफियत देखिएपछि न्यायाधीश बानियाँ यसअघि न्यायपरिषद्बाट तीन वर्ष निलम्बनमा परेका थिए। जिल्ला अदालत काठमाडौंमा छँदा घुस लिएको घटनामा उनी मुछिएका थिए। न्यायपरिषद्ले निलम्बन फुकुवा गरेपछि उनी न्यायाधीशमा पुनर्वहाली भएका थिए।

न्यायाधीशसँग सेटिङ मिलाएको र जेलमुक्त हुने भन्दै समर्थकले आलमको रौतहट राजपुर नपा- ४ फरहदवास्थित गाउँमा फटका पड्काएर खुसियाली मनाइरहेको मृतक पिन्टु भनिने त्रिलोकप्रताप सिंहका बुबा नारायणसिंह राजपुतले बताए। 'प्रतिवादी आलम अदालतको फैसलापछि छुट्ने हल्ला उनका समर्थकले गाउँमा फिँजाएका छन्। मलाई पटक-पटक फोन गरेर यो विषय जानकारी गराएका छन्,' उनले नयाँ पत्रिकासँग भने, 'न्यायाधीशसँग सेटिङ मिलाएको हल्ला उनीहरूले गाउँभरि फिँजाएका छन्। उनी छुट्ने भन्दै गाउँमा उनका समर्थकले पटका पड्काउन थालेका छन्।'

रौतहट- २ संविधानसभा निर्वाचन २८ चैत ०६४ का उम्मेदवार थिए मोहम्मद आफ्ताब आलम। चुनाव जसरी पनि जित्नु थियो। त्यसका लागि बुथ कब्जा एक मात्र विकल्प थियो। त्यसैका लागि उनले बम बनाउने कालिगढ भारतस्थित बिहारबाटै ल्याएका थिए। बम बनाउने ठाउँ आफ्ना काका इद्रिसको गाईगोठ रोजिएको थियो।

स्थानीय युवा पिन्टु भनिने त्रिलोकप्रताप सिंह र मोहम्मद ओसी अख्तर पनि बम बनाउन सहभागी भए। जोरजाम गरिएका स्थानीय र बिहारबाट ल्याइएका युवाको सहयोगमा २७ चैत ०६४ को साँझ गोठमा बम बन्दै थियो। त्यही वेला अचानक बम विस्फोट हुन पुग्यो। केही युवा घटनास्थलमै ढले। घाइतेहरू ज्यान बचाउन भाग्न थाले। घटना बाहिरिने डरले आलमका सहयोगीले घाइते खोजी-खोजी समाते। अचेत हुने इन्जेक्सन दिए।

बोरामा प्याक गरे। एक-एक गर्दै सबैलाई ट्र्याक्टरमा लोड गरे। सशस्त्र प्रहरीको स्कर्टिङ गाडीसँगै ट्र्याक्टरलाई आफ्ताबका भाइ महताबले सञ्चालन गरेको इँटाभट्टा लगियो। बोरामा प्याक घाइतेलाई तातो भट्टीमा हालियो। घाइतेमध्ये केहीका शरीर भट्टीमा छिरेन। उनीहरूलाई बन्चरोले गिँडियो। टुक्रा गरी पुनः भट्टीमा हालियो। सबैलाई खरानी पारी प्रमाण नस्ट गरियो।

बम विस्फोटको १२ वर्षपछि रौतहट प्रहरीले घटनालाई नयाँ ढंगले अनुसन्धान गऱ्यो। २६ असोज ०७६ मा आलम पक्राउ परे। जिल्ला अदालत रौतहटको आदेशपछि आलम अहिले पुर्पक्षका लागि नख्खु कारागारमा छन्। उनका भाइ महताब आलम पनि अहिले पुर्पक्षका लागि रौतहट कारागारमा छन्। तर, उनको आतंक अझै जारी छ। उनीविरुद्ध घटनामा ज्यान गुमाउनेमध्येका पिन्टु भनिने त्रिलोकप्रतापका बुबा श्रीनारायणको कानुनी लडाइँ अझै पनि जारी छ। अर्का मृतक ओसी अख्तरकी श्रीमती अमना खातुनले भने आलमविरुद्धको बयान फेरेकी छिन्।

अदालतको झ्याल फोडेर पेस्तोल र गोली चोरी

धनगढी/ कैलाली जिल्ला अदालतबाट एक थान कटुवा पेस्तोल, चार थान गोली र पाँचवटा मोबाइल सेट चोरी भएको छ। अदालतको अभिलेख शाखाको झ्यालको ग्रिल फोडेर मुद्दाको मिसिलको साथमा रहेका सामान आइतबार राति चोरी भएको हो। राति साढे १० देखि ११ बजेको बीचमा चोरी भएको सिसिटिभी फुटेजमा देखिएको जिल्ला अदालतले जनाएको छ। हातहतियार तथा खरखजानासम्बन्धी मुद्दाको दसीका रूपमा ल्याइएका पेस्तोल, त्यसमा लाग्ने गोली र मोबाइल चोरी भएको कैलाली जिल्ला अदालतका श्रेस्तेदार मानबहादुर विष्टले बताए। 'झ्यालको ग्रिल तोडेर मुद्दाको दसीका रूपमा आएका सामान चोरी भएका हुन्,' उनले भने, 'यसबारे छानबिन गर्न प्रहरीलाई भनेका छौं।'

सुन तस्करीमा संलग्न थप एक समातिए

काठमाडौं/ दोलखामा बरामद भएको साढे ११ किलो सुन तस्करीको घटनामा संलग्न थप एक पक्राउ परेका छन्। प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो(सिआइबी)ले महिमा माझीलाई पक्राउ गरेको हो। उनलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय दोलखा बुझाइएको सिआइबीकी एआइजी किरण बज्राचार्यले बताइन्।

माझीले सुन तस्करीको रकम क्रिप्टोमार्फत विदेशमा भुक्तानी गर्दै आएको अनुसन्धानमा खुलेको छ। उनीसँगै यो मुद्दाका पक्राउ पर्नेको संख्या १५ पुगेको छ। १५ मध्ये राज तामाङ नाबालाक भएकाले उनलाई तारेखमा छाडिएको जिप्रका दोलखाका डिएसपी दीपक खड्काले बताए। डेढ महिनाअघि दोलखाको उत्तरी नाका फलेकबाट तस्करी भई आएको ११ किलो ४५ तोला सुन प्रहरीले बरामद गरेको थियो। फलेक नाकाबाट सुन तस्करी गर्ने गिरोहका मुख्य नाइके चिनियाँ नागरिक ६६ वर्षीय टासी दावा भनिने आगर लामा र गेङ राउ भएको प्रहरीको भनाइ छ।

दाइजो माग्दै यातना दिएको आरोपमा इन्जिनियर पक्राउ

काठमाडौं/ विवाहमा दाइजो लिएको र थप दाइजो माग्दै श्रीमतीलाई यातना दिएको आरोपमा ललितपुरमा एक युवक पक्राउ परेका छन्। पेसाले इन्जिनियर रहेका ३१ वर्षीय सुमितकुमार गुप्तालाई जिल्ला प्रहरी परिसर ललितपुरले पक्राउ गरेको हो। धनुषाको जनकपुरधाम उपमहानगरपालिका- ४ घर भई ललितपुर महानगरपालिका- २ सानेपा बस्ने गुप्ताले २१ मंसिर ०७९ मा बाराकी पुनमकुमारी गुप्तासँग विवाह गरेका थिए। विवाहको समयमै उनले २१ लाख रुपैयाँ दाइजो लिएका थिए। पछि पटक-पटक गरी नौ लाखबराबरका सामान लिएका थिए। त्यसपछि पनि थप दाइजो माग्दै उनले श्रीमतीलाई शारीरिक तथा मानसिक यातना दिँदै आएको उजुरीका आधारमा सुमितलाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर, ललितपुरका एसपी नवराज कार्कीले बताए। सुमितकी आमा सुशीलादेवी गुप्ता फरार छिन्।

नबिल बैंक लिमिटेड, अर्नामा शाखा, सिराहा तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०७/२२)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुलउपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम मात्र असुलउपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य मन्त्रालय वाणिज्य विभाग मिति २०७५/०४/२२ मा प्रा.फ.र.नं. ८२६२/२०७५/०७६ अन्तर्गत दर्ता भएको **श्री कृष्ण जनरल स्टोर**।
ठेगानाः सिराहा जिल्ला, अर्नामा गा.पा. वडा नं. ३ सिरहा।

ऋणी फर्मका प्रोप्राइटर :
नन्दी ठाकुरको नाति, राज देव ठाकुर बरहीको छोरा, सिराहा जिल्ला, महेशपुर गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल सिराहा जिल्ला, अर्नामा गा.पा. वडा नं. १ नागरिकता नं. १५१०३१/१२६, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: सिराहा, मितिः वि.सं. २०६३/११/२३ भएको **श्री दिनेश ठाकुर**।

व्यक्तिगत जमानतकर्ताको विवरण

मुनिलाल ठाकुरकी छोरी, राज देव ठाकुर बरहीकी बुहारी, दिनेश ठाकुरकी श्रीमती, सिरहा जिल्ला, महेशपुर गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल सिरहा जिल्ला, अर्नामा गा.पा. वडा नं. १ बस्ने, नागरिकता नं. १५१०३१/३५८ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: सिरहा, मितिः वि.सं. २०६३/११/२५ भएकी **श्रीमती शुभरानी देवी ठाकुर**।

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण :
सिराहा जिल्ला, महेशपुर गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल सिराहा जिल्ला, अर्नामा गा.पा. वडा नं. १ बस्ने, **श्रीमती मति शुभरानी देवी ठाकुर**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिराहा जिल्ला, महनौर गा.वि.स. वडा नं. ६ सिट नं. ६ मा अवस्थित कि.नं. ३३५९ क्षेत्रफल ११०.०६ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

Tikapur Muncipality
Office of The Municipal Executive
Tikapur, Kailali
Sudurpaschim Province,Nepal

Invitation for Bid

First Date of Publication:- 2080/07/22 B.S. (8th Nov. 2023 A.D)

1. **Tikapur Muncipality, Office of The Municipal Executive, Tikapur , Kailali** invites Open Competitive Electronic Bidding from the eligible bidders for the procurement of works given in table below under National Competitive Bidding Procedures.

S. N.	Contract Identification Number	Name of the Project and Location	Estimated Amount (Without VAT & PS) NRs.	Bid Security Amount NRs.	Bid Document Fee NRs.
1.0	TMO/NCB/08/ ROAD/2080/081	**CONSTRUCTIONS OF BITUMINEOUS ROAD**,(Way From Manikapur to Basanta Road) Tikapur Municipality Ward No.5,Manikapur ,Kailali.	NRs. 67,93,103.45	NRs. 2,20,000.00	NRs.3000
2.0	TMO/NCB/09/ ROAD/2080/081	**CONSTRUCTIONS OF BITUMINEOUS ROAD** ,(Way From Beluwa Chauraha near Bishram Chaudhary's House remenning Road and Divyapur to Through Hulaki Road) ,Tikapur Municipality Ward No.7,Beluwa and Divyapur,Kailali.	NRs. 67,93,103.45	NRs.2,20,000.00	NRs.3000

2. Eligible Bidders may obtain further information at **Tikapur Muncipality, Office of The Municipal Executive, Tikapur ,Kailali** Or **Telephone No. :- +977 091-561118, or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp**
3. Interested bidders should submit only E-bid till **8th Dec. 2023** before 12:00 hrs. through **PPMO e-GP System www.bolpatra.gov.np/egp.** No any Hard copy will be entertained.
4. Information to deposit the cost of bid document in Bank (Mention Purpose of Deposit Stating Contract Identification NumberClearly) :-
   Name of Bank :- Nepal Bank Ltd., Tikapur Branch,Tikapur,Kailali.
   Name of Office : - Tikapur Muncipality, Office of The Municipal Executive, Tikapur , Kailali
   Office Account No.:- 10703000001001000001
   Revenue Heading No:- 14229
5. Information to deposit the **Bid Security Amount** in Bank :-
   Name of Bank :- Nepal Bank Ltd., Tikapur Branch,Branch.
   Name of Office : - Tikapur Muncipality, Office of The Municipal Executive,Tikapur , Kailali..
   Office Account No.:- 10703000003000000001
   Or Bank Guarantee Issued by Commercial Bank or Financial Institution in the Name of Tikapur Muncipality, Office of TheMunicipal Executive, Tikapur , Kailali (Mention Purpose of Deposit Stating Contract Identification Number clearly).
6. Bid Validity Period shall be 90 days from the date of Bid Opening and Bid Security Validity Period shall be 120 days fromthe date of Bid Opening.
7. Pre-bid meeting shall be held at Tikapur Muncipality, Office of The Municipal Executive, Tikapur , Kailali at 13: 00hrs. on 22th Nov. 2023.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bidsubmission.
9. Bid will be opened in the presence of Bidder's representatives who choose to attend at 14:00 hrs. on **8th Dec. 2023** at Tikapur Muncipality, Office of The Municipal Executive, Tikapur ,Kailali .
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason,whatsoever.
11. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing laws of Nepal.
12. Any amendments on this notice shall be posted on office information board and on office website:www.tikapurmun.gov.np

Chief Administrative Officer

एकीकृत समाजवादीका अध्यक्ष नेपाल चीन प्रस्थान

काठमाडौं/ एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल चीन प्रस्थान गरेका छन् । चिनियाँ कम्युनिस्ट पार्टीको निमन्त्रणामा अध्यक्ष नेपालसँगै उनकी पत्नी गायत्री, पार्टी उपाध्यक्ष एवं कृषि तथा पशुपक्षीमन्त्री बेदुराम भुसालसहित मंगलबार साँझ चीन प्रस्थान गरेका हुन् । नेपाल नेतृत्वको टोलीले युनानमा चिनियाँ कम्युनिस्ट पार्टी शीर्ष नेतृत्वसँग भेटघाट गर्नेछ । नेपाल नेतृत्वको टोली युनानमा आयोजित कृषि विकाससम्बन्धी बैठकमा पनि सहभागी हुनेछ । भ्रमण टोली युनानमा आयोजित सेयरिङ द एचिभमेन्ट अफ बेल्ट एन्ड रोड फोरमसम्बन्धी दक्षिण र दक्षिण एसियाली पार्टी प्रतिनिधिहरूको छलफल कार्यक्रममा सहभागी हुनेछ । त्यहाँ नेपालले सम्बोधन गर्नेछन् । भ्रमण टोली २८ कात्तिकमा स्वदेश फर्किनेछ ।

अध्यक्ष नेपाल चीन प्रस्थान गरेपछि कार्यवाहक अध्यक्षको जिम्मेवारी उपाध्यक्ष प्रमेश हमालले पाएका छन् । यसअघि मंगलबार नै अध्यक्ष नेपालले भूकम्पपीडितलाई सहयोगस्वरूप २५ लाख रुपैयाँको चेक प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेटेर हस्तान्तरण गरेका थिए ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	१) श्री ५ को सरकार हाल नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, बिराटनगरमा प्रा.फा.नं. १३३५१/०५६ अन्तर्गत मिति २०५६/०६/११ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको सिरहा जिल्ला, रामनगर मिर्चैया गा.वि.स. वडा नं. २ (हाल मिर्चैया न.पा. वडा नं. ५) स्थित **रामाशिष खरिद विक्रि केन्द्र** **प्रोप्राईटर तथा जमानीकर्ता: रामाशिष यादव** **धितोको विवरण** १) अच्छेलाल यादवको नाति, धनुषीको छोरा, सिरहा जिल्ला, इमरी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल: सिरहा जिल्ला, मिर्चैया न.पा वडा नं. ५ बस्ने रामाशिष यादवको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, लवटोली गा.वि.स. वडा नं. २/ग (हाल गणेशमान चारनाथ न.पा. वडा नं. ७) स्थित कित्ता नं. ५०३ को क्षेत्रफल ०-०-१०-० (बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) अच्छेलाल यादवको नाति, धनुषीको छोरा, सरहा जिल्ला, इमरी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल : सिरहा जिल्ला, मिर्चैया न.पा वडा नं. ५ बस्ने रामाशिष यादवको नाममा भूमिसुधार तथा मालपोत कार्यालय सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, रामनगर गा.वि.स. वडा नं. २ क (हाल मिर्चैया न.पा वडा नं. ५) स्थित कित्ता नं. ३८५ र ३८६ को क्षेत्रफल क्रमश: ०-०-३ र ०-०-१३(बिगाह) तथा सिरहा जिल्ला, फुलवरिया गा.वि.स. वडा नं. ७/क(हाल मिर्चैया न.पा वडा नं. ७) स्थित कित्ता नं. ७६० को क्षेत्रफल ०-१०-० (बिगाह) को घर/जग्गा सो /जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) रामाशिष खरिद विक्रि केन्द्रको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **ऋणीको विवरण** २) प्रदेश सरकार, प्रदेश २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा सा.फ.प्रा.फ.नं. ९७६५/०७५/७६ अन्तर्गत मिति २०७६/०३/८ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ साझेदारी ऐन २०२० बमोजिम दर्ता भएको सिरहा जिल्ला, रामनगर गा.वि.स. वडा नं. २ क (हाल मिर्चैया न.पा वडा नं. ५) स्थित **समुन्द्र ढुवानी सेवा** **प्रोप्राईटर तथा जमानीकर्ता: समुन्द्र देवी यादव** **धितोको विवरण** १) अच्छेलाल यादवको नाति, धनुषीको छोरा, सिरहा जिल्ला, इमरी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल : सिरहा जिल्ला, मिर्चैया न.पा वडा नं. ५ बस्ने रामाशिष यादवको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, लवटोली गा.वि.स. वडा नं. २/ग (हाल गणेशमान चारनाथ न.पा. वडा नं. ७) स्थित कित्ता नं. ५०३ को क्षेत्रफल ०-०-१०-० (बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) अच्छेलाल यादवको नाति, धनुषीको छोरा, सरहा जिल्ला, इमरी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल : सिरहा जिल्ला, मिर्चैया न.पा वडा नं. ५ बस्ने रामाशिष यादवको नाममा भूमिसुधार तथा मालपोत कार्यालय सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, रामनगर गा.वि.स. वडा नं. २ क (हाल मिर्चैया न.पा वडा नं. ५) स्थित कित्ता नं. ३८५ र ३८६ को क्षेत्रफल क्रमश: ०-०-३ र ०-०-१३(बिगाह) तथा सिरहा जिल्ला, फुलवरिया गा.वि.स. वडा नं. ७/क(हाल मिर्चैया न.पा वडा नं. ७) स्थित कित्ता नं. ७६० को क्षेत्रफल ०-१०-० (बिगाह) को घर/जग्गा सो /जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) सवारी मोडल: TATA MOTORS HCV TRIPPER 2070738200RBP72LPK2523_SRT12CUM च्यासिस नं.: MAT479148L3R12847	ईन्जिन नं. : 02L63845999	सवारी दर्ता नं. : प्र२-०१००१ ख ०१९३ ४) समुन्द्र ढुवानी सेवाको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण। **जमानीकर्ताहरुको विवरण** **३) समुन्द्र देवी यादव** स्थायी ठेगाना : सिरहा जिल्ला, इमरी गा.वि.स. वडा नं. ३ हालको ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा वडा नं. ५ बुवा : बिहारी यादव ससुरा : धनुषी पति: रामाशिष यादव **२) श्री नारायण यादव** स्थायी ठेगाना : सिरहा जिल्ला, इमरी गा.वि.स. वडा नं. ४ हालको ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा वडा नं. ५ बाबु : रामाशिष यादव बाजे : धनुषी **३) रामाशिष यादव** स्थायी ठेगाना : सिरहा जिल्ला, इमरी गा.वि.स. वडा नं. ६ हालको ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा वडा नं. ५ बाबु : धनुषी बाजे : अच्छेलाल यादव
२)	**ऋणीको विवरण** प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश मन्थली, रामेछापमा प्रा.फ.र.न. ८६७/०६०/०६१ अन्तर्गत मिति २०६०/११/११ मा प्रादेशिक व्यापार तथा व्यवसाय ऐन २०७६ बमोजिम दर्ता भएको रामेछाप जिल्ला, मन्थली न.पा. वडा नं. १ स्थित बालकन्या फर्निचर उद्योग **प्रोप्राईटर तथा जमानीकर्ता - खम्ब बहादुर श्रेष्ठ** स्थायी ठेगाना : रामेछाप जिल्ला, हिमगैया गा.वि.स. वडा नं. ३ हालको ठेगाना : रामेछाप जिल्ला, मन्थली न.पा. वडा नं. १ बाबु : खुज बहादुर नेवार बाजे : रण मान नेवार **जमानीकर्ताको विवरण** **रिना कुमारी श्रेष्ठ** स्थायी ठेगाना : रामेछाप जिल्ला, रामेछाप न.पा. वडा नं. ०४ हालको ठेगाना : रामेछाप जिल्ला, मन्थली न.पा. वडा नं. ०१ बाबु : सन मान श्रेष्ठ ससुरा : खुज बहादुर नेवार पति : खम्ब बहादुर श्रेष्ठ **धितोको विवरण** १) सन मान श्रेष्ठकी छोरी, खुज बहादुर नेवारकी बुहारी, खम्ब बहादुर श्रेष्ठकी पत्नी, रामेछाप जिल्ला, रामेछाप न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल रामेछाप जिल्ला, मन्थली न.पा. वडा नं. १ बस्ने रिना कुमारी श्रेष्ठको नाममा मालपोत कार्यालय रामेछापको लगतमा दर्ता कायम रहेको रामेछाप जिल्ला, भलुवाजोर गा.वि.स वडा नं. ४ क (हाल मन्थली न.पा. वडा नं. ०१) स्थित कित्ता नं. ३०१६ को क्षेत्रफल ०-७-०-० (रोपनी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) बालकन्या फर्निचर उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
३)	**ऋणीको विवरण** नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, लहान सिरहामा प्रा.फ.र नं. ७२४४/२०७४/७५ स्थानीय व्यापार अन्तर्गत २०७४/०९/०२ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको सिराहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. १, (हाल सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ७) स्थित **आरम ट्रेडर्स** **प्रोप्राईटर तथा जमानीकर्ता: निशेष कुमार श्रेष्ठ** **धितोको विवरण** १) विन्दुलाल श्रेष्ठकी छोरी, शिवलाल श्रेष्ठकी बुहारी, भोला प्रसाद श्रेष्ठकी पत्नी, सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ७ बस्ने सानो कुमारी श्रेष्ठको नाममा मालपोत कार्यालय, सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, चन्द्रअयोध्यापुर गा.वि.स. वडा नं. १ ख (हाल नरहा गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ३०७७ को क्षेत्रफल ०-३-१५-५ (बिगाहा) र सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. १ (हाल गोलबजार न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३६५३ को क्षेत्रफल ०-१-१९$^{१/२}$-०(बिगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) आरम ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **जमानीकर्ताहरुको विवरण** **१) भवानि कुमारी श्रेष्ठ** स्थायी ठेगाना : सिरहा जिल्ला, रामपुर विर्ता गा.वि.स. वडा नं. २ हालको ठेगाना : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ७ बाबु : बिनोद श्रेष्ठ ससुरा : भोला प्रसाद श्रेष्ठ पति : निलेश कुमार श्रेष्ठ **२) सानो कुमारी श्रेष्ठ** स्थायी ठेगाना : सिरहा जिल्ला, चन्द्रलालपुर गा.प. वडा नं. २ हालको ठेगाना : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ७ बाबु : विन्दुलाल श्रेष्ठ ससुरा : शिवलाल श्रेष्ठ पति : भोला प्रसाद श्रेष्ठ **३) निशेष कुमार श्रेष्ठ** स्थायी ठेगाना : सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. २ हालको ठेगाना : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ७ बाबु : भोला प्रसाद श्रेष्ठ बाजे : शिवलाल श्रेष्ठ **४) निलेश कुमार श्रेष्ठ** स्थायी ठेगाना : सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. २ हालको ठेगाना: सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ७ बाबु : भोला प्रसाद श्रेष्ठ बाजे : शिवलाल श्रेष्ठ
४)	**ऋणीको विवरण** **अजय कुमार साह** ठेगाना : मोरङ जिल्ला, बुधनगर गा.वि.स. वडा नं ०१ बाबु : निर्मल चन साह बाजे : मुलचन साह **जमानीकर्ताको विवरण** **पार्वती कुमारी साह** स्थायी ठेगाना : मोरङ जिल्ला, टकुवा गा.वि.स. वडा नं ०८ हालको ठेगाना : मोरङ जिल्ला, बुधनगर गा.वि.स. वडा नं ०१ बाबु : विस्वनाथ साह सुडी ससुरा : निर्मल चन साह पति : अजय कुमार साह **धितोको विवरण** मुलचन साहको नाति, निर्मल चन साहको छोरा, मोरङ जिल्ला बुधनगर गा.वि.स. वडा नं ०१ बस्ने अजय कुमार साहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय, विराटनगर, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, बुधनगर गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ११ र ८६८ को क्षेत्रफल क्रमश ००४८७.५० र ०.१६२५ (ब.मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताको विवरण
१)	**किशोर पाण्डे** स्थायी ठेगाना : चितवन जिल्ला, भण्डारा गा.वि.स. वडा नं. ५ हालको ठेगाना: चितवन जिल्ला, राप्ती न.पा. वडा नं. ६ बाबु : लक्ष्मीनाथ पाण्डे बाजे : मुक्तिनाथ पाण्डे	**शान्ती पाण्डे** स्थायी ठेगाना : चितवन जिल्ला, भण्डारा गा.वि.स. वडा नं. ५ हालको ठेगाना चितवन जिल्ला, राप्ती न.पा. वडा नं. ६ बाबु : राम प्रसाद सिलवाल ससुरा : लक्ष्मीनाथ पाण्डे पति : किशोर पाण्डे
	धितोको विवरण मुक्तिनाथ पाण्डेको नाति, लक्ष्मीनाथ पाण्डेको छोरा, चितवन जिल्ला, भण्डारा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, राप्ती न.पा. वडा नं. ६ बस्ने किशोर पाण्डेको नाममा मालपोत कार्यालय खैरहनी, चितवनको लगतमा दर्ता कायम रहेको चितवन जिल्ला, भण्डारा गा.वि.स. वडा नं. ५/क (हाल राप्ती न.पा. वडा नं. ६), स्थित कित्ता नं. १८० को क्षेत्रफल ०-३-४ (बिगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।	
२)	**संजय पटेल** स्थायी ठेगाना : रौतहट जिल्ला, पिपरिया दो. गा.वि.स. वडा नं. ४ हालको ठेगाना : रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ७ बाबु : असर्फि राउत कुर्मि बाजे : श्री राम राउत कुर्मि **धितोको विवरण** १) बासदेव राउत कुर्मिको नाति, श्री राम राउत कुर्मिको छोरा, रौतहट जिल्ला, पिपरिया गाउँ पञ्चायत वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ७ बस्ने असर्फि राउत कुर्मिको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, वगाही गा.वि.स वडा नं. २/क (हाल कटहरिया न.पा. वडा नं. ७) स्थित कित्ता नं. ६४१ र १५०१ को क्षेत्रफल क्रमश : ०-१-० र ०-०-१० (बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) लक्ष्मण राउत कुर्मिकी छोरी, श्री राम राउत कुर्मिकी बुहारी, असर्फि राउत कुर्मिको पत्नी, रौतहट जिल्ला, पिपरिया गाउँ पञ्चायत वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ७ बस्ने सुदामी कुमारी देवीको नाममा मालपोत कार्यालय गरुडा, रौतहट जिल्ला, वगाही गा.वि.स वडा नं. १/क (हाल कटहरिया न.पा. वडा नं. ७) स्थित कित्ता नं. ९४४ को क्षेत्रफल ०-१-५-८ (बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । **जमानीकर्ताहरुको विवरण** **१) असर्फि राउत कुर्मि** स्थायी ठेगाना : रौतहट जिल्ला, पिपरिया गाउँ पञ्चायत वडा नं. ४ हालको ठेगाना : रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ७ बाबु : श्री राम राउत कुर्मि बाजे : बासदेव राउत कुर्मि **२) सुदामी कुमारी देवी** स्थायी ठेगाना : रौतहट जिल्ला, पिपरिया गाउँ पञ्चायत वडा नं. ४ हालको ठेगाना : रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ७ बाबु : लक्ष्मण राउत कुर्मि ससुरा : श्री राम राउत कुर्मि पति : असर्फि राउत कुर्मि **३) बैजुलाल राउत कुर्मी** ठेगाना : रौतहट जिल्ला, पिपरिया दो. गा.वि.स. वडा नं. ४ बाबु : असर्फि राउत बाजे : श्री राम राउत कुर्मि	
३)	**ऋणीको विवरण** **लक्ष्मण विश्वकर्मा** स्थायी ठेगाना : चितवन जिल्ला, पटिहानी गा.वि.स. वडा नं. ४ हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १४ बाबु : भिम बहादुर विश्वकर्मा बाजे : मनविर विश्वकर्मा **धितोको विवरण** बल बहादुर विश्वकर्माकी छोरी, भिम बहादुर विश्वकर्माकी बुहारी, लक्ष्मण विश्वकर्माकी पत्नी, चितवन जिल्ला, पटिहानी गा.वि.स.वडा नं.४ स्थायी ठेगाना भइ हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १४ मा बस्ने अप्सरा विश्वकर्माको नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता कायम रहेको चितवन जिल्ला, पटिहानी गा.वि.स. वडा नं. २ ख (हाल भरतपुर म.न.पा. वडा नं. १४) स्थित कित्ता नं.७६९ को ०-६-०-० (बिगाह) क्षेत्रफलको जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । **जमानीकर्ताहरुको विवरण** **१) रमिला विश्वकर्मा** स्थायी ठेगाना : कास्की जिल्ला, लेखनाथ उ.म.न.पा. वडा नं. १३ हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १४ बाबु : सुर्य बहादुर विश्वकर्मा ससुरा : लक्ष्मण विश्वकर्मा पति : टिकाराम विश्वकर्मा **२) अप्सरा विश्वकर्मा** स्थायी ठेगाना : चितवन जिल्ला, पटिहानी गा.वि.स. वडा नं. ४ हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १४ बाबु : बल बहादुर विश्वकर्मा ससुरा : भिम बहादुर विश्वकर्मा पति : लक्ष्मण विश्वकर्माजिमानीकता **३) टिकाराम विश्वकर्मा** स्थायी ठेगाना : चितवन जिल्ला, पटिहानी गा.वि.स. वडा नं. ४ हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १४ बाबु : लक्ष्मण विश्वकर्मा बाजे : भिम बहादुर विश्वकर्मा
४)	**ऋणीको विवरण** नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, मलंगवा, सर्लाहीमा प्रा.फ.नं. :-४०१४/०७२/०७३ (स्थानिय व्यापार) अर्न्तगत मिति २०७२/१०/२९ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ९ स्थित **अनिता ट्रेडर्स** **प्रोप्राईटर तथा जमानीकर्ता: अनिता साह** **धितोको विवरण** १) राम चलितर साहको नाती, राम चन्द्र साह तेलीको छोरा, सर्लाही जिल्ला, हरिपूर्वा गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ९ बस्ने राम कैलाश साहको नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, भुतहा खजुरीया गा.वि.स. वडा नं. ७/ख (हाल हरिपूर्वा न.पा. वडा नं. ५) स्थित कित्ता नं. १०७० को क्षेत्रफल ०-०-१६$^{१/४}$ (बिगाहा) को जग्गा र सर्लाही जिल्ला, मलंगवा गा.वि.स. वडा नं. ९ (हाल मलंगवा न.पा. वडा नं. ९) स्थित कित्ता नं. १६५ को क्षेत्रफल ०,०२२४.१० (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) अनिता ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **जमानीकर्ताहरुको विवरण** **१) अनिता साह** स्थायी ठेगाना : सर्लाही जिल्ला, हरिपूर्वा गा.वि.स. वडा नं. ७ हालको ठेगाना : सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ९ बाबु : रामनरेश साह तेली ससुरा : राम चन्द्र साह तेली पति : राम कैलाश साह **२) राम कैलाश साह** स्थायी ठेगाना : सर्लाही जिल्ला, हरिपूर्वा गा.वि.स. वडा नं. ७ हालको ठेगाना : सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं. ९ बाबु : राम चन्द्र साह तेली बाजे : राम चलितर साह	
५)	**ऋणीको विवरण** **श्याम आले** स्थायी ठेगाना: नवलपरासी जिल्ला,मुकुन्दपुर गा.वि.स वडा नं. २, हालको ठेगाना : नवलपरासी जिल्ला, गैंडाकोट न.पा. वडा नं. १२ बाबु : नर बहादुर आले बाजे : किसन सिंह आले **धितोको विवरण** १) हर्क विर आलेको नाती, किसन सिङ आलेको छोरा, नवलपरासी जिल्ला मुकुन्दपुर गा.वि.स. २ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, गैंडाकोट न.पा. वडा नं. १२ मा बस्ने नर बहादुर आलेको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासीको लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला सिसवार गा.वि.स वडा नं ७ख (हाल: गैंडाकोट न.पा. वडा नं. १२) स्थित कित्ता नं. ३१५ को क्षेत्रफल १-०-८ (बिगाह) को जग्गाको र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगालगापात समेत । २) सवारी मोडल : TOYOTA MOTORS F800RE-GMGF च्यासिस नं. : MHKE8FA300K000948 इञ्जिन नं.: 2NRF734256 सवारी दर्ता नं. : बा २१ च ३००९ **जमानीकर्ताहरुको विवरण** **१) नर माया खाम्जा** स्थायी ठेगाना: नवलपरासी जिल्ला,अमारापुरी गा.वि.स वडा नं. ६, हालको ठेगाना : नवलपरासी जिल्ला गैंडाकोट न.पा. वडा नं.१२ बाबु : हर्क सिह खाम्जा ससुरा : नर बहादुर आले पति : श्याम आले **२) नर बहादुर आले** स्थायी ठेगाना: नवलपरासी जिल्ला,मुकुन्दपुर गा.वि.स वडा नं. २, हालको ठेगाना: नवलपरासी जिल्ला गैंडाकोट न.पा. वडा नं.१२ बाबु : किसन सिङ आले बाजे : हर्क विर आले	

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।



अरिजितको स्वरमा 'रुआँ रुआँ'

सलमान खानको बहुप्रतीक्षित फिल्म 'टाइगर ३'को नयाँ गीत सार्वजनिक भएको छ। 'रुआँ रुआँ' बोलको यस रोमान्टिक गीतमा अरिजित सिंहको स्वर छ। मनीष शर्माको निर्देशनमा बनेको 'टाइगर ३' १२ नोभेम्बरमा रिलिज हुँदै छ।



ठगको भूमिकामा कमल

अभिनेता कमल हसन ठगको भूमिकामा देखिने भएका छन्। चलचित्र 'ठग लाइफ'मा उनी मुख्य भूमिकामा देखिने भएका हुन्। फिल्ममा तृषा कृष्णन, दुलकर सलमान र जयम रवि पनि हुनेछन्। आगामी वर्ष रिलिज हुने यस फिल्मलाई मणि रत्नमले निर्देशन गर्नेछन्। मणि रत्नम र कमलले ३५ वर्षपछि एकसाथ काम गर्न लागेका हुन्।



यसरी सजाउनुस् कार्यस्थल

काम गर्ने कोठा आरामदायी हुनुपर्छ। त्यही कारण पछिल्लो समय धेरैले इन्टेरियर डिजाइनरसँग परामर्श गरेर कार्यस्थलको सजावट र व्यवस्थापन गर्छन्। व्यवस्थित डिजाइन गरिएको कार्यकक्षमा काम गरिरहँदा स्फूर्ति बढ्छ। फर्निचरको रङ, डेस्कको सजावट तथा आसपासमा रहेका सामग्रीले मानिसलाई आरामदायी महसुस गराउँछ र सिर्जनशिल बनाउँछ। तसर्थ, सिर्जना सुन्दर र सुविधाजनक कार्यस्थल उत्पादकत्व बढाउनका लागि पनि उत्तिकै महत्त्वपूर्ण छ।

- सकेसम्म काम गर्ने स्थान प्रकाश छिर्ने र आकर्षक हुनुपर्छ। सानो क्षेत्रफलमा पनि सुन्दर र आकर्षक कार्यस्थल बनाउन सकिन्छ। व्यवस्थित कार्यस्थलले सफलतालाई समेत प्रभावित पार्ने हुँदा कार्यालयमा सबै कुरा व्यवस्थित, सफा र आकर्षक हुनुपर्छ। कार्यस्थलमा आवश्यक पर्ने कलम, डायरी, टेलिफोनलगायत अन्य सामग्री चिटिक्क पारेर राख्नुपर्छ। कागजातको व्यवस्थित भण्डारण, पुस्तकालय र अध्ययन कक्षको व्यवस्थाले पनि काममा उत्साहित बनाउँछ।
- कार्यकक्ष, भित्तामा सकारात्मक ऊर्जा दिने खालका पेन्टिङ वा कलाकृति, इन्डोर प्लान्ट, हँसिलो फोटो, लामो समय बसेर काम गर्दा सजिलो हुने कुर्सी भएमा मन आनन्दित हुन्छ।
- कार्यस्थलमा इन्डोर प्लान्ट राख्दा झन् फाइदा हुन्छ। यसले स्वच्छ हावा र शीतलता मात्रै प्रदान गर्दैन, अफिस सजावटमा पनि सहयोग गर्छ। अफिस कोठाका लागि ह्यांगिङ प्लान्टहरू पनि राख्न सकिन्छ। कार्यालय परिसरमा विभिन्न फूल-बिरुवा रोपेर बगैंचा पनि बनाउन सकिन्छ।
- हामीले कार्यस्थलमा लामो समय व्यतीत गर्छौं। त्यही कारण यसलाई सजाएर चिटिक्क बनाउन जरुरी छ।। शान्त र आनन्ददायी वातावरणमा मात्रै हामी सही तरिकाले काम गर्न सक्छौं।

डाक्टरको सल्लाह

डार्क सर्कल हटाउन यस्तो खानपान



डा. ललन खतिवडा
छालारोग विशेषज्ञ
नेपाल स्किन हस्पिटल

आँखामा डार्क सर्कलले मानिसको सौन्दर्यमा ह्रास ल्याइदिन्छ। निद्राको कमी र अत्यधिक तनावका कारण यो समस्या देखिने गर्छ, सन्तुलित खानपानले यसको नियन्त्रणमा ठूलो भूमिका खेल्छ।

- भिटामिन 'ए'युक्त खानेकुरा जस्तै- फर्सी, पाकेको मेवा, गाँजर, आँप, हरियो सागपात आदि खानुपर्छ। जसले छालाको रिपेयरिङ र टाइटानिङमा मद्दत गर्छ।
- भिटामिन 'सी'ले दिमागमा सेराटोनिन नामक रसायन उत्पादन गर्दछ। जसले गर्दा राम्रोसँग निदाउन सकिन्छ। अनि, डार्क सर्कल बिस्तारै हट्दै जान्छ।
- अंगुर, ब्लुबेरी, बन्दाकोबी, केराउ आदि जस्ता भिटामिन 'के'युक्त खानेकुराको सेवनले डार्क सर्कल कम गर्छ।
- आँखावरिपरि काँचो आलुको टुक्राले मसाज गर्दा कालो घेरा कम हुँदै जान्छ।
- कागती र टमाटरको प्याक बनाएर लगाउँदा डार्क सर्कल हटेर जान्छ। जसलाई १० देखि १५ मिनेटसम्म लगाएर त्यसपछि धुन सकिन्छ।
- सुत्नुअघि मनतातो पानीमा बेकिङ सोडा लगाएर धुने गर्नाले पनि डार्क सर्कल क्रमशः हराएर जान्छ।
- भिटामिन 'ई' क्याप्सुल र बदामको तेल मिलाएर लगाएमा समेत डार्क सर्कलबाट राहत पाउन सकिन्छ।

पावर बैंक किन्दा...



कतिपय अवस्थामा चार्ज सकिएर समस्या हुन्छ र चार्ज गर्नका लागि सुविधा पनि उपलब्ध हुँदैन। यस्तोमा पावर बैंक निकै सहयोगी मानिन्छ। तर, पावर बैंक किन्दा केही कुरा ख्याल गर्न जरुरी छ :

पावर बैंकको क्षमता : तपाईंको फोनको ब्याट्री क्षमताभन्दा कम्तीमा साढे दुई गुणा ज्यादा क्षमताको पावर बैंक किन्नु राम्रो हुन्छ। जसकारण तपाईंको फोन झन्डै दुईपटक पूर्ण रूपमा र एकपटक ५० प्रतिशत चार्ज गर्न मिलोस्। उदाहरणका लागि यदि तपाईंको फोनको ब्याट्री ५ हजार एमएएचको छ भने तपाईंले १०,००० देखि १५,००० एमएएच क्षमताको पावर बैंक लिनु राम्रो हुन्छ।

चार्जिङ पोइन्ट : पावर बैंक किन्दाको समय चार्जिङ पोइन्टमा ध्यान दिनुपर्छ। बजारमा त्यस्ता धेरै पावर बैंक पाइन्छन्, जसले युएसबी केवलमार्फत मात्रै काम गर्छन्। यस्ता पावर बैंक किन्दा तपाईंलाई फोन चार्ज गर्नमा समस्या आउन सक्छ।

संख्या : तपाईंले किनेको पावर बैंकले एकपटकमा कतिवटा डिभाइस चार्ज गर्न सक्छ, यस विषयमा पनि ध्यान दिन जरुरी छ। कम्तीमा एकपटकमा दुईवटा फोन चार्ज गर्न सक्ने पावर बैंक किन्नुपर्छ।

भोल्टेज : पावर भोल्टेज निकै जरुरी छ। तपाईंले किनेको पावर बैंकको आउटपुट भोल्टेज फोनको बराबर भएन भने चार्ज हुन सक्दैन। त्यसैले आफ्नो फोनसमानको आउटपुट भोल्टेज भएको पावर बैंक लिनुपर्छ।

"आपसी सहयोग, सद्भाव र सामुहिक हितका लागि सहकारी"

हाम्रो बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Hamro Saving and Credit Co-operative Society Limited
लगनखेल, ललितपुर (Lagankhel, Lalitpur)
स्थापित : २०५५ (Estd. 2055) सम्पर्क नं.: ०१-५४४५२२९
E-mail : hamrosaccos.coop@gmail.com, hamronamunasaccos@gmail.com

धितो लिलाम सकार गरिएको जग्गा फिर्ता लिने सम्बन्धी सूचना

प्रस्तुत विषयमा यस संस्थाबाट ऋण लिई समयमा साँवा ब्याज चुक्ता नगरि संस्थाले कानूनी पक्रिया अवलम्बन गरि तपसिलमा उल्लेखित धितो लिलाम सकार गरेको जग्गा ऋणी स्वयं वा ऋणीका परिवारका सदस्यले संस्थामा तिर्न बुझाउनु पर्ने रकम बुझाइ फिर्ता लिन चाहेमा यो सुचना प्रकाशन भएको मितिबाट ३५ दिन भित्र फिर्ता लिनु हुन यसै सुचना मार्फत जानकारी गराइन्छ। उक्त मिति भित्र संस्थामा रकम नबुझाएमा प्रचलित कानुन तथा संस्थाको ऋण लगानी तथा असुली नीति २०७८ को दफा १२ (८) बमोजिम गैरवित्तीय सम्पती बिक्रि गरिने व्यहोरा समेत सुचित गरिन्छ।

तपसिल

क्र.सं.	जग्गाको विवरण	सार्विक ऋणीको विवरण	कैफियत
१.	ललितपुर जिल्ला चापागाँउ गा.वि.स. वडा नं.६च कित्ता नं.३७०,३७१,४२७ क्षेत्रफल ०-१-२-०, ०-२-२-०, ०-३-०-० रहेको घरजग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत।	नाम : गोपालप्रसाद दुलाल बाबु : भोगप्रसाद दुलाल बाजे : केदारनाथ दुलाल ना.प्र.न.:७८९९६ ललितपुर ठेगानाःगोदाबरीन.पा-१०,चापागाँउ,ललितपुर	सार्विक ऋणीको नामबाट संस्थाको नाममा लिलाम सकार गरिएको
२.	ललितपुर जिल्ला चापागाँउ वडा नं.५क कित्ता नं.८२८ क्षेत्रफल ०-७-१-० रहेको घरजग्गा तथा उक्त जग्गाले चर्चेको लिगलिगापात समेत।	नाम : पार्वती तिमल्सिना (दुलाल) बाबु/पतिःचेतनाथ तिमल्सिना /गणेशप्रसाद दुलाल ससुरा : केदारनाथ दुलाल ना.प्र.न.: ९९६७१,ललितपुर ठेगाना : गोदाबरी न.पा-१०,चापागाँउ,ललितपुर	

RAJAPUR MUNICIPALITY
OFFICE OF THE MUNICIPAL EXECUTIVE
RAJAPUR, BARDIYA
Lumbini Province, Nepal

Invitation for Bids

Invitation for Sealed Quotation for the Procurement of Following Project

First Date of Bid Publication: 2080/07/22

1. Rajapur Municipality Office of Municipal Executive, Bardiya invites Sealed Quotation (SQ) from registered contractors for the construction of the following works.
2. For the Submission of Bid Security and bid document cost in the form of cash, the cash should be deposited in the following Account No.
   Bank Name : **Nepal Bank Limited Rajapur Branch Bardiya**
   Account Holders name : **Rajapur Municipality, Bardiya**
   Account No **: 02803000003000000001 (Dharauti account) for the bid Security cost.**
   Account No **: 02803000001001000001 (revenue account) for the bid document cost**.
   Rajaswa Shirshak No : **14219**
3. Bidder must submit their bids electronically only.
4. The Employer reserves the right to accept or reject, wholly or partially any or all the bids without assigning any reason, whatsoever.

1. Table

S. N.	Contract ID.	Contract name	Bid Document Cost (NRs.)	Bid Security Amount (NR)	Last Date of Bid Submission/ Opening	Bid Security Validity Date
1.	05/RM/ SQ/G/ 2080/081	Supply and Procurement of Veterinary medicines and Equipments	1000.00	31000.00	Bid Submission Date: **2080/07/22 12:00 Noon** Bid Opening Date: **2080/08/07**, 13:00 pm	75 days from the last date of bid submission.

Note: For further information please visit PPMO website www.bolpatra.gov.np/egp. or www.rajapurmun.gov.np

Chief Administrative Officer

प्रभु बैंक लिमिटेड शाखा कार्यालय भैरहवा, रुपन्देहीका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना

(सुचना प्रकाशित मिति २०८०/०७/२२ गते बुधबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंक (सावित सेक्चुरी कमर्सियल बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८०/०३/२१ गते विहिबारको नयां पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनीक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ती लिलाम बिक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय भैरहवा रुपन्देही**मा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८०/०८/०७ गते विहिबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय भैरहवा रुपन्देही**मा दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता पछ्याँट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताहरुको तिनपुस्ते विवरण :

१. ऋणी : दुर्गेश कुमार गुप्त (ना.प्र.नं. २/३१०९०,जारी मिति २०६२/१२/११ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही)।ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं.१२। बाबु : सुशील कुमार गुप्त। बाजे : काशी बनिया।	**ऋणी : राम प्रसाद पन्थी** (ना.प्र.नः ६९४,जारी मिति २०५०/०४/२५ जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही)। ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं.०८। बाबु : लिला राम पन्थी । बाजे : इन्द्रमणी पन्थी।
जमानतकर्ता : राधा पौडेल (पन्थी) (ना.प्र.नं. २९१२१ जारी मिति २०६१/१२/०४ जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही)। ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं.०८। बाबु : जगत प्रसाद पौडेल। पति/ससुरा : राम प्रसाद पन्थी/ लिला राम पन्थी।	**जमानतकर्ता : रिता कुमारी अग्रहरी** (ना.प्र.नं. १८७४८ जारी मिति २०५८/०२/१७ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही)। ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं.०६। बाबुः ओंकारनाथ अग्रहरी।पति/ससुरा : दुर्गेश कुमार गुप्त/सुशील कुमार गुप्त।
लिलाम बिक्री हुने धितोमा रहेको सम्पत्तिको विवरण : **रिता कुमारी अग्रहरी र राधा पौडेल (पन्थी)** को संयुक्त नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता श्रेष्ता कायाम रहेको रुपन्देही जिल्ला बसन्तपुर गा.वि.स.वडा नं. २ नक्सा सिट नं २क स्थित कि.नं. ७२९ क्षेत्रफल ०-७-७.५०-० (२,४९७.४७ व.मी.) को घरजग्गा र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १	
२. ऋणी : विशाल पाण्डेय (ना.प्र.नः ३७-०१-६९-०६१९८, जारी मिति २०६९/१२/१३ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही)। ठेगाना : रुपन्देही जिल्ला बसन्तपुर गा.वि.स. वडा नं. ०२, (हाल ओमसतिया गा.पा. वडा नं.०४)। बाबु : रमाकान्त पाण्डेय। बाजे : जोखु प्रसाद पाण्डेय।	**जमानतकर्ता : बिन्दु पाण्डेय** (ना.प्र.नः ३३०८ जारी मिति २०६०/०३/२० जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही)। ठेगाना : रुपन्देही जिल्ला बसन्तपुर गा.वि.स. वडा नं. ०२, (हाल ओमसतिया गा.पा. वडा नं.०४)। ससुराः जोखु प्रसाद पाण्डेय। पतिः रमाकान्त पाण्डेय।
जमानतकर्ता : रमाकान्त पाण्डेय (ना.प्र.नः १/१०९१ जारी मिति २०४४/१२/२१ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही)। ठेगाना : रुपन्देही जिल्ला ओमसतिया गा.पा. वडा नं.०४। बाबु : जोखु प्रसाद पाण्डेय। बाजे : लखपते पाण्डेय।	**लिलाम बिक्री हुने धितोमा रहेको सम्पत्तिको विवरण :** **रमाकान्त पाण्डेय**को नाममा मालपोत कार्यालय भैरहवा रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला बसन्तपुर गा.वि.स. वडा न.२ नक्सा सिट नं २क स्थित कि.नं. ७४८ क्षेत्रफल ०-३-६.५०-० (बिघा) को घरजग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.....१

पुनश्चः

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोल पत्रफारम बैंकको प्रधान **कार्यालय बबरमहल, काठमाण्डौ र शाखा कार्यालय** भैरहवा रुपन्देहीबाट प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिमलाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ र शाखा कार्यालय भैरहवा रुपन्देहीमा** सम्पर्क राख्न सकिनेछ।

prabhu bank
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-४७८८५००, फ्याक्स नं. ०१-४७८०५८८

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads

11 Kilo-Chhepetar-Bhaluswanra- Barpak Road Project, Gorkha

Invitation of Bid

Tender Notice Number: T6/080/81

(Date of Publication: - 2080/07/22) (2023/11/08)

1. The 11 Kilo – Chhepetar – Bhaluswara- Barpak Road Project,Gorkha invites bids from duly registered eligible national bidders for the following works under National Competitive Bidding procedures.

Contract ID	Description and Location of work	Estimate Amount (without VAT & Contingencies) NRs.	Bid Document Fee (NRs)	Bid Security Amount (NRs)	Bid Validity Period
11CRP33701169-4/080/81-29	Roadway excavation with Retaining Structure at Aanpipal Mukundanda Parajuli Gaun Harmi Sadak.	4270610.1	3000	106000	90 Days
11CRP33701169-4/080/81-30	Roadway excavation with retaining structure and rigid pavement at Satdobato Jogini Baghdanda Panthini Gaikhur Sadak.	NA	5000	1070000	90 days
11CRP33701169-4/080/81-31	Roadway Excavation with Retaining Structures and Rigid Pavements at Ramshahaghat Manakamana Jumlichautara Sadak, Gorkha	NA	5000	1070000	90 days
11CRP33701169-4/080/81-32	Roadway excavation with Retaining Structure at V.C.Thamanmarga Gorkha.	4273494.36	3000	106000	90 days
11CRP33701169-4/080/81-33	Roadway excavation with Retaining Structure,Rigid Pavement at Jyotichautaro Belbas Chapbhanjyang Aapipal Aspatal sadak.	8550186.35	3000	213000	90 days
11CRP33701169-4/080/81-34	Roadway Upgrading with Retaining structures, Rigid Pavement at Soti Manbu Kasigaun Kerauja Dovan Sadak, Gorkha	8535779.95	3000	213000	90 days

2. **Information to deposit the cost of bidding document and bid bond in bank:**

Bank Details for Bid Doc Fee		Bank Detail for Bid Security Fee			
Name of Bank	Rastriya Banijaya Bank, Gorkha	Dharauti Account No.:	3060100102030000	Last date of Submission	2080-08-25 (11thDec. 2023) Time: - 12:00 hrs.
Account Name	11 Kilo – Chhepetar – Bhaluswara- Barpak Road Project, Gorkha	Name of Bank	Rastriya Banijaya Bank,Gorkha	Opening	2080-08-25 (11thDec. 2023) Time: - 13:00 hrs.
Revenue Account No.:	1000100200010000	Office Code no.:	337013601	Pre-bid meeting	2080-08-14 (30th Nov. 2023) Time: - 11:00 hrs.
Office Code no.:	337013601			Office Code no.:	337013601
Revenue code no.:	14229				

3. Bidder Can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp.
4. Online bids must be valid for a period of 90 days for tenders counting from the day of bid opening and must be accompanied by bid security which shall be valid for a minimum of 30 days beyond the bid validity period.
5. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement Regulation 2064. Any amendments to the tender notice shall be published in the e-procurement section.
6. Bank Guarantee shall be in the format specified in the bid documents otherwise rejected.
7. 11 Kilo – Chhepetar – Bhaluswara- Barpak Road Project,Gorkha reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.

PROJECT MANAGER

राजनीतिक निरीहताका दुष्प्रभाव

राजनीतिक निरीहताले लोकतन्त्र, समावेशिता, समानता, सामाजिक न्याय, विधिको शासनजस्ता सुन्दर पक्षलाई वधशालामा पालो कुरेर बसेका जीवनभैँ बनाइदिएको छ



● वीणा झा

अग्रलेख

समाज जब बेथितिले गाँजिन्छ, सामाजिक न्याय र विधिको शासनको चरम अभाव हुन्छ अनि अराजकताले समाजलाई अत्यधिक आक्रान्त पार्छ, त्यस्तो सकसपूर्ण अवस्थाको निकासका लागि राजनीतिक नेतृत्वलाई मुख्य आशाको केन्द्रका रूपमा समाजले हेरेको हुन्छ। त्यहीकारण हो प्रायः अभाव, असुरक्षित र अस्तव्यस्त दैनिकी रहेको समाजमा अत्यधिक राजनीतिक दल जन्मिन्छन् र तिनको पछाडि आशा बोकी भिड जम्मा हुने गर्छ।

सिद्धान्ततः राजनीति भनेको बहुसंख्यक सर्वसाधारण नागरिकलाई केन्द्रित गरी गरिने सेवा हो। जसको मुख्य लक्ष्य समाजका पिँधमा रहेका बहुसंख्यकको जीवन सहज, सुरक्षित र सम्पन्न बनाउँदै देशलाई आत्मनिर्भरतातर्फ उकास्दै समृद्ध बनाउनु हो। यो एउटा सर्वस्वीकार्य स्थापित परिभाषा हो राजनीतिको। त्यसैले, राजनीतिलाई सबै नीतिभन्दा माथि राखिन्छ र समाजलाई सशक्तीकरण गर्न सक्ने अत्यधिक प्रभावशाली औजारका रूपमा लिइन्छ। तर, पछिल्लो समय नेपालमा घटित केही घटना, परिदृश्य अनि तिनलाई समाधान गर्न चालिएका प्रक्रियालाई गहिरिएर नियाल्दा नेपाली समाजका अधिकांश मनमस्तिष्कले राजनीतिको त्यो परिभाषा अनुभूत गरेको भेटिन्न। दलहरूले आफ्नै दलभित्र, अन्य दलसँग वा सर्वसाधारणसँग गरेका कार्यले समाजलाई उपलब्ध भएका अत्यधिक उदाहरण उल्लेखित परिभाषाविपरीत छन्। जात, धर्म, क्षेत्र र लिंगलाई राख्दै तिनका पीडामा खेल्दै भिडको ध्यानाकृष्ट गर्ने प्रवृत्ति राजनीतिमा बढेको छ जसले गर्दा बिस्तारै समाज आसक्तीकरणतर्फ बढ्दै छ। नेपाली समाजको बलियो संस्कृतिक 'फेब्रिक्स' बिस्तारै जीर्ण बन्दै छ। राजनीतिक दलहरूदेखि राज्यका विभिन्न अंगप्रतिको समाजको आस्था र विश्वास घट्दै छ। त्यसैले अचेल हरेक बेथिति र समस्या समाधानका लागि भिड जम्मा गर्ने प्रयास गरिएको देखिन्छ। किनकि, त्यति गर्दा मात्रै सम्बन्धित निकायको ध्यानाकृष्ट हुने यथेस्ट उदाहरणले गर्दा सामाजिक प्रवृत्ति त्यसतर्फ उन्मुख हुँदै छ।

दिनहुँ भेटिने सामाजिक सञ्जाललगायत विभिन्न सञ्चारमाध्यममार्फत देखिएका विविध घटना र त्यसमा जोडिने तिनका सन्दर्भ कुनै न कुनै रूपमा गिजोलिएको राजनीतिक संस्कारको परिणामका रूपमा रहेको अनुभूति समाजको छ। परिस्थिति यहाँसम्म पुग्यो कि अधिकांश राजनीतिक दलका फेददेखि टुप्पोसम्मको संरचना सिर्फ लोकरिझ्याइँका लागि व्याकुल भेटिन्छन्। सम्मानित सार्वजनिक पदमा बसेकाहरूले समेत आफूलाई दलीयकरणभन्दा माथि राख्न नसक्दा तिनका सामाजिक स्वीकृति घट्दो क्रममा छ।

यहाँसम्म कि विभिन्न सामुदायिक विद्यालयका बालबालिकालाई भावनात्मक रूपले शोषण गर्दै विद्यालयका विविध गतिविधिलाई आ-आफ्ना स्वार्थपूर्ति गर्न समर्थन वा विरोधका लागि उक्साउनु, शिक्षकका क्षमता अभिवृद्धि गर्दै गुणात्मक शिक्षण सीपका लागि समयसापेक्ष मापक निर्धारण गरी पेसागत सुरक्षा दिन नसक्नु, त्यसैगरी विभिन्न बालसुधार गृहमा देखिएको निरीह किशोरावस्थाका दृश्य होस् वा सडकमा उत्रेका शिक्षक र डाक्टरका अवस्था, यी सम्पूर्ण दुरावस्थालाई गरिएको व्याख्या विश्लेषण वा पृष्ठपोषण सबैमा राजनीतिक निरीहता भेटिन्छ। गलतलाई गलत भन्न नसक्ने स्थापित राजनीतिक संस्कार, राजनीतिकरणका नाममा गरिएको दलीयकरणले सिर्जित अराजकता अनि त्यसमाथि विचारविहीनतन्त्रले राजनीतिक निरीहता दिनानुदिन बढ्दो छ। दशकौँसम्म पार्टी अध्यक्ष बन्नुपर्ने बाध्यताको पछाडि नेतृत्वको अक्षमता झल्किन्छ, जसले नयाँ सक्षम नेतृत्व उत्पादन गर्न नसकेको प्रस्ट हुन्छ। यसले राजनीतिक निरीहतालाई थप उजागर गर्छ। यो अवस्था प्रायः लामो इतिहास बोकेका हरेक राजनीतिक दलमा देखिन्छ। जसको व्याख्या विश्लेषण र परिणामबारे पनि विभिन्न मञ्चमा खुब सुनिन्छ, तर समाधान गर्ने जमर्को कसैले गर्न सकेका देखिन्न, किनकि त्यहाँ राजनीतिक निरीहता जरो गाडेर बसेको हुन्छ।

आजका दिनमा राजनीतिक निरीहता यतिसम्म बढेको देखिन्छ कि गलतलाई रोक्न अगाडि बढ्नु त परको कुरा त्यसलाई गलतसम्म भन्ने आँट गर्न सकेको भेटिन्न। राजनीतिक नेतृत्व तहदेखि लिएर कार्यकर्ता तथा छद्म शुभचिन्तक सबै राजनीतिक निरीहताको सिकार बनेका छन्। राजनीतिक निरीहताले गर्दा दलभित्रसमेत लोकतान्त्रिक अभ्यास हुन सकेको छैन। समाजमा उत्पन्न कुनै पनि समस्याको समाधानमा इमानदार प्रयास गर्नुको सट्टा सो कार्यले व्यक्तिगत र दलगत फाइदाको मूल्यांकन गर्दै त्यसलाई समर्थन वा विरोध गर्ने प्रवृत्ति राजनीतिक निरीहताको अर्को उदाहरणका रूपमा लिन सकिन्छ। छ्यापछ्याप्ती पाइने यस्ता उदाहरणले समाजलाई निराशा र अविश्वास बाँड्दै जाँदा समाजको सशक्तीकरण हुन सकेन, बरु सामाजिक शक्तिको क्षयीकरण हुँदै गयो, जहाँ सामाजिक सम्बन्धका धरातल जीर्ण हुँदै छन्। राजनीतिमा सामाजिक घृणा यसरी मौलाउँदै छ कि त्यसले समाजलाई चिराचिरा पार्दै तहतहमा तोड्दै छ, जुन अत्यधिक चिन्ताको विषय हो। नेपाली समाजमा रहेको जे-जे विविधता सामाजिक सुन्दरताका रूपमा वर्णीत थियो, त्यो-त्यो पक्षलाई घृणा र द्वेषले कुरूप बनाउँदै जीर्णतातर्फ लग्दै छ। हुँदाहुँदा राजनीतिक निरीहताले लोकतन्त्र, समावेशिता, समानता, सामाजिक न्याय, विधिको शासनजस्ता सुन्दर पक्षलाई वधशालामा पालो कुरेर बसेका जीवनभैँ बनाइदिएको आभास हुँदै छ।



हिजो जसरी राजनीतिक दलले समाजलाई दिशानिर्देश गरे, आज धरातलमा त्यही सब देखिँदै छ र आजको दिनमा डर, त्रास, लोभ र आसक्तिले उत्पादित राजनीतिक निरीहता टुलुटुलु ती वितण्डा हेर्दै छ। जसरी तीव्रतासाथ लोकतन्त्र भिडतन्त्रमा परिणत हुँदै छ त्यो डरलाग्दो पक्ष हो। हिजो लाखौँ जनता सडकमा उताछु भन्दै एकले अर्कालाई शक्ति प्रदर्शन गर्दै गर्दा, एकले अर्कालाई होच्याउँदै, गिज्याउँदै राजनीतिक संस्कार गिजोल्दै गर्दा राजनीतिक निरीहतालाई स्थापित गर्न थप बल दियो। सो प्रवृत्तिले कुनै पनि राजनीतिक दललाई क्षणिक फाइदाबाहेक केही दिएन, तर भिडको क्षमता प्रदर्शन गर्ने माध्यमसामु राजनीतिक निरीहता छ्यालब्याल गरिदियो। व्यक्तिविशेषको अनुकूलताका आधारमा अफवाह जन्माउने, हुर्काउने, फैलाउने र सत्यलाई दबाउने कार्यले तीव्रता पायो। नागरिक स्वतन्त्रतालाई सामाजिक हितको लेन्सले हेर्ने परम्परालाई सिध्याइदियो। जुनसुकै समय, काल र परिस्थितिमा पनि सिर्फ आ-आफ्नो स्वार्थअनुरूपको भागबन्डाका लागि मात्रै मिल्ने राजनीतिक संस्कार र प्रवृत्तिले समाजमा सामूहिक अराजकतालाई थप प्रश्रय दियो।

बहुसंख्यक सर्वसाधारणका सन्तती पढ्ने विद्यालयले ती बालबालिकाका जीवनको जग बलियो नबनाइदिँदा, आशा र सम्भावना खोज्न सक्ने सीप विकास नगराइदिँदा तिनको राज्यसँगको गिर्दो भरोसालाई राजनीतिक निरीहताले कुनै आशा देखाउन सकेन। फलस्वरूप लाखौँ युवाले परिवार पाल्नकै लागि बिदेसिनुको विकल्प भेटेनन् र निरीह राजनीतिले रेमिटेन्सबाहेकको कुनै आर्थिक स्रोत नै भेटेन।

> गलतलाई गलत भन्न नसक्ने राजनीतिक संस्कार, राजनीतीकरणका नाममा गरिएको दलीयकरणले सिर्जित अराजकता अनि त्यसमाथि विचारविहीनतन्त्रले राजनीतिक निरीहता दिनानुदिन बढ्दो छ

कुनै पनि देश बन्न नभई नहुने दुइटा कुरा, गुणात्मक विद्यालय शिक्षा र आँटिलो राजनीतिक संस्कृति हो। हाम्रोमा यी दुवै पक्ष षड्यन्त्रको सिकार भयो। मस्तिष्कहरू कब्जा गर्दै उर्वर जमिनलाई बाँझो राख्ने जुक्ति बाँडियो, समाज भाँड्ने जुक्ति बाँडियो, सामाजिक अराजकताको आँधीबेहरी चल्ने वातावरण बनाइयो। यति हुँदाहुँदै पनि राजनीतिक निरीहताले देशको दुर्दशालाई चिर्न आँट गर्न सकेको देखिन्न। नेपाली मौलिकता मास्न ती मस्तिष्क परिचालित गरिए जो कागजका रूपमा नेपाली थिए, तर मन र मुटुमा विदेशी। तिनले त्यस्तै योजना बनाउँदै गए, समाजलाई क्षयीकरण गर्दै गए। नेपालका मौलिक शैलीलाई अनुपयुक्त भनी विस्थापित गरे। पठन संस्कृति विलुप्त गराउँदै नागरिकलाई उच्छृंखलतातर्फ डोर्‍याउँदै सोचहीन 'स्युडो' बनायो।

विद्यालयका पाठ्यक्रममा आफ्नो समाजसँगको अपनत्व र दायित्वलाई पन्छाउँदै जीवनलाई नभइनहुने मानवता, नैतिकता, सिर्जनशीलताजस्ता मौलिक पक्षलाई विस्थापित गर्दै सिर्फ विश्वबजारमा श्रमिक हुन चाहिने सीपतर्फ आकर्षित गरियो। शिक्षा ध्वस्त भएपछि उपनीवेशिको शिकार मस्तिष्कको संख्या ह्वात्तै बढ्यो, जसले गर्दा सांस्कृतिक औजार प्रयोग गर्दै समाजलाई छियाछिया पार्न 'स्युडो नलेज'का माध्यमले समाजलाई नै प्रयोग गर्ने वातावरण सिर्जित गरियो। आज जो विद्यार्थी नेपालमा यहीँका कलेजमा पढ्छन्, समाज बुझेका छन्, तिनलाई इन्टर्नसिप दिनुभन्दा जो विदेशमा पढ्छन् र बिदा मनाउन नेपाल आउँछन्, तिनलाई विभिन्न मन्त्रालयमा फेलोसिप/इन्टर्नसिप दिँदै नेपालका लागि आवश्यक पोलिसी बनाउने ठाउँमा समेत पहुँच दिइन्छ, तिनको समाजप्रतिको बुझाइ, विचार र सोचलाई समावेश गरिन्छ। यो पनि राजनीतिक निरीहताको अर्को उदाहरण हो।

कलेजमा पढाइबाहेकका सबै काम गर्ने विद्यार्थी नेतालाई राजनीतिक निरीहताले आफ्नो सहाराका रूपमा हुर्काउँछ र शिक्षक प्राध्यापक सबैलाई कुनै न कुनै राजनीतिक ओत लागेर बस्न अभिप्रेरित गर्छ। शिक्षा कमजोर पारेपछि स्वाभाविक रूपले राज्यको चिन्तन, संस्कृति सबै कमजोर बन्छ र यस्तो राजनीतिक वनझारले राज्यका अंग थिलथिलो पार्छ र राजनीतिक निरीहताले केही गर्न सक्दैन। समग्रमा बुझ्ने हो भने राजनीतिक निरीहताले कुनै किसिमको सिर्जनात्मकता र सम्भावनासहितका आधार निर्माण गर्न, विकृतिलाई तोड्ने आँट गर्न सक्दैन।

उसले सिर्फ भोटका लागि राजनीति गर्न, स्टन्ट गर्न र समाजलाई झुक्याउनबाहेक केही गर्न सक्दैन। समाज रूपान्तरणमा नेतृत्वदायी भूमिका खेल्न सक्दैन।

राजनीतिक निरीहतालाई सबलतामा परिणत नगर्ने हो भने यसले कसैको हित गर्न सक्दैन। त्यसैले, विकल्प एक मात्रै छ, सामूहिक प्रयास। जसरी लोभ, लाभ र विलापकेन्द्रित स्वार्थ पूर्ति गर्न भागबन्डाको वेला एकजुट भई सहमति हुन्छ, त्यसैगरी अब देशहितका लागि एकढिक्का हुनुपर्छ। सुरुवात, कृषि र विद्यालय शिक्षाबाट गराउन सकिन्छ। ठूला र भव्य कुराभन्दा विद्यालय शिक्षालाई सबल बनाई कृषकलाई निर्धक्क उत्पादन गर्ने वातावरण र स्रोतसाधन जुटाइदिने हो भने आधा समस्या आफैँ समाधान हुन्छ। बाँकी समस्या व्यवस्थापन गर्न सहज आधार बन्छ। आधारविहीन आशा बाँड्ने, जोडतोडले टेबल ठोक्दै विरोधका लागि विरोध गर्ने दलीयकरणको धुपौरे चरित्र छोड्नुपर्छ।

देशमा व्याप्त सम्पूर्ण बेथिति र अराजकता ठीक गर्न राजनीतिक निरीहता अन्त्य गरिनुपर्छ। हरेक राजनीतिक दलले आफूलाई देश सुधार्ने पात्रका रूपमा बुझ्नुपर्छ। चाहे सत्तामा बसेका हुन् वा प्रतिपक्षमा, तिनका दलभित्र वा साझेदारीमा रहेको राजनीतिक निरीहता अन्त्य गर्न जरुरी छ। शब्दले छक्याउने काम बन्द हुनुपर्छ। नेतृत्व सफलताका मापक समयसान्दर्भिक बनाइनुपर्छ। सहमतिलाई गल्तीको ढाकछोप गर्न, प्रमाण लुकाउन, अपराधी छुटाउन प्रयोग गर्नुको साटो समाजका लागि प्रयोग गर्नुपर्छ। जहाँ कृषक निर्धक भएर उत्पादनमा लागोस्, विद्यालयले गुणात्मक शिक्षा देओस्। किनकि, आजको दिनमा नागरिक सचेतनाको तह परिवर्तित हुँदैजाँदा राजनीतिक दलका कसले कति वर्ष जेल सजाय पाए वा तिनका कतिजनाले कतिसम्म अभावमय जीवन बिताएजस्ता विषयभन्दा पनि देशका लागि आजको सन्दर्भमा राजनीतिक निरीहताबाट कति जोगिए त्यो महत्त्वपूर्ण छ। किनकि, सामूहिक प्रयासले राजनीतिक निरीहता हटाउनुको विकल्प छैन, जसका लागि बेइमान प्रवृत्तिभन्दा माथि उठ्ने नेतृत्व क्षमतासहितको आँट चाहिन्छ।

(झा समाजशास्त्री हुन्)

---

३ प्रश्न

पूर्वडिआइजी
हेमन्त मल्ल ठकुरीलाई



प्रहरीहरू नै वेलाबखत अपराधमा संलग्न हुनुले के संकेत गर्छ ?

प्रहरी संगठनमा पनि समाजको 'रिफ्लेक्सन' हुन्छ। सामान्यतः हामीले राजनीतिक संरक्षण पाएपछि आफ्नो हैसियत बिर्सने गरेको देखिन्छ। हाम्रो प्रहरी संगठन देशका कुना-कुनासम्म फैलिएको छ। यसरी सबैतिर फैलिएका कर्मचारीमाथि निगरानी गर्ने कार्यबाट संगठन पनि चुकिरहेकाले यस्तो भएको हुन सक्छ। प्रहरीको आन्तरिक अध्ययनले तल्लो तहका ६० प्रतिशत सिपाही र हवल्दार ऋणमा डुबेको देखिएको छ। फिल्डमा खटिने यिनै हुन्। यिनको समस्याको निराकरणमा संगठनको नेतृत्व र सरकारको ध्यान जान सकेन भने पनि यस्ता अपराध कर्ममा उनीहरूको संलग्नता बढ्न सक्छ।

यस्ता कार्यले संगठनप्रतिको विश्वासमा कमी ल्याउने सम्भावना हुन्छ कि हुँदैन ?

किन नहुनु, पक्कै हुन्छ। निजामतीतर्फ कुनै एउटा कर्मचारीले गल्ती गरेमा त्यो उसको व्यक्तिगत गल्ती ठहरिन्छ। सिंगो संगठनमाथि प्रश्न उठ्दैन। तर, फौजी संगठनभित्र चाहिँ बर्दीका कारण एउटा कुनै कर्मचारीले गल्ती गरेमा सिंगो संगठनमाथि नै प्रश्न उठ्छ, संगठनप्रतिको विश्वास धूमिल हुन्छ। यस तथ्यलाई आत्मसात् गरेर संगठनले आन्तरिक अनुगमन, निगरानी र शुद्धीकरणमा ध्यान दिनुपर्छ।

प्रहरी कर्मचारीलाई अनुशासित बनाउन के गर्नुपर्ला ?

यसका लागि सबैभन्दा पहिले भर्ना प्रक्रियादेखि नै ध्यान दिनुपर्छ। आपराधिक मनोवृत्तिका मानिस पनि संगठनमा छिर्न सक्छन्। साथै, संगठनभित्रको बदमासीमा आफ्नो र अर्काको भनेर कसैलाई च्याप्ने र कसैलाई फ्याँक्ने कार्य कुनै हालतमा गरिनु हुँदैन। सांगठनिक सुधारका लागि आन्तरिक अध्ययनको निष्कर्षलाई गम्भीरतापूर्वक कार्यान्वयन गर्नुपर्छ।

प्रेरक प्रसंग

भन्दै नभनेको काम

एकजना धनी व्यापारीले पेन्टरलाई बोलाएर आफ्नो एउटा पुरानो डुंगामा रङरोगन गर्ने जिम्मेवारी सुम्पिए। पेन्टरले व्यापारीले भनेजस्तै रङ लगाइदिए। पेन्टरको काम देख्दा व्यापारी पनि खुसी भए। उनले पेन्टरले भनेजति पैसा दिएर बिदा गरे।

अर्को दिन ती व्यापारी पुनः तिनै पेन्टरलाई खोज्दै उनको घर पुगे। व्यापारीले पेन्टरलाई ठूलो धनराशी पुरस्कारस्वरूप दिए। छक्क पर्दै पेन्टरले प्रश्न गरे- मेरो कामका लागि त मैले हिजै ज्याला पाइसकेको छु। तपाईं कुन कामका लागि यति धेरै रकम दिँदै हुनुहुन्छ ?

व्यापारीले जवाफ दिए- यो हिजोको कामको ज्याला होइन। त्यो डुंगामा एउटा प्वाल थियो। त्यसको पनि मर्मत गरिदिएकोमा म तिमीलाई यो रकम दिँदै छु।

पेन्टरले भने- रङ लगाउँदै जाँदा मैले डुंगामा सानो प्वाल भेटेँ अनि, त्यसलाई टालिदिएँ। त्यति सानो कामका लागि यो रकम चाहिँदैन हजुर!

व्यापारीले पुनः भने- मित्र, तिमीलाई पूरै कुरा थाहा छैन। तिमीलाई पेन्ट गर्न दिँदा मैले डुंगामा प्वाल भएको बताउन बिर्सिएँ। काम सकिएपछि तिमीलाई बिदा गरेर म काममा निस्किएँ। रङ सुकेपछि मेरा दुवै छोराछोरी डुंगा लिएर समुद्रमा नौका-विहारका लागि निस्किएछन्। त्यतिखेर म घरमा थिइनँ। जब घर आइपुगेँ तब छोराछोरी नदेखेर उनीहरूबारे सोध्दा पत्नीले उनीहरू डुंगा लिएर समुद्रतिर गएको बताइन्। उनको जवाफ सुनेपछि मेरो मनमा पहिरो गयो। किनकि, डुंगामा प्वाल थियो। म आत्तिँदै समुद्रतिर गएँ। किनारमा पुग्दा त मेरा छोराछोरी दंग पर्दै डुंगाबाट फर्किँदै रहेछन्। किनारमा आइपुगेपछि हतार-हतार डुंगाको प्वाल हेरेँ। तर, त्यसलाई तिमीले पहिल्यै टालिसकेका रहेछौ। यो देख्दा मेरो खुसीको सीमै रहेन। त्यसैले, मेरा प्यारा मित्र, मैले भन्दै नभनेको काम गरेर तिमीले डुंगाको प्वाल मर्मत नगरिदिएको भए आज मैले छोराछोरीको अनुहार देख्न पाउने थिइनँ। त्यसैले, तिमी यो रकम स्वीकार गर। किनकि, छोराछोरीको जीवनको साटो यो रकम निकै तुच्छ हो। भन्दै नभनेको काम गरिदिएर तिमीले जीवनमा मौका पाउँदा कुनै पनि भलाइको काम गर्नबाट पछि हट्नु हुँदैन भन्ने पाठ पनि सिकाएका छौ। म यस मन्त्रलाई जीवनमा जहिल्यै मनन गरिरहनेछु।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

एमडिएमएसबारे प्रस्ट पारिदिनुपर्‍यो

हामी एमडिएमएस मोबाइल दर्तासम्बन्धी धेरै प्रस्ट छैनौँ। कुनै वेबसाइटमा यसबारे प्रस्ट जानकारी पनि छैन। एमडिएमएस दर्ता ककसले गर्नुपर्ने हो ? तपाईंको मोबाइल एमडिएमएसमा दर्ता छैन भनेर मेसेज आएकाले मात्र अनलाइन दर्ता गर्नुपर्ने हो कि विदेशबाट ल्याइएका मोबाइल बोक्नेजति सबैले ? मैले दुई वर्षअगाडि विदेशबाट मोबाइल ल्याएकी थिएँ। एमडिएमएसमा दर्ता भएको छ-छैन मेसेज पनि आएको छैन। मैले दर्ता गर्नुपर्ने हो कि नपर्ने हो, जिम्मेवार निकायले प्रस्ट बुझाउनुपर्‍यो। अलमलमा पर्नेखालका सूचना वा समाचार दिनुभएन। कति वर्षअगाडि विदेशबाट ल्याएको, कहिलेसम्म सञ्चालन भएकाले दर्ता गर्नुपर्ने या नपर्नेबारे हामीलाई प्रस्ट बुझाउनुपर्‍यो।

● **अञ्जना श्रेष्ठ**, नयाँ सडक, काठमाडौं

राहत वितरणलाई तीव्रता देऊ

जाजरकोट भूकम्पका पीडितहरू अझै पनि खुला आकाशमुनि चिसो रात काट्न विवश छन्। उनीहरूको टाउकोमाथिको छत ध्वस्त भएको छ। यस्तोमा कम्तीमा त्रिपाल पाएमा उनीहरूले शीत छल्न पाउने थिए। त्यसैले, सरकारले राहत वितरणलाई तीव्रता दिएर त्रिपाल, कम्बल र खाद्यान्न उपलब्ध गराउनुपर्छ। बढ्दो चिसोबाट त्यहाँ धेरैजना बिरामी पर्ने र त्यसको व्यवस्थापन गर्न झनै समस्या हुनेतर्फ सबै समयमै सचेत हुनुपर्छ।

● **सन्तोषी बुढा**
कोहलपुर, बाँके

प्रहरीलाई अनुशासित बनाऊ

प्रहरीकै मिलेमतोमा पानीपोखरीमा लुटपाट भएको समाचार पढेपछि केही लेख्न मन लाग्यो। जब रक्षक नै भक्षक बन्छन् भने हामीजस्ता सर्वसाधारणले आफूलाई कसरी सुरक्षित महसुस गर्ने ? यो सब हाम्रा प्रहरी कर्मचारीहरू अनुशासनहीन हुनुको परिणाम हो। प्रहरी संगठनले आफ्ना कर्मचारीलाई अनुशासित बनाउन नसक्ने हो भने भविष्यमा पनि यस्ता घटना दोहोरिन सक्छन्। त्यसैले, आफ्ना कर्मचारीलाई अनुशासित बनाउन संगठनले ध्यान देओस्।

● **सुजन कुर्मी**
गट्ठाघर, भक्तपुर

दलहरू मिलेर अघि बढे के हुँदैन ?

केही दिनअघि कांग्रेसको चियापानमा विभिन्न राजनीतिक दलका शीर्ष नेताहरूको उपस्थिति देखियो। एमालेको चियापानमा पनि शीर्ष नेताहरूको राम्रै उपस्थिति देखियो। एमालेको चियापानमा एकीकृत समाजवादीका नेता माधव नेपाल भने देखिएनन्। उनीबाहेक अन्य नेता हाँसीखुसी नै देखिन्थे। जसरी चियापानमा नेताहरू एकजुट भए, त्यसैगरी देश बनाउन एकजुट भए कस्तो गज्जब हुँदो हो।

खानपिनका लागि एकैठाउँ जम्मा हुन सक्ने नेताहरू देश बनाउन किन एकजुट हुन सक्दैनन् ? के उनीहरूलाई देश र जनताको माया छैन हो ? नेताहरू एकजुट भएर अघि बढेका भए अहिलेसम्म देशको अवस्था कायापलट हुने थियो भन्नेमा द्विविधा छैन। नेताहरूकै कारण राजनीति असल नीति बन्न सकेन। जसका कारण दिनप्रतिदिन जनमानसमा नैराश्य छाइरहेको छ। त्यसैले, जनताले अहिले पुराना दलको विकल्प खोज्न थालेका छन्। अब पनि नेताहरू नसच्चिने या देश र जनताका लागि नसोच्ने हो भने भोलि यसले उनीहरूसामु गम्भीर समस्या ल्याउने निश्चित छ। उनीहरूकै विभाजन र बेमेलले गर्दा विदेशी हस्तक्षेप बढ्दो छ। विदेशी हस्तक्षेपले देशको राजनीति गिजोलेको छ। यस्तो अवस्थामा दलहरू एकठाउँमा उभिनुको विकल्प छैन। चियापानमा जस्तै दलहरू मिलेर अघि बढून् र देशलाई राजनीति निकास दिऊन्।

हिजो लोकतान्त्रिक गणतन्त्रका लागि एकजुट भएर एक बोली भएका दल आज किन बाझाबाझ गरिरहेका छन्। दलहरू मिले के हुँदैन ? शान्ति-सम्झौता, संविधान निर्माणलगायतका काम एकै ठाउँमा बसेर गर्न सक्ने नेताहरू अहिले आएर किन खुट्टा तानातान गर्दै छन् ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

के ठूला विद्युतीय कार वातावरणमैत्री छन् ?

ब्याट्री सामग्री र विद्युत्को अथक मागले एसयुभी कार एक व्यावहारिक हरित विकल्प हो भन्नेमा प्रश्न उठ्छ



देश/विदेश

● लौरा ल्यान्डर

विद्युतीय कार दिनानुदिन ठूलो र वजनदार हुँदै गइरहेका छन्। सन् २०१९ सम्ममा कुल विद्युतीय वाहन (इभी)को ३० प्रतिशत हिस्सा ठूला कार स्पोर्ट युटिलिटी भेहिकल (एसयुभी)ले ओगटेको थियो। सन् २०२२ मा यो आँकडा ४० प्रतिशत पुगेको थियो जुन साना र मझौला कारको हिस्सानजिक हो। बाँकीका १५ प्रतिशत अन्य ठूला मोडेलका कारले ओगटेको छ। यो आँकडा समस्याको द्योतक हो। ठूला र वजनदार इभीमा ठूला ब्याट्रीको आवश्यकता पर्छ। वास्तवमा एक एसयुभीको ब्याट्रीको आकार सानो कारको तुलनामा दुई गुणाले ठूलो हुन्छ।

अन्य ब्याट्रीमाझैँ बहुसंख्यक इभीका लिथियम-आयोन सेलमा कोबाल्ट, लिथियम र निकेलजस्ता कच्चा पदार्थ आवश्यक हुन्छ। साना इभीमा आवश्यक पर्ने एक स्तरीय ६० किलोवाट आवरको लिथियम-आयोन ब्याट्री प्याकमा एक सय ७० किलोबराबरको खनिज पदार्थ हुने गर्छ, जसमा ३९ किलो निकेल र पाँच किलो लिथियम हुने गर्छ। विद्युतीय एसयुभीका लागि वातावरणबाट थप ७५ प्रतिशत बढी कच्चा पदार्थ उत्खनन गर्नुपर्ने हुन्छ। र, हालैको एक अनुसन्धानले भविष्यमा ब्याट्रीका लागि आवश्यक कच्चा पदार्थको अभाव हुन सक्ने देखाएको छ। सन् २०३० सम्ममा इभीका लागि आवश्यक ब्याट्रीको खपतका लागि चाहिने लिथियममा ५५ प्रतिशत र निकेल एवं मेंगेनिजमा ८ प्रतिशतको गिरावट हुनेछ। यदि इभी एसयुभीको माग आगामी दशकसम्म बढिरहने हो भने अहिले नै न्यून मात्रामा रहेको कच्चा पदार्थमा थप हाहाकार मच्चिनेछ।

वातावरण र इभी : ब्याट्री उत्पादन कार्बनको अत्यधिक संलग्नता हुने प्रक्रिया पनि हो। र, ब्याट्रीको बढ्दो उत्पादनसँगै कार्बन उत्सर्जन पनि बढ्छ। उदाहरणका लागि साना कारका ब्याट्रीका तुलनामा एसयुभी कारको उत्पादनमा ७० प्रतिशतभन्दा बढी कार्बन उत्सर्जन हुन सक्छ। यी कच्चा पदार्थको उत्खननजन्य कार्यले वातवरणमा कैयौँ नकारात्मक प्रभाव पार्ने गरेको देखिन्छ। उदाहरणका लागि एक अध्ययनले चिलीको सबैभन्दा ठूलो नुन समथल सलार दी अटकामामा लिथियमको उत्खननले राजहंस चराको प्रजननक्षेत्रमा अवरोध निम्त्याएको छ। त्यसैगरी, चराको चारो र पानीमा पनि पहुँच घटाएको छ। एसयुभीको बढ्दो बजारका लागि बढिरहेको उत्खननले प्राकृतिक वासस्थानको विनाश गरिरहेको छ, पानीको उपभोग बढाइरहेको छ र बढ्दो उत्खननबाट हुने प्रदूषणले स्थानीय जैविक विविधतालाई जोखिममा पारिरहेको छ।

यसमाथि युरोपेली संघले हालै नयाँ इभी ब्याट्रीमा पुनर्चक्रीय सामग्री निश्चित मात्रामा समावेश हुनैपर्ने निर्णय गरेको छ। सन् २०२१ देखि इभी ब्याट्रीमा कम्तीमा ६ प्रतिशत निकेल एवं लिथियम र १४ प्रतिशत कोबाल्ट पुनर्चक्रीय स्रोतबाट आउनुपर्ने व्यवस्था गरिएको छ। ब्याट्रीको मागमा हुने उल्लेख्य वृद्धि र पुनः प्रयोग गरिएका सामग्रीको बढ्दो आवश्यकताका कारण हामीले आपूर्ति शृंखलामा फेरि दबाब सामना गर्न सक्छौँ। यसले विशेषतः ठूला ब्याट्रीलाई असर गर्नेछ।

हामीलाई स्वच्छ विद्युत्को आवश्यकता छ : ठूला ब्याट्रीलाई वातावरणमैत्री तरिकाले चार्ज गर्न न्यून कार्बन विद्युत् आपूर्ति बढाउनुपर्ने हुन्छ। विद्युत् आपूर्तिमा कार्बन प्रयोगको मात्रा ऊर्जा स्रोतको उपलब्धता र बजार गतिशीलताजस्ता कारणले घटबढ हुन सक्छ, किनभने विद्युत् उत्पादनका लागि विभिन्न ऊर्जा स्रोत प्रयोग हुने गर्छन्। विद्युतीय ग्रिड स्वच्छ भए पनि ठूला ब्याट्री चार्ज गर्नुपर्ने बढ्दो मागले पावर ग्रिडमा समस्या निम्तिन सक्छ।



तस्बिर : सटरस्टक

विद्युत् प्रसारण र वितरण प्रणाली त्यो समयमा तयार गरिएको थियो जब पावर प्लान्ट ठूला र केन्द्रीकृत थिए। त्यतिवेला विद्युत्को माग अपेक्षाकृत कम थियो। तर, अहिले ऊर्जा परिदृश्यमा ठूलो परिवर्तन आएको छ। हामी अब वायु टर्बाइन, सौर्य प्यानलजस्ता विकेन्द्रीकृत ऊर्जा स्रोततर्फ अघि बढिरहेका छौँ। यी ऊर्जा स्रोत प्रायः साना हुन्छन् र ती क्षेत्रमा अवस्थित हुन्छन् जहाँ विद्युत् उत्पादन पहिले हुने गरेको थिएन। नतिजा यी स्थानमा ग्रिड पूर्वाधारको न्यून विकास भएको देखिन्छ।

विद्युतीय सवारीसाधन खरिद गर्ने र हिट पम्प जडान गर्नेको संख्या बढ्दै गएकाले पनि विद्युत्को आवश्यकता बढ्दै गएको छ। उसो त सामान्य ग्रिड क्षमता यी परिवर्तनलाई अनुकूलन गर्न पर्याप्त हुन सक्छ, तर वर्षका निश्चित समय वा दिनमा ग्रिडको क्षमता पर्याप्त नहुन पनि सक्छ। उदाहरणका लागि एक स्थानमा नवीकरणीय ऊर्जा उत्पादन अतिरिक्त हुन सक्छ भने अन्य स्थानमा माग बढी हुन सक्छ, तर विद्युतीय स्थानान्तरणका आवश्यक पूर्वाधार अपूरो हुन सक्छन्। यस्तै अवस्था बारम्बार बेलायतमा देखिने गर्छ। सन् २०२२ मा प्रसारण प्रणालीमा हुने अवरोधका कारण स्कटिस वायु ऊर्जा केन्द्रलाई विभिन्न समयमा उत्पादन रोक्न लगाएर क्षतिपूर्ति दिइएको थियो। त्यसैवेला इंग्ल्यान्डका ग्यास ऊर्जा केन्द्रलाई स्कटूल्यान्डमा भएको ऊर्जा उत्पादनको रोकको क्षतिपूर्तिका लागि उत्पादन बढाउनका लागि रकम दिइएको थियो। युटिलिटी कम्पनीले विश्वभर विद्युतीय ग्रिडलाई सुदृढ पार्न काम गरिरहेका छन्। अतिरिक्त ऊर्जा स्थानान्तरण गर्न थप लाइन निर्माण गर्नु यी कामको एक उदाहरण हो।

गाडीचालक दिनानुदिन ठूला एसयुभी कार रोजिरहेका छन्। तर, यी वाहनको वातावरणीय प्रभाव उपेक्षा गर्नुहुँदैन। ब्याट्री सामग्री र विद्युत्को अथक मागले एसयुभी कार एक व्यावहारिक हरित विकल्प हो भन्नेमा प्रश्न उठ्छ।

(ल्यान्डर किङ्स कलेज लन्डनकी इन्जिनियरिङकी लेक्चरर हुन्)

द कन्भर्सेसनबाट

जाडोमा किन सधैं वायु प्रदूषणबाट आक्रान्त हुन्छ दिल्ली ?



भारतको राजधानी सहर नयाँदिल्लीलाई विषाक्त बाक्लो धुवाँले ढाक्न सुरु गरेसँगै त्यहाँको वायुको गुणस्तर निकै खस्किएको छ। हरेक वर्ष ठन्डीको समयमा दिल्लीमा वायु प्रदूषणको स्तर निकै माथि जाने गर्छ। यसले गर्दा जाडोको आगमनलाई दिल्लीवासी ठन्डीका अतिरिक्त प्रदूषणको ऋतु मान्न थालेका छन्। उसो त गत हप्तादेखि नै सहरको हावाको गुणस्तर खस्कन थालेको थियो। तर, शुक्रबार सहरभित्र हावाको गुणस्तर सूचकांक(एक्युआई) ५०० सम्म पुग्यो, जुन विश्व स्वास्थ्य संगठनले तोकेको स्वास्थ्य हावाको गुणस्तरभन्दा १०० गुणाभन्दा बढी हो। योसँगै शुक्रबारदेखि नै दिल्लीका विद्यालयहरू बन्द गरिएका छन्। त्यस्तै, हावाको गुणस्तरमा सुधार गर्न भनेर सहरका गैरअत्यावश्यक निर्माणका कामलाई रोक्न आह्वान गरिएको छ।

त्यस्तै नयाँदिल्लीमा एक साताका लागि जोर-बिजोर प्रणाली लागू हुने भएको छ। दिल्लीका पर्यावरणमन्त्री गोपाल रायले आगामी नोभेम्बर १३ देखि उक्त नियम ल्याइने जानकारी दिए। यसअघि सन् ०१६, ०१७ र ०१९ मा पनि सरकारले यो प्रणाली लागू गरेको थियो।

जाडोमा दिल्लीलाई ढाक्ने बाक्लो धुवाँ मुख्यतः दिल्लीका छिमेकी राज्यहरू हरियाणा र पन्जाबका किसानहरूले यही समय बाली काटेपछि जलाएका परालबाट आउने गर्छ। यही समय पश्चिमबाट वायु पूर्व बहने भएका यी धुवाँलाई दिल्लीसम्म आउँदा घट्दो तापक्रमले दिल्लीमै रोकिने गर्छ। पछिल्लो केही दिनमा पन्जाब राज्यका खेतमा आगजनीको संख्या ७० प्रतिशतले बढेको अधिकारीहरूले बताएका छन्। एकै दिनमा एक हजार आगजनीका संख्या रेडर्क भइरहेका छन्। त्यसबाहेक पनि दिल्लीमा चल्ने ठूलो संख्याको कार, निर्माण क्षेत्र तथा फोहोर जलाउने संयन्त्रले पनि वायु प्रदूषण बढाउन मद्दत पुऱ्याउँछन्।

युनिभर्सिटी अफ सिकागोको 'इनर्जी पोलिसी इन्स्टिच्युट'ले तयार पारेको यस वर्षको वायु गुणस्तर जीवन सूचकांकअनुसार दिल्लीको प्रदूषित हावाको कारण सहरका बासिन्दाको जीवन ११.९ वर्षसम्म घट्ने गरेको छ। त्यस्तै सन् २०१७ को एक अमेरिकी अध्ययनअनुसार भारतमा प्रदूषणका कारण वर्षेनी १० लाख मानिसको अकालमा मृत्यु हुने गरेको छ।

दिल्लीका चिकित्सकहरूका अनुसार रुघाखोकी, आँखाबाट पानी आउने र सास फेर्न गाह्रो हुने, श्वास-प्रश्वासजन्य समस्या भएका बिरामीको संख्या बढेको छ। धेरैलाई मास्क लगाउन र आवश्यक परेका वेला मात्र घरबाट बाहिर निस्कने सल्लाह दिन थालिएको छ। आमआदमी पार्टी(आप)को नेतृत्वमा रहेको दिल्ली सरकारले आफूहरूसँग प्रदूषण नियन्त्रण योजना रहेको बताउने गरे पनि तिनका कदमको खासै प्रभाव देखिने गरेको छैन। आप सरकारले वायु प्रदूषण कम गर्न प्रयोग गरेका विधिहरूमा सडकमा पानी छर्केर धुलो उड्न रोक्ने र हावाबाट वायु प्रदूषण सोस्ने भनिएका दुईवटा ८० फिटका 'स्मोक टावर' निर्माण रहेका छन्। २० लाख डलरका यी टावर प्रभावहीन रहेको वैज्ञानिकहरूले मानेका छन्। यसले संसारको सबैभन्दा प्रदूषित सहरमध्ये एकको रुपमा नयाँदिल्लीको पहिचान मेटिन सकेको छैन।

द गार्जियनबाट

इतिहासमा आज

नोभेम्बर ८



सन् २०१६ : भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले देशमा भ्रष्टाचारीहरूले मुख्यतः ५०० र १००० को नोट लुकाएर राख्ने गरेको बताउँदै ती मुद्रा नचल्ने घोषणा गरे। आमभारतीय नागरिकलाई ५० दिनभित्र उनीहरूसँग रहेको ५०० र १००० भारुको नोट बैंकमा साट्न सकिने व्यवस्था गरिएको थियो। यो काम राम्ररी व्यवस्थापन नगरिएकाले आम मानिसहरू लामो लाइनमा बस्न बाध्य भएका थिए।

- **सन् ३९२** : एकीकृत रोमन साम्राज्यका अन्तिम सम्राट थियोडोसियसले इसाईलाई राज्य धर्म घोषित गरे।
- **सन् १८६४** : रिपब्लिकन पार्टीका नेता अब्राहम लिंकन गृहयुद्ध लडिरहेको अमेरिकामा सम्पन्न राष्ट्रपतीय निर्वाचन जितेर दोस्रो कार्यकालमा निर्वाचित भए।
- **सन् १८७९** : रुसमा भएको अक्टोबर क्रान्तिमा लेनिनपछिका शीर्ष नेता मानिने लियोन ट्राटस्कीको आजकै दिन जन्म भएको थियो।
- **सन् १८८९** : मोन्टाना अमेरिकाको ४१औं राज्य बन्यो।
- **सन् १८९५** : जर्मन भौतिकशास्त्री विल्हेम रोन्टजेनले 'एक्स रे'को पहिचान गरे, जसलाई उनको सम्मानमा 'रोन्टजेन रे' पनि भनिन्छ।
- **सन् १९०४** : अमेरिकी राष्ट्रपति विलियम म्याक्कीन्लेको गोली हानी हत्या गरिएपछि उनको उपराष्ट्रपति थियोडोर रुजवेल्टले राष्ट्रपतिको पदभार सम्हाले।
- **सन् १९२३** : एडोल्फ हिटलर र उनका दुई हजार नाजी समर्थकले म्युनिख सहरको केन्द्र कब्जा गर्ने प्रयास गर्दा प्रहरीसँग भएको झडप भयो। यसमा १६ नाजी, चार प्रहरी र एक बटुवाको मृत्यु भयो। घटनाको दुई दिनपछि हिटलर पक्राउ परेर जेल परे। यही घटनापछि हिटलर जर्मनीभर चिनिएका थिए।
- **सन् २०१३** : हालसम्म रेकर्ड भएकामध्ये सबैभन्दा ठूलोमध्ये एक समुद्री आँधी 'हाइयान' ३१५ किमि प्रतिघन्टाको गतिमा फिलिपिन्समा पुग्यो। आँधीले ५००० जनाको ज्यान लिएको थियो।

Barbardiya Municipality
Office of Municipal Executive
Lumbini Province, Nepal

Invitation for Online Bids

Date of publication : 2080/07/22

Barbardiya Municipality office of Municipal Executive, jaynagar, Bardiya invites online bids from eligible bidders for the purchase and supply of following Goods under National Competitive Bidding. Bidders may obtain further information by visiting the website : **www.bolpatra.gov.np/egp**

Contract ID No.	Description of works	Bid document fee(Nrs)	Bid security Amount(Nrs)	Bid validity period	Remarks
10/BMO/G/ 2080-81	*supply of steel and associated parts of suspension bridge at dhakela ward no.09, barbardiya Municipality*	*3,000.00*	*1,000,00.00*	*90 days*	

Chief Administrative Officer

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप
बगमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८०/०७/२२

प्रस्तुत बिषयमा यस गोकुलगंगा गाउँपालिका कार्यालयबाट मिति २०८०/०५/२४ गते नयाँ पत्रिकामा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्रदाताको न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभाग्राही देखिएकोले बोलपत्र स्वीकृतको लागि मुल्यांकन समितिबाट सिफारिस भए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उफदफा २ र ३ र सोही ऐनको दफा ४७ प्रयोजनार्थ सम्वन्धित सबै फर्म को जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

सि. न.	ठेक्का नं.	ठेक्काको नाम	छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना	कबोल रकम (मु. अ.कर. बाहेक)
१	GRM/RCH/Goods/ NCB/01/080/81	Procurement of Gabion boxes for Gokulganga Rural Municipality	Bagmati Supplires,Bidur Municipality 10 Nuwakot	36,34,800.00
२	GRM/RCH/Goods/ NCB/02/080/81	Procurement of Goods for Gokulganga Water Supply	Multiverse Engineering Solution, Bharatpur	40,82,605.800

Chief Executive Officer

स्थानीय सरकार
कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
वागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

(सूचना प्रकाशित मिति : २०८०/०७/२२)

यस कार्यालयबाट मिति २०८० साल असोज १५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार विद्युतीय खरिद प्रणाली मार्फत तोकिएको मिति र समयमा दर्ता हुन आएका बोलपत्रहरु मुल्याङ्कन गर्दा तपसिलका बोलपत्रदाताहरुले पेश गरेका प्राविधिक तथा आर्थिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही न्यून मुल्याङ्कित हुन अएकोले सार्वजानिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

क्र.स.	ठेक्का न.	योजनाको नाम	स्वीकृतिको लागि छनौट भएका कम्पनी/फर्मको नाम र ठेगाना	कवोल अंक (भ्याट र Ps बाहेक)
१	KRM/GKRP/BN-01/2080/81	गोगने-कालिकाटार सडक योजना, कैलाश-५ र ३	शुभ विहानी कन्स्ट्रक्सन प्रा.लि., डल्लु, कठमाण्डौ	८०,०१,५११।५३
२	KRM/SSCRP/BN-02/2080/81	सालबास-सानोडाडाँखर्क-छ्याङडुङ सडक योजना, कैलाश-२	हिष्टोरिकल कन्स्ट्रक्सन कम्पनी प्रा.लि., चन्द्रागिरी, काठमाण्डौ	५२,७०,८०७।००
३	KRM/URCM/BN-03/2080/81	कृष्चियन चोक देखी मच्याडकोट खोलासम्म स्तर उन्नति, कैलाश-१०	बि.पि. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	५४,७२,९२०।०५

प्रमुख प्रशासकीय अधिकृत

दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल

विद्युतीय बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८०/०७/२२

यस दक्षिणकाली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय फर्पिङबाट मिति २०८०/०३/३१ र मिति २०८०/०६/१० गतेको राष्ट्रिय दैनिक तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको ई-बिडिङ पोर्टल [www.bolpatra.gov.np] मा प्रकाशित विद्युतीय बोलपत्रको ३० दिने सूचना बमोजिम रीतपूर्वक दर्ता हुन आएका विद्युतीय बोलपत्रदाताहरुको मूल्याङ्कन समितिको प्रतिवेदन तथा सिफारिस अनुसार न्यूनतम मुल्याङ्कित र सारभुत रुपमा प्रभावग्राही तपसिल बमोजिमको बोलपत्र स्वीकृत गर्नको लागि मिति २०८०/०७/१९ र मिति २०८०/०७/२० गतेको निर्णयानुसार छनौट गरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ।

तपसिल

क्र.स.	ठेक्का नं.	विवरण	सारभूत प्रभावग्राही फर्मको नाम	कबोल अंक (मु.अ.क. र Ps बाहेक रु.)	कैफियत
1	DM/NCB/ WORKS/ 2079-80/15	Chalnakhel-Gwaldaha-Pakhachowk-Sadak-Ishtarunnati	Lokmani-Bhuwaneshwori J/V, Godawari, Lalitpur	1,70,03,548.35	
2	DM/NCB/ WORKS/ 2079-80/18	Manakamana Motorbato Istarunnati	Gole-Bhuwaneshwori J/V, Godawari, Lalitpur	1,87,78,054.00	
3	DM/NCB/ GOODS/ 2080-81/04	Swasthya Bima Tatha Aadharvut (Nishulka) Ausadhi Kharid	Medisales Medico Pharma, Lokanthali-01, Bhaktapur	66,03,498.00	(मु.अ.क. बाहेक)

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय
उद्योग विभाग
केन्द्रिय कारागार कारखाना, भोटेबहाल, काठमाण्डौ

सिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०७/२२ गते)

यस कार्यालयमा रहेका कैदी बन्दीहरु मध्ये यस आ.व.०८०/०८१मा कैदी बन्दीहरु द्वारा उत्पादन गरीने सुति कपडालाई उल्लेखित सामान आपूर्तिका लागि स्पेसिफिकेसन अनुसारको सुति धागो खरिद गर्नुपर्ने भएकाले इजाजत प्राप्त मूल्य अभिवृद्धि करमा दर्ता भएका इच्छुक फर्म वा कम्पनीहरुबाट देहायका शर्त बमोजिम रित पूर्वकको सिलबन्दी बोलपत्र आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :-

१. बोलपत्रको लागि फर्म दर्ता तथा मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रको प्रतिलिपि सहित रु. ३,०००।– (फिर्ता नहुने गरी) नगद बुझाएको भौचर वा यस केन्द्रिय कारागार कारखाना भोटेबहालको कोड नं. ३०७००३५०२ राष्ट्रिय वाणिज्य बैंक, टेकु स्थित राजश्व खाता नं.१०००१००२०००१०००० राजश्व संकेत नं. १४२२९ मा दाखिला गरी बोलपत्र फाराम PPMO को वेभ साईट www.bolpatra.gov.np/egp मा गई डाउनलोड गर्न सकिनेछ सो बोलपत्रमा दररेट भरी सहीछाप गरी सो को साथ मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र, उद्योग/कम्पनी दर्ता तथा नविकरण गरेको प्रमाणपत्र, आ.व. २०७९/८० को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित गराई सुति धागो आपुर्तिको बोलपत्र अपलोड गर्न सकिनेछ ।
२. बोलपत्रमा उल्लेखित स्पेशिफीकेशन बमोजिम सुति धागोको नमुना छुट्टा छुट्टै २/२ प्रतिका दरले प्रमाणित गरी सिलबन्दि गरी बाहिरी खाममा पेश गर्नेको नाम, सुति धागोको नमुना भनि प्रस्ट उल्लेख गरी पेश गर्नुपर्नेछ सो नमुना फिर्ता गरीने छैन्। ।
३. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३०औं दिन कार्यालय समय भित्र बोलपत्र फाराम खरिद गरी सक्नुपर्ने छ।
४. बोलपत्र e-bidding को माध्यमबाट मात्र पेश गर्न सकिने छ ।
५. बोलपत्रमा सामानको दररेट अंक र अक्षरमा लेख्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
६. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२.०० बजे भित्र E-Bid मार्फत बोलपत्रदर्ता गराई सक्नुपर्नेछ । E-Bid मार्फत कागजात पेश गर्दा बोलपत्र साथ आवश्यक पर्ने सम्पुर्ण कागजातहरु PPMO को वेभ साईट www.bolpatra.gov.np/egp मा गई अपलोड गराउनु पर्ने छ ।यसरी म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरु सोही दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा वा नमुना र अन्य कागजातको खाम बन्दि पेश नगरेमा पनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
७. बोलपत्र खरिद गर्ने अन्तिम दिन/दर्ता गर्ने /खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट सोही समय अनुसार उक्त कार्य सम्पन्न गरिनेछ ।
८. जमानत वापत जम्मा गर्नुपर्ने रकम रु. २,९९,११०।–(अक्षरेपी रु. दुई लाख उनान्सय हजार एक सय दश मात्र) यस कार्यालयको कोड नं. ३०७००३५०२ बाट को.ले.नि.का. त्रिपुरेश्वरको रा.बा.बैंक, टेकु शाखामा रहेको धरौटी खाता नं. १७००१००१०२०३०००० मा जम्मा गरेको सक्कलै बैंक भौचर वा घटीमा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट बोलपत्रको मान्य अवधि भन्दा कम्तिमा (१२०) एक सय बिस दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त (क) बर्गका वाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र जमानत पेश गर्नुपर्ने छ ।
९. e-bidding को माध्यमबाट बोलपत्र पेश गर्नका लागि बोलपत्रदाताहरुले सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल www.bolpatra.gov.np/egp मा Bidder को रुपमा Registration गरे पश्चात् सो पोर्टलको Home page को रुपमा login गरी Bid Document Download गर्न सकिने साथै Standard Bid Document तथा उक्त पोर्टलमा उल्लेख गरिएको निर्देशन बमोजिम Bidder ले e-bid पेश गर्न सक्नेछन् ।
१०. खरिद प्रकृयामा प्रभाव पार्ने मनसायले बैंक जमानत संलग्न नराखी बोलपत्र दर्ता गरेको , बोलपत्र नै नभरेको वा दर कबुल नगरी खाली बोलपत्र पेश गर्ने र कार्यालयबाट बिक्री नभएको बोलपत्र पेश गर्ने जस्ता बोलपत्रदाताको आचरण विपरित कृयाकलाप भएको पाइएमा त्यस्ता बोलपत्रदातालाई सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ बमोजिम कालोसूचीमा सूचीकृत गरी सार्वजनिक सूचनाद्वारा जानकारी गराईनेछ ।
११. बोलपत्र फाराम पेश गर्दा गत बिगत ५ बर्ष भित्रको कुनै एक आ.व.मा तोकिएको परिमाणको २५% ले हुने वा सो कार्यको लागत अनुमानको २५% रकम बराबरको नेपाल सरकार मातहत रहेका संघ संस्था वा सरकारी कार्यालयहरुमा काम गरेको कार्य अनुभवको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।
१२. सम्बन्धित फर्म वा कम्पनी आफैले खरिद गरेको बोलपत्र सम्बन्धि कागजातहरु पूर्ण रुपमा भरी पेश गर्नुपर्नेछ । रीत नपुगेको वा म्याद नाघी आएको बोलपत्र माथि कुनै कारवाही गरिने छैन ।
१३. कार्यालयमा दाखिला भएको बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार नियमानुसार अधिकार प्राप्त अधिकारीमा पूर्ण रुपमा सुरक्षित रहनेछ ।
१४. बोलपत्र सम्बन्धी थप कुनै कुरा बुझ्नु परेमा कार्यालय समयमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।
१५. अन्य यस सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३, र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ ।

सेयर खाता खोल्न एसबिआई मर्चेन्टको छुट

काठमाडौं / नेपाल एसबिआई मर्चेन्ट बैकिङले चाडपर्वको अवसरमा डिम्याट तथा मेरो सेयर खाता खोल्न विभिन्न छुटसहितका योजना सार्वजनिक गरेको छ । यस्ता खाताको सहज पहुँचले ग्राहकले सस्तोमा धितोपत्र लगानीको अवसर प्राप्त गर्ने बैंकिङले जनाएको छ । साथै, पुँजीबजारमा सहभागिताका साथै धितोपत्र निस्क्रासन कम्पनीको पुँजी सुनिश्चितताका सघाउ पुग्ने विश्वास कम्पनीले लिएको छ ।

हवाई इन्धन डिपो राख्न जग्गा माग

काठमाडौं / नेपाल आयल निगमले जुम्ला विमानस्थलमा हवाई इन्धन डिपो राख्न नागरिक उड्डयन प्राधिकरणसँग ६ कट्ठा जग्गा माग गरेको छ । कर्णालीको दुर्गम र रमणीय गन्तव्यहरूमा पर्यटकलाई आकर्षित गर्न जुम्लाबाट विभिन्न ठाउँमा कनेक्टिङ फ्लाइट गर्ने योजनासहित प्राधिकरणले जुम्ला विमानस्थललाई विस्तार गर्ने गरी नयाँ गुरुयोजना स्वीकृति गरिसकेको छ । नयाँ गुरुयोजनाअन्तर्गत रहने गरी उपयुक्त स्थानमा ६ कट्ठा जग्गा प्राधिकरणले उपलब्ध गराए सानो भण्डारण गृहसहित कार्यालय राखेर जुम्ला विमानस्थलमा हवाई इन्धन भर्ने सुविधा उपलब्ध गराउन तयार रहेको निगमको नायब कार्यकारी निर्देशक वीरेन्द्र गोइतले जानकारी दिए । 'सोमबार दिउँसो जुम्ला विमानस्थल कार्यालयमा प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेको उपस्थितिमा सर्वपक्षीय छलफल भएको छ,' गोइतले भने, 'सो छलफलमा जुम्लामा हवाई इन्धन डिपो राख्न हामी तयार रहेको जानकारी दिएका छौं । त्यसका लागि प्राधिकरणले ६ कट्ठा जग्गा दिए हामी सेवा सुचारु गर्न सक्छौं भनेका छौं ।' हाल नेपालगन्ज विमानस्थललाई उद्गम मानेर जुम्ला विमानस्थलमा समिट, तारा र नेपाल एयरलाइन्सको एक-एकवटा गरी दैनिक ३ फ्लाइट गर्दै आएका छन् । धेरै इन्धन बोक्नुपर्दा जहाजको भाडादर महँगो पर्नुका साथै जहाजहरूले तुलनात्मक रूपमा थोरै यात्रुसमेत ओसार्दै आएका छन् । जुम्लामा इन्धन भर्ने सुविधा भए उडान संख्या बढ्ने तथा अन्यत्र कनेक्टिङ फ्लाइट र हेलिकोप्टरको चार्टर्ड उडानमा समेत वृद्धि हुने स्थानीय जनप्रनिधिले जानकारी दिएको गोइतले बताए । सोमबारको छलफलमा सहभागी प्राधिकरणका इन्जिनियर प्रकाश श्रेष्ठले नयाँ गुरुयोजनाअनुसार जुम्ला विमानस्थलको धावन मार्ग र ट्यावक्सी वे विस्तार गरिने र आवश्यक जग्गा अधिग्रहण गर्नुपर्ने बताए ।

NIC ASIA Laghubitta Bittiya Sanstha Ltd.
एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि.
('नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था, राष्ट्रियस्तर कार्यक्षेत्र भएको')
केन्द्रीय कार्यालय बनेपा- ८, काभ्रेपलाञ्चोक, फोन नं. : +९७७-०११-६६००३४

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०७/२२ (नयाँ पत्रिका राष्ट्रिय दैनिकबाट प्रकाशित)

यस लघुवित्त वित्तीय संस्थाबाट तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति सुरक्षण वापत धितो राखी वा नराखी तपसिलका ऋणीले लिएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस लघुवित्त वित्तीय संस्थासँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र यस लघुवित्त वित्तीय संस्थामा सम्पर्क राखी लघुवित्त वित्तीय संस्थाबाट लिएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानुन तथा यस लघुवित्त विरुत्तीय संस्थासँग गरेको लिखत बमोजिम धितोमा रहेको वा नरहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी लघुवित्त वित्तीयसंस्थाको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै उक्त चल अचल श्रीसम्पती लिलाम बिक्रीबाट समेत लघुवित्त वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानुन अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.१	ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण
शाखा कार्यालय : पालुङटार ,गोरखा	**विनु गुरुङ (ऋणी)** ना.प्र.नं. : ४३१०१९/८९१ जारी मिति/जिल्ला : २०६९/०२/२९, तनहुँ स्थायी ठेगाना : भानु न.पा वडा नं.०९, तनहुँ हालको ठेगाना : भानु न.पा वडा नं.०४, तनहुँ पति : नौ वहादुर गुरुङ्ग ससुरा : प्रतिमान गुरुङ्ग पिता : वीर वहादुर तामाङ **१) नौ वहादुर गुरुङ्ग (व्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : १८५२ जारी मिति/जिल्ला : २०४४/११/१७, तनहुँ स्थायी ठेगाना : भानु गाउ पञ्चायत वडा नं.०९, तनहुँ हालको ठेगाना : भानु न.पा वडा नं.०४, तनहुँ पिता : प्रतिमान गुरुङ्ग बाजे : चन्द्र वहादुर गुरुङ	**२) शीला बयलकोटी (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ४३१०१९/११७२३१ जारी मिति/जिल्ला : २०६६/०४/०१, तनहुँ स्थायी ठेगाना : भानु गा.वि.स वडा नं.०४, तनहुँ हालको ठेगाना : भानु न.पा वडा नं.०४, तनहुँ पति : पूर्ण वहादुर बयलकोटी ससुरा : टोप वहादुर सार्की पिता : ..... **३) मञ्जु नेपाली (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ४३-०१-७४-०७६६८ जारी मिति/जिल्ला : २०७४/०९/०५, तनहुँ स्थायी ठेगाना : भानु न.पा वडा नं.०४, तनहुँ हालको ठेगाना : भानु न.पा वडा नं.०४, तनहुँ पति : प्रविन नेपाली ससुरा : कृष्ण वहादुर सार्की पिता : विर वहादुर सार्की
क्र.सं.२	**ऋणीको विवरण**	**जमानीकर्ताहरुको विवरण**
शाखा कार्यालय : पालुङटार ,गोरखा	**सरस्वती गुरुङ्ग (ऋणी)** ना.प्र.नं. : ८४६९५ जारी मिति/जिल्ला : २०६२/०७/१४, तनहुँ स्थायी ठेगाना : पुर्कोट गा.वि.स वडा नं.०४, तनहुँ हालको ठेगाना : भानु न.पा वडा नं.०९, तनहुँ पति : टंक वहादुर गुरुङ्ग ससुरा : मन वहादुर गुरुङ्ग पिता : इन्द्र वहादुर गुरुङ्ग	**१) टंक वहादुर गुरुङ्ग (व्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ३२०४२ जारी मिति/जिल्ला : २०५५/७/८, तनहुँ स्थायी ठेगाना : पुर्कोट गा.वि.स वडा नं.०४, तनहुँ हालको ठेगाना : भानु न.पा वडा नं.०९, तनहुँ पिता : मन वहादुर गुरुङ्ग बाजे : लाल वहादुर गुरुङ्ग **२) सुसिला माया कामी (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ४३४३३ जारी मिति/जिल्ला : २०५९/०८/१२, लमजुङ स्थायी ठेगाना : श्री भञ्जाङ न.पा वडा नं.०३, लमजुङ हालको ठेगाना : भानु न.पा वडा नं.०९, तनहुँ पति : मन वहादुर कामी ससुरा : प्रेम वहादुर कामी पिता : सुक वहादुर कामी
क्र.सं.३	**ऋणीको विवरण**	**जमानीकर्ताहरुको विवरण**
शाखा कार्यालय : पालुङटार ,गोरखा	**सरिता सार्की (ऋणी)** ना.प्र.नं. : ४४३०२३/३०० जारी मिति/जिल्ला : २०६३/१०/०२, गोरखा स्थायी ठेगाना : गाईखुर गा.वि.स वडा नं.०९, गोरखा हालको ठेगाना : पालुङटार न.पा वडा नं.०५, गोरखा पति : मन वहादुर सार्की ससुरा : सेते सार्की पिता : टेक वहादुर सार्की	**१) मन वहादुर सार्की (व्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ९३९४२ जारी मिति/जिल्ला : २०५९/०७/०७, गोरखा स्थायी ठेगाना : गाईखुर गा.वि.स वडा नं.०९, गोरखा हालको ठेगाना : पालुङटार न.पा वडा नं.०५, गोरखा पिता : सेते सार्की बाजे : अकले सार्की **२) मैया श्रेष्ठ (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ४४३०२३/४५० जारी मिति/जिल्ला : २०६३/१०/२८, गोरखा स्थायी ठेगाना : गाईखुर गा.वि.स वडा नं.०२, गोरखा हालको ठेगाना : पालुङटार न.पा वडा नं.०५, गोरखा पति : हरी कुमार श्रेष्ठ ससुरा : दिप नारायण श्रेष्ठ पिता : बाबुलाल श्रेष्ठ
क्र.सं.४	**ऋणीको विवरण**	**जमानीकर्ताहरुको विवरण**
शाखा कार्यालय : धाईजन, झापा	**कल्पना श्रेष्ठ (ऋणी)** ना.प्र.नं. : १३७७ जारी मिति/जिल्ला : २०५५/०९/२१, रामेछाप स्थायी ठेगाना : रामेछाप न.पा वडा नं.०७, रामेछाप हालको ठेगाना : बुद्धशान्ती गा.पा वडा नं.०४, झापा पति : विर वहादुर वर्देवा दर्जी ससुरा : विष्णुलाल वर्देवा दर्जी पिता : चक्र वहादुर श्रेष्ठ	**२) कृष्ण वर्देवा (व्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ८५११२०३४ जारी मिति/जिल्ला : २०६२/०२/१६, झापा स्थायी ठेगाना : शान्तिनगर गा.वि.स वडा नं.०१, झापा हालको ठेगाना : बुद्धशान्ती गा.पा वडा नं.०४, झापा पिता : विष्णुलाल वर्देवा दर्जी बाजे : धन वहादुर वर्देवा दर्जी **२) मेनुका शेर्मा (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ६०८/६८३ जारी मिति/जिल्ला : २०६३/०३/०९, पाँचथर स्थायी ठेगाना : माङजाबुङ गा.वि.स वडा नं.०२, पाँचथर हालको ठेगाना : बुद्धशान्ती गा.पा वडा नं.०४, झापा पति : दल वहादुर तामाङ ससुरा : धन वहादुर तामाङ पिता : गजेन्द्र विक्रम शेर्मा
क्र.सं.५	**ऋणीको विवरण**	**जमानीकर्ताहरुको विवरण**
शाखा कार्यालय : धाईजन, झापा	**पार्वती शाह (ऋणी)** ना.प्र.नं. : ०४१००८/११४६ जारी मिति/जिल्ला : २०६७/०२/०४, झापा स्थायी ठेगाना : बुधबारे न.पा वडा नं.०६, झापा हालको ठेगाना : बुद्धशान्ती गा.पा वडा नं.०३, झापा पति : शिव प्रसाद शाह ससुरा : वनारसी शाह पिता : मान वहादुर खड्का	**२) सुदिप शाह (व्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ०४-०१-७४-१५२९९ जारी मिति/जिल्ला : २०७४/१२/१३, झापा स्थायी ठेगाना : बुद्धशान्ती गा.पा वडा नं.०१, झापा हालको ठेगाना : बुद्धशान्ती गा.पा वडा नं.०१, झापा पिता : शिव प्रसाद शाह बाजे : वनारसी शाह **२) अनिता महत (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : २२२३ जारी मिति/जिल्ला : २०४६/०३/२३, इलाम स्थायी ठेगाना : कन्याम गा.वि.स वडा नं.०८, इलाम हालको ठेगाना : बुद्धशान्ती गा.पा वडा नं.०३, झापा पति : थिर वहादुर महत ससुरा : पदम वहादुर महत पिता : पिर्थ वहादुर काफ्ले
क्र.सं.६	**ऋणीको विवरण**	**जमानीकर्ताहरुको विवरण**
शाखा कार्यालय :केराबारी, मोरङ	**राज कुमारी धीमाल (ऋणी)** ना.प्र.नं. : १२१७७/२९१४ जारी मिति/जिल्ला : २०४६/०३/२२, मोरङ स्थायी ठेगाना : राजघाट गा.वि.स वडा नं.०९, मोरङ हालको ठेगाना : केराबारी न.पा वडा नं.०६, मोरङ पति : निर वहादुर मगर ससुरा : कनक वहादुर मगर पिता : मुनीलाल धीमाल	**२) रमिला तामाङ (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ०७-०१-७६-०२२१४ जारी मिति/जिल्ला : २०७६/१०/१६, धनकुटा स्थायी ठेगाना : सहिदभुमी गा.पा वडा नं.०३, धनकुटा हालको ठेगाना : केराबारी गा.पा वडा नं.०६, मोरङ पति : दिनेश मगर ससुरा : औख वहादुर मगर पिता : भक्त वहादुर तामाङ

Corporate Office: Banepa-8, Kavreplanchowk
Phone : 011-660034 | www.nicasialaghubitta.com
साथी सँगै सबल बन्दै

Invitation for Bids
Government of Nepal
Ministry of Education, Science & Technology
Central Level Project Implementation Unit
Gyaneshwor, Kathmandu

The Procurement of supply and delivery of office equipment and stationery items

Contract Identification No: MOE/CLPIU/080/81/Goods-1
First Date of publication: 8th November 2023

1. Government of Nepal has received a loan/credit/grant from GoN towards the cost of **The *Procurement of supply and delivery of office equipment and stationery items*** and intends to apply part of the funds to cover eligible payments under the Contract for ***MOE/CLPIU/080/81/Goods-1*** Bidding is open to all eligible Bidders.
2. The ***Central Level Project Implementation Unit Gyaneshwor, Kathmandu*** invites electronic bids from eligible bidders for the procurement of ***supply and delivery of office equipment and stationery items*** under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations.
   Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of ***Central Level Project Implementation Unit Gyaneshwor, Kathmandu*** or may visit e-GP system: www.bolpatra.gov.np/egp .
3. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank. Bidders, submitting their bid electronically, should deposit the cost of NRs 3,000/- of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : **Rastriya Banijya Bank, Thamel Kathmandu**
   Name of the Office : ***Central Level Project Implementation Unit (CLPIU) Gyaneshwor, Kathmandu***
   Office Code No. : **350003507**
   Revenue Account No. : **1000100200010000**
   Revenue Head No. : **14229**
4. Pre-bid meeting shall be held at **Date**: 28 November 2023 A.D **Time**: 11:00 A.M Place: CLPIU-Hall, Gyaneshwor, and Kathmandu.
5. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of ***Central Level Project Implementation Unit (CLPIU) Gyaneshwor,Kathmandu*** on or before Date: 10 December 2023 A.D Time:12:00 hours **Nepal Standard Time (NST)**
6. Bids shall be opened in presence of Bidders' representatives who choose to attend on Date: 10 December 2023 A.D Time: 13:00 hours **Nepal Standard Time (NST)** at the office of Shanta Plaza, Fourth Floor, Gyaneshwor, Kathmandu. Bids must be valid for a period of ***90 days*** counting from the day of bid opening and must be accompanied by bid security, amounting to a minimum of NRs 45,000 which shall be valid for minimum 30 days beyond the bid validity period.
7. If the last date of submission and opening falls on a government holiday, then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.

Project Director

क्र.सं.७	ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण
शाखा कार्यालय : केराबारी, मोरङ	**सिता पुलामी मगर (ऋणी)** ना.प्र.नं. : ९९०१११३६ जारी मिति/जिल्ला : २०४५/१०/०६, झापा स्थायी ठेगाना : पृथ्वीनगर गा.वि.स वडा नं.०२,झापा हालको ठेगाना : केराबारी गा.पा वडा नं.०६, मोरङ पति : दिल वहादुर मगर ससुरा : रघुविर मगर पिता : सेर वहादुर मगर **१) दिल वहादुर मगर (व्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ३४०८ जारी मिति/जिल्ला : २०३७/११/२२, मोरङ स्थायी ठेगाना : केराबारी गा.पा वडा नं.०६, मोरङ हालको ठेगाना : केराबारी गा.पा वडा नं.०६, मोरङ पिता : रघुविर मगर बाजे : जुद्धविर मगर	**२) राम कुमारी तामाङ (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ०५३०१०/७९७ जारी मिति/जिल्ला : २०६३/१०/२५, मोरङ स्थायी ठेगाना : केराबारी गा.पा वडा नं.०७, मोरङ हालको ठेगाना : केराबारी गा.पा वडा नं.०६, मोरङ पति : कर्ण वहादुर तामाङ ससुरा : पुर्ण वहादुर तामाङ पिता : चन्द्र वहादुर तामाङ **३) सुविकक्षा तामाङ (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ०९-०१-७४-०१९१७ जारी मिति/जिल्ला : २०७४/०६/०१, भोजपुर स्थायी ठेगाना : रामप्रसादराई गा.पा वडा नं.०४, भोजपुर हालको ठेगाना : केराबारी गा.पा वडा नं.०६, मोरङ पति : भक्त वहादुर तामाङ ससुरा : ताकमान तामाङ पिता : गणेश तामाङ्ग
क्र.सं.८	**ऋणीको विवरण**	**जमानीकर्ताहरुको विवरण**
शाखा कार्यालय : उर्लाबारी, मोरङ	**राधा परियार (ऋणी)** ना.प्र.नं. : ०५-०२-७४-०७७१३ जारी मिति/जिल्ला : २०७४/११/२०, मोरङ स्थायी ठेगाना : पथरी शनिश्चरे न.पा वडा नं.०५, मोरङ हालको ठेगाना : उर्लाबारी न.पा वडा नं.०७, मोरङ पति : राम वहादुर परियार ससुरा : दिल वहादुर परियार पिता : कैलु राजवंशी	**१) राम वहादुर परियार (व्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ०५२०६२/४५५ जारी मिति/जिल्ला : २०६६/०२/२५,मोरङ स्थायी ठेगाना : हसन्दह गा.वि.स वडा नं.०५, मोरङ हालको ठेगाना : उर्लाबारी न.पा वडा नं.०७, मोरङ पिता : दिल वहादुर परियार बाजे : टेक वहादुर परियार **२) गिता परियार (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ३१३३२ जारी मिति/जिल्ला : २०६३/०८/२०, मोरङ स्थायी ठेगाना : हसन्दह गा.वि.स वडा नं.०५, मोरङ हालको ठेगाना : उर्लाबारी न.पा वडा नं.०७, मोरङ पति : कमल सिंह परियार ससुरा : दिल वहादुर परियार पिता : सनमान लावर
क्र.सं.९	**ऋणीको विवरण**	**जमानीकर्ताहरुको विवरण**
शाखा कार्यालय : उर्लाबारी, मोरङ	**राम वहादुर सार्कि (ऋणी)** ना.प्र.नं. : २३११४३१४९ जारी मिति/जिल्ला : २०५३/०९/०३, झापा स्थायी ठेगाना : दमक न.पा वडा नं.१५,झापा हालको ठेगाना : दमक न.पा वडा नं.०९, झापा पिता : रमेश शार्कि बाजे : खड्क वहादुर सार्कि	**१) गिता सार्की (व्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : २३१११५८९ जारी मिति/जिल्ला : २०५७/०२/१८, झापा स्थायी ठेगाना : दमक न.पा वडा नं.१५,झापा हालको ठेगाना : दमक न.पा वडा नं.०९, झापा पति : राम वहादुर सार्की ससुरा : रमेश शार्कि पिता : धन वहादुर दर्जि **२) भिम वहादुर राई (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : २००४६/१०८३ जारी मिति/जिल्ला : २०६२/०१/०५, मोरङ स्थायी ठेगाना : टाँडी न.पा वडा नं.०५, मोरङ हालको ठेगाना : उर्लाबारी न.पा वडा नं.०४, मोरङ पिता : टठ वहादुर राई बाजे : सिहंलाल राई

नोट : ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानीकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको छ ।

Corporate Office: Banepa-8, Kavreplanchowk
Phone : 011-660034 | www.nicasialaghubitta.com
साथी सँगै सबल बन्दै

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार २२ कातिक ०८०

लघुवित्तमा झन्डै डेढ खर्ब बहुबैंकिङ कर्जाको पासोमा चार लाख ग्राहक

एउटै ऋणीले १७ लघुवित्तबाट ५२ लाख १७ हजारभन्दा बढी ऋण लिएको पाइयो : राष्ट्र बैंक

पवन तिमिल्सिना/नयाँ पत्रिका

एउटै ऋणीले एकभन्दा बढी लघुवित्त वित्तीय संस्थाहरूबाट ऋण लिँदा एक खर्ब ४० अर्ब ६५ करोड ऋणको पासोमा ग्राहक फसेको नेपाल राष्ट्र बैंकको अध्ययनले देखाएको छ। यो कुल कर्जाको ३७.८३ प्रतिशत हो।

केन्द्रीय बैंकले मंगलबार सार्वजनिक गरेको लघुवित्त वित्तीय संस्थाहरूका समस्या र समाधान अध्ययन प्रतिवेदनअनुसार चार लाख १८ हजार सात सय २२ जना ऋणीले एकभन्दा बढी लघुवित्तमार्फत ऋण लिएका हुन्। बहुबैंकिङमार्फत कर्जा लिनेको संख्या कुल २३ लाख एक हजार दुई सय ९३ ऋणीको १८.२ प्रतिशत हो।

एकभन्दा बढी लघुवित्त वित्तीय संस्थाबाट क्षमताभन्दा बढी ऋण लिने र कर्जाको आकार बढ्दै गएपछि तिर्न नसक्ने अवस्थामा लघुवित्तका ग्राहक पुगेको अध्ययनले देखाएको छ। यो संख्यात्मक रूपमा थोरै देखिए पनि पोर्टफोलियो (कर्जाको आकार)को हिसाबले भयावह स्थिति रहेको अध्ययन समितिका संयोजक एवं राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले बताए। उनले भने, 'लघुवित्तहरूलाई बहुबैंकिङको जुन किसिमको आरोप लाग्ने गरेको थियो, यस्ता ऋणीको संख्या भने धेरै छैन, तर कर्जाको आकार भने ठूलो देखिन्छ।'

एउटै ऋणीले २३ वटा लघुवित्त वित्तीय संस्थाबाट कर्जा लिएको प्रतिवेदनमा खुलेको छ। त्यस्तै, अर्का एक ऋणीले १७ वटा लघुवित्त वित्तीय संस्थामा २२ वटासम्म खाता खोलेर ५२ लाख १७ हजार आठ सय ३४ रुपैयाँसम्म कर्जा लिएको प्रतिवेदनले देखाएको छ। एकभन्दा बढी संस्थाबाट कारोबार गरेका ऋणीहरूको औसत कर्जा तीन लाख ३६ हजार रहेको छ।

प्रतिवेदनअनुसार दुईवटा लघुवित्तबाट कर्जा लिएका ऋणीहरूको हिस्सा ११.६९ प्रतिशत छ। यस्ता ऋणीले कुल कर्जाको १७.४६ प्रतिशत (६४ अर्ब ८५ करोड) कर्जा लिएका छन्। कुल ऋणीको ५.५८ प्रतिशतले तीनदेखि पाँचवटा लघुवित्त वित्तीय संस्थाबाट ५५ अर्ब ३८ करोड कर्जा लिएका छन्। त्यसैगरी, पाँचदेखि १० वटा लघुवित्तबाट ऋण लिनेको संख्या १९ हजार दुई सय ८० छ। १० भन्दा बढी लघुवित्तबाट दुई हजार ४९ जनाले तीन अर्ब ४४ करोड कर्जा लिएका छन्।

एउटा मात्र लघुवित्तबाट अधिकतम १७ लाख सात हजारसम्म ऋण लिएका छन्। कर्जाको आकार बढेसँगै दुईभन्दा बढी लघुवित्तमा आबद्ध ऋणीको संख्या बढिरहेको देखिन्छ। जस्तै, ५० हजारभन्दा कम कर्जा लिने ६ लाख ५७ हजार ऋणीमध्ये ९७.३ प्रतिशतले एउटाबाट मात्रै ऋण लिएका छन्। तर, १५ लाखभन्दा बढी ऋणको पोर्टफोलियो भएका तीन हजार आठ सय ५२ जनाले बहुबैंकिङ कर्जा लिएको प्रतिवेदनमा उल्लेख छ।

■ उच्च विस्तार नै समस्याको जड

कर्जाको सहज उपलब्धतासँगै बहुबैंकिङ र ऋणको भार बढ्दै गएको प्रतिवेदनको निष्कर्ष छ। विगतमा लघुवित्तको संख्या, शाखा र कर्मचारीको संख्यामा भएको उच्च वृद्धिले कर्जा विस्तारलाई बढाउन मलजल गऱ्यो।

०७४ यता लघुवित्त वित्तीय संस्थाहरूको विस्तार उच्च भयो। ०५० सालमा दुईवटा मात्र लघुवित्त रहेकामा ०७२ असारमा ३८ वटा र ०७५ चैतमा हालसम्मकै उच्च ९१ वटासम्म पुगेको थिए। राष्ट्र बैंकले मर्जर-प्राप्तिमा जोड दिएसँगै ०७९ चैतमा लघुवित्त वित्तीय संस्थाको संख्या ६३ मा झरेको छ। ०६६ असारदेखि ०७१ असारसम्म सामान्य दरमा वृद्धि भइरहेको लघुवित्तको संख्या ०७१ असारदेखि ०७६ असारसम्म तेब्बरले बढ्यो।

पछिल्ला वर्षहरूमा संख्यात्मक रूपमा लघुवित्त संस्था घटे तापनि शाखा र कर्मचारीको संख्यामा भने निरन्तर वृद्धि भएको छ। ०७३ देखि ०७९ को अवधिमा औसतमा शाखा संख्या २५.०४ प्रतिशत र कर्मचारीको वृद्धिदर क्रमशः २२.८२ प्रतिशत रहेको छ।

कोभिड-१९ पछि बाह्य क्षेत्रमा देखापरेको दबाबसँगै राष्ट्र बैंकले अवलम्बन गरेको संकुचित मौद्रिक नीति र आर्थिक गतिविधिमा संकुचन आएसँगै लघुवित्त क्षेत्रमा समेत प्रभाव पऱ्यो। कोभिडमा आम्दानी घटेको, लघुवित्तबाट कर्जा लिएर उपभोग गरिएको, आर्थिक गतिविधिमा शिथिलता आएकाले कर्जा भुक्तानी प्रभावित हुन पुग्यो। यसले ऋण नतिर्ने अभियान तथा मिटरब्याजी आन्दोलनसमेतलाई लघुवित्तसँग तुलना गरिनुजस्ता घटनाले लघुवित्त क्षेत्रलाई थप दबाबमा पारेको प्रतिवेदनले उल्लेख गरेको छ।

■ समाधानको बाटो : कर्जा साटासाट

दुईभन्दा बढी संस्थाबाट ऋण लिएकालाई लघुवित्तले आपसी समझदारीमा शुल्क नलिई बचत तथा कर्जा साटासाट गर्न सक्ने व्यवस्था गर्न प्रतिवेदनले सुझाव दिएको छ। सीमाभन्दा बढी शाखा रहेका स्थानमा आपसी समझदारीमा शाखा खरिद-बिक्री वा साटासाट गर्न सकिनेसमेत सुझावमा उल्लेख छ। बहुबैंकिङको समस्या समाधान गर्न कर्जा स्वाप गर्न सकिने व्यवस्था गरिएको अध्ययन समितिका सदस्यसमेत रहेका नेपाल लघुवित्त बैंकर्स संघका महासचिव रामबहादुर यादवले बताए। उनले भने, 'लघुवित्तका संख्या बढाउने र मनपरी शाखा विस्तारलाई नियन्त्रण गर्न प्रयास गरिएको छ। यो प्रतिवेदन ग्राहक संरक्षणमा बढी केन्द्रित छ।'

त्यस्तै, लक्ष्य निर्धारण गर्ने विषयमा आक्रामक बन्दा बजारमा अस्वस्थ प्रतिस्पर्धा भएको अध्ययनमा देखिएको छ। अब लक्ष्य निर्धारणलाई समेत वैज्ञानिक बनाउन सुझावमा समेटिएको यादवको भनाइ छ। किस्ता रकम बुझाउन नसकेका ऋणीलाई साँवा भुक्तानी बुझाउने समय ६ महिना थप गर्न सुझाव दिइएको छ। ब्याजमा केही छुट दिई ऋण असुल गर्न सकिने विकल्पसमेत सुझाइएको छ। त्यस्तै, क्षमता भए तापनि जानाजानी कर्जा नतिर्नेलाई कालोसूचीमा राखी सरकारी सेवा-सुविधाबाट वञ्चित गर्ने व्यवस्था गर्ने भनिएको छ। लाभांश वितरणमा १५ प्रतिशतको सीमा राखी कोषको लागतमा ८ प्रतिशत थपी ब्याजदर कायम गर्न सुझाव दिइएको छ।

■ कर्जा नतिर्न उक्साउनेलाई कारबाही

लघुवित्तको कर्जा नतिर्न उक्साउने समूह वा व्यक्तिलाई जरिवाना तथा कैदको व्यवस्था गर्न कानुन संशोधन गर्नुपर्ने सुझाव प्रतिवेदनले दिएको छ। त्यस्तै, बैंकिङ तथा वित्तीय सेवा प्रदान गर्ने स्थानमा अवरोध गर्ने, कार्यालयभित्र प्रवेश गरी तोडफोड गर्ने, धम्क्याउनेजस्ता गतिविधि गर्नेलाई पनि कानुनी कारबाहीको दायरामा ल्याउन कानुन संशोधन गर्न सुझाव दिइएको छ।

कर्जा सदुपयोगिताको अनुगमन गर्नुपर्छ



प्रकाशकुमार श्रेष्ठ, कार्यकारी निर्देशक तथा संयोजक, अध्ययन समिति, नेपाल राष्ट्र बैंक

कुनै ग्राहकले कर्जा तिर्नै नसक्ने अवस्था भए समस्या समाधानतर्फ केन्द्रित हुनुपर्ने विषय सुझावमा समेटिएको छ। लघुवित्तका पदाधिकारी तथा कर्मचारीले ग्राहकप्रतिको व्यवहारमा सुधार ल्याउनुपर्ने देखिन्छ। यो सामाजिक बैंकिङ भएकाले लघुवित्तले ग्राहकप्रति गर्ने व्यवहारको ठूलो महत्त्व छ। त्यसबाहेक कुनै परियोजना वा कुनै वर्गका ग्राहकलाई पाँच लाखसम्मको कर्जा दिन मिल्ने सीमा छ भने पाँच लाख नै दिने परिपाटी देखियो। त्यस्तै, कर्जा सदुपयोगिताको अनुगमनसमेत गर्नुपऱ्यो। लघुवित्तले छिटो नाफा कमाउने हिसाबले कर्जा प्रवाह र असुली गर्नुहुँदैन।

कर्जा व्यवस्थित गर्न खोजिएको छ



● **रामबहादुर यादव**
महासचिव, नेपाल लघुवित्त बैंकर्स संघ

लघुवित्तले वित्तीय र सामाजिक दायित्वलाई सन्तुलन गरेर लैजानुपर्ने प्रतिवेदनको सन्देश हो। अहिले बजारका समस्यालाई समेत सम्बोधन गर्न खोजेको छ। कतिपय अवस्थामा लघुवित्तलाई कस्ने नीतिबारे समेत यो प्रतिवेदनले सुझाव दिएको छ। मोडालिटीमा प्रश्न उठिरहेको थियो। अहिलेको मोडालिटीमा लचकता दिएको छ। लघुवित्तले दिने कर्जालाई पनि व्यवस्थित गर्न खोजिएको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

समृद्धि यात्रामा सहयोग गर्न क्यासीका उद्यमीलाई प्रधानमन्त्रीको आह्वान

नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहालले एसिया प्रशान्त क्षेत्रका व्यवसायी लिडरहरूलाई नेपालमा लगानी गर्न आग्रह गरेका छन्। एसिया प्रशान्त क्षेत्रीय उद्योग वाणिज्य परिसंघ (क्यासी)का अध्यक्ष पिटर म्याकमुलिन एमसहितको प्रतिनिधिमण्डलसँग मंगलबार भएको भेटवार्तामा उनले नेपालको समृद्धिको यात्रामा सहयोग गर्न आग्रह गरेका हुन्।

'नेपालले राजनीतिक उपलब्धि हासिल गरिसकेको र अबको यात्रा समृद्धि नै भएकाले यसमा सहयोग गर्न क्यासी पदाधिकारीलाई आग्रह गर्छु,' प्रधानमन्त्री दाहालले भने, 'नेपालले राष्ट्रिय एवं अन्तराष्ट्रिय लगानी आह्वान गरिरहेको र सरकार पनि सबै प्रकारको सहयोग गर्न तयार रहेको विश्वास दिलाउन चाहन्छु।'

भेटवार्ताको नेतृत्व गरेका महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले क्यासी सम्मेलन नेपालको आर्थिक विकासका मुद्दामा केन्द्रित भएको जानकारी गराए। एसिया प्रशान्त क्षेत्रबाट लगानी एवं प्रविधि भित्र्याउन क्यासीमार्फत महासंघले पहल गर्ने पनि उनले बताए। क्यासीका अध्यक्ष पिटरले लगानी आकर्षण एवं आर्थिक व्यवसायिक सम्बन्ध विस्तारमा सहयोग पुऱ्याउन क्यासी तयार रहेको प्रतिबद्धता जनाए।

नेपालले छोटो अवधिमा पनि उत्कृष्ट कार्यक्रम आयोजना गर्न सफल भएकोमा क्यासीका अध्यक्ष पिटरले खुसी व्यक्त गरे। विश्व आर्थिक मञ्चमा ठूलो हिस्सा ओगट्ने एसिया प्रशान्त क्षेत्र नेपालको विकास अभियानमा बलियो सहयोगी हुने पनि उनले प्रधानमन्त्री दाहाललाई विश्वास दिलाए। क्यासी एसिया प्रशान्त क्षेत्रका २६ देशका २८ वटा राष्ट्रियस्तरका उद्योग वाणिज्य संघहरू सदस्य रहेको संस्था हो। काठमाडौंमा आयोजना भएको क्यासीको ३७औं सम्मेलनमा एसिया प्यासिफिक क्षेत्रका सदस्य राष्ट्रहरूबाट ६० भन्दा बढी व्यवसायी नेताहरू सहभागी छन्।

जग्गा सरकारकै स्वामित्वमा हुने गरी मात्रै निजीकरण

काठमाडौं/ उद्योग प्रतिष्ठानको निजीकरण गर्दा जग्गाचाहिँ सरकारकै स्वामित्वमा राखिने भएको छ। सार्वजनिक संस्थानलाई जुनसुकै मोडलमा निजीकरण गरिँदा पनि जग्गा भने सरकारी स्वामित्वमै राखिने भएको हो।

अर्थमन्त्री डा. प्रकाशशरण महतको अध्यक्षतामा मंगलबार बसेको निजीकरण समितिको ९४औं बैठकले निजीकरण गर्दा जग्गाको स्वामित्व हस्तान्तरण नगर्ने निर्णय गरेको हो। बन्द अवस्थामा रहेका उद्योग संस्थान विभिन्न मोडलमा निजीकरण गरिने, तर जग्गाको स्वामित्व सरकारमातहत नै राख्ने निर्णय भएको अर्थ मन्त्रालयले जनाएको छ।

'जुनसुकै मोडेलमा सञ्चालन गरिए पनि सम्बन्धित उद्योग प्रतिष्ठानको भोगाधिकारमा रहेका जमिनको स्वामित्व भने नेपाल सरकारकै रहने' उक्त बैठकले निर्णय गरेको छ।

बैठकमा निजीकरण प्रक्रिया र निजीकरण भएका प्रतिष्ठानको विवाद तथा समस्या समाधानलगायत विषयमा बृहत् छलफल भएको थियो। हाल नेपाल सरकारको स्वामित्वमा रहेको, तर बन्द अवस्थामा रहेका उद्योग वा प्रतिष्ठानहरू पुनः सञ्चालनका लागि अध्ययन गरेर मोडालिटी बनाइने भएको छ। 'बन्द अवस्थामा रहेका उद्योगहरूको सम्बन्धमा कार्यदल बनाई सञ्चालनमा ल्याउन सक्ने सम्भावना र मोडालिटीका बारेमा अध्ययन गर्ने र अध्ययनको निष्कर्षका आधारमा अगाडि बढ्ने,' बैठकले निर्णय गरेको छ।

हाल बन्द अवस्थामा रहेका नेपाल ओरिन्यट म्याग्नेसाइटलगायत सातवटा उद्योग सञ्चालनका मोडालिटी तथा विकल्पबारेसमेत छलफल भएको मन्त्रालयले जनाएको छ।

केयूले २८ नवीनतम सोचलाई एक करोड ४० लाख लगानी गर्ने

मंगलबारदेखि १५ पुससम्म आवेदन दिन सकिने

काठमाडौं/ काठमाडौं विश्वविद्यालयले नवीनतम सोच भएका परियोजनाका लागि एक करोड ४० रुपैयाँ लगानी गर्ने भएको छ। केयूले स्थापना गरेको इन्कुबेसन सेन्टर र नर्वे सरकार सहयोगको इनरजाइज नेपाल कार्यक्रमले नवीनतम सोचसहितका विभिन्न व्यवसायको प्रवर्द्धनका लागि लगानी गर्ने भएको हो।

नवीनतम सोचदेखि व्यापारसम्म सहायता कार्यक्रमअन्तर्गत इनरजाइज नेपालले विनियोजन गरेको ४० लाख रुपैयाँमा ऊर्जासँग सम्बन्धित नवीनतम सोचलाई (इनोभेटिभ आइडिया) मात्र व्यापारमा परिणत गर्न उपलब्ध गराइने केयूले जनाएको छ। यसअन्तर्गत सम्पूर्ण नेपाली नागरिकले आवेदन दिन सक्नेछन्। एक करोड रुपैयाँचाहिँ ऊर्जालगायत अन्य क्षेत्रमा भएका सोचलाई व्यापारमा परिणत गर्न उपलब्ध गराइनेछ।

यसअन्तर्गत आवेदकहरू केयूसँग आबद्ध विद्यार्थी, कर्मचारी, विभागीय कर्मचारीलगायतले मात्र आवेदन दिन पाउने जानकारी दिइएको छ।

केयूका अनुसार प्रत्येक पाँच लाख गरी २८ वटा नवीनतम सोचले परियोजनाबाट सहायता पाउनेछन्। कार्यक्रमका लागि विश्वविद्यालय अनुदान आयोगले एक करोड र इनरजाइज नेपालले केयूलाई ४० लाख रुपैयाँ उपलब्ध गराएको हो।

लगानीका लागि मंगलबारदेखि खुला गरिएको आवेदन ३१ डिसेम्बरसम्म तोकिएको छ। निवेदन दिएपछि दुई हप्ताभित्रै लगानीयोग्य परियोजनालाई लगानी गर्ने व्यवस्था गरिएको इनरजाइज नेपालका आयोजना प्रबन्धक डा. विजय थापाले जानकारी दिए। 'नवीनता सोचमा आधारित व्यापार र व्यवसायको प्रवर्द्धन गर्ने, यसमार्फत रोजगारी सिर्जना गर्ने र विद्यार्थीदेखि लगानी गर्न चहानेहरूसम्मका लागि अवसर सिर्जना गरी यसमार्फत देशको अर्थतन्त्रमा योगदान दिने उद्देश्यसहित कार्यक्रम सुरु गरेका हौं,' उनले भने, 'लगानी योग्य प्रस्तावको मूल्यांकन दुई हप्ताभित्र भएर उनीहरूको सोचको परियोजना लगानीयोग्य भए तुरुन्तै सहायता पाउनेछन्।' प्रस्तावित परियोजना लगानी योग्य नभएमा उनीहरूलाई प्राविधिक सहयोग भने उपलब्ध गराइने थापाले जानकारी दिए। केयूले प्रस्ताव आएपछिको मूल्यांकन गरी निर्णयका लागि तीन सदस्यीय समितिसमेत गठन गरेको छ।

केयूअन्तर्गत इकुबेसन सेन्टरले १०, इनरजाइज नेपालले आठ र नेपाल टेक्नोलोजी इनोभेसन सेन्टरले १० वटा विभिन्न नवीनतम आइडियालाई लगानी गरिसकेको छ। विशेष गरी ऊर्जा, कृषि, स्वास्थ्य र प्रविधि क्षेत्रमा उनीहरूले लगानी गरेका छन्। इनरजाइज नेपालका अनुसार यस आयोजनामार्फत दुई सयभन्दा बढीले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा रोजगारी पाइसकेका छन्। लगानी गरेको रकमबाट आएको मुनाफालाई फेरि नवीनतम सोचमा आधारित लगानी गर्ने गरी कार्यक्रम अघि बढेको प्रबन्धक थापाले जानकारी दिए।

सेन्ट्रल फाईनान्स लिमिटेडको नाममा रहेको गैर बैंकिङ्ग सम्पत्ति लिलाम बिक्रि गर्ने बारेको गोप्य शिलबन्दी लिलाम बढाबढ सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मितिः २०८०/०७/२२, बुधबार

यस संस्थाको नाममा दर्ता कायम रहेको तपसिल बमोजिमको जग्गा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा यस संस्थाको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गर्नुपर्ने भएको हुँदा खरिद गरी लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन वा सो दिन सार्वजनिक बिदा परे सो पछि कार्यालय खुलेको दिन दिनको ३:०० बजे खोलिने हुँदा बोलपत्रवाला वा आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ।

तपसिल

क्र.सं	जिल्ला	न.पा./गा.वि.स	वडा नं.	किता नं.	क्षेत्रफल	कैफियत
१.	काठमाण्डौ	साइला	६ग	१०७८	०-८-३-२ (रो-आ-पैसा-दाम)	घर जग्गा
२.	रौतहट	जुडिबेला	५	७४२	०-१०-०-० (विगाहा- कठ्ठा -धुर -कनवा)	जग्गा

लिलामीका शर्तहरु

१) गोप्य शिलबन्दी बोलपत्र फाराम यस संस्थाको केन्द्रीय कार्यालय कुपण्डोल ललितपुरबाट रु.१०००।- तिरी (फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ। फोटोकपी बोलपत्र फारामलाई मान्यता दिइने छैन।
२) गोप्य शिलबन्दी बोलपत्र फाराममा आफुले कबुल गरेको रकम अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ।
३) गोप्य शिलबन्दी बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत रकम नगदै यस संस्थाको खाता रहेको बैंक तथा वित्तीय संस्थामा जम्मा गरेको भौचर वा यस संस्थाको नाममा खिचिएको GOOD FOR PAYMENT को चेक बोलपत्र साथ पेश गर्नुपर्नेछ।
४) बोलपत्रका साथ बोलपत्रदाता व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाण पत्र तथा कर दर्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।
५) लिलाममा चढाएको सम्पत्ति सम्बन्धमा आवश्यक जानकारी लिन चाहने व्यक्तिले कार्यालय समय भित्र संस्थाको केन्द्रीय कार्यालय ललितपुर, कुपण्डोलमा सम्पर्क राखी जानकारी लिन सक्नुहुनेछ।
६) उपरोक्त गैर बैंकिङ्ग सम्पत्ति खरिद गर्न एकमुष्ट वा अलग अलग बोलपत्र पेश गर्न सकिनेछ।
७) बोलपत्र स्वीकृत भई संस्थाद्वारा निर्णय जानकारी गराई तोकिएको मिति भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा दाखिल खारेज नामसारी गरिलिनु पर्नेछ। म्याद भित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ।
८) कुनै शर्त राखी वा रित नपुगी वा म्याद नाघी पेश हुन आएको गोप्य शिलबन्दी बोलपत्र स्वतः रद्द हुनेछ।
९) गोप्य शिलबन्दी बोलपत्र खोलिने दिन बोलपत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन।
१०) स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी, दाखिला खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, कर तथा अन्य शुल्कहरु बोलपत्रदाता स्वयंले नै व्यहोर्नु पर्नेछ।
११) बोलपत्र सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दावी गर्न पाईने छैन।
१२) गोप्य शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार वित्तीय संस्थामा निहित रहनेछ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८० साल मंसिर महिना २६ गते मंगलबार कार्यालय समय भित्र।
शिलबन्दी बोलपत्र खोलिने मिति : २०८० साल मंसिर महिना २७ गते बुधबार दिनको ३:०० बजे।
बोलपत्र खोलिने स्थान : सेन्ट्रल फाइनान्स लिमिटेड, केन्द्रीय कार्यालय, कुपण्डेल, ललितपुर।

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs

केन्द्रीय कार्यालय : कानदेवता स्थान, कुपण्डोल, ललितपुर, फोन नं. ५९७०००५
इमेलः info@centralfinance.com.np वेबसाइटः www.centralfinance.com.np

Ngadi Group Power Ltd

Maharajgunj-3, Chakrapath, Kathmandu, Nepal

UNAUDITED FINANCIAL STATEMENTS FOR THE FIRST QUARTER on Ashoj 30, 2080 (17 October, 2023)

Amount in NRs

Particulars	F. Y. 2080/081 (1st Quarter)	F. Y. 2079/080 (4th Quarter)	F. Y. 2079/080 (1st Quarter)
Assets			
Non-Current Assets			
Net Fixed Assets	608,004,755	613,081,961	634,400,002
Financial Assets			
Investments	1,981,790,868	1,830,522,408	1,744,147,734
Other non-current Assets			
Total Non-Current Assets	**2,589,795,623**	**2,443,604,369**	**2,378,547,736**
Current Assets			
Advance, Loan and Deposits	20,040,557	170,737,298	402,240,180
Cash and Bank Balance	24,586,458	1,910,382	32,922,297
Total Current Assets	**44,627,015**	**172,647,680**	**435,162,477**
Total Assets	**2,634,422,638**	**2,616,252,049**	**2,813,710,214**
Equity and Liabilities			
Equity			
Equity Share Capital	1,851,279,223	1,851,279,223	1,767,331,000
Other Equity	88,712,861	88,712,861	-
Retained Earnings	83,804,381	67,345,845	183,921,498
Total Equity	**2,023,796,465**	**2,007,337,929**	**1,951,252,498**
Liabilities			
Non-Current Liabilities			
Financial Liabilities			
Secured Consortium Loans	545,397,000	73,179,542	111,503,086
Provisions for Staff Bonus	277,125		
Current Tax	2,716,106		
Provisions for Corporate Social Responsib	274,354		
Total Non-Current Liabilties	**548,664,585**	**73,179,542**	**111,503,086**
Current Liabilities			
Trade and Other Payables	61,810,929	495,570,224	397,518,201
Short Term Borrowings	-	23,605,735	353,128,698
Other Current Liabilities			
TDS Payables	150,659	16,558,618	307,732
Total Current Liabilities	**61,961,588**	**535,734,577**	**750,954,631**
Total Equity & Libilities	**2,634,422,638**	**2,616,252,049**	**2,813,710,214**

Income Statement for the Period ended Ashoj 30 , 2080 (17th October, 2023)

Amounts in NRs

Particulars	F. Y. 2080/081 (1st Quarter)	F. Y. 2079/080 (4th Quarter)	F. Y. 2079/080 (1st Quarter)
Income from Power Sales	48,269,501	123,509,665	46,621,928
Less: Royalty Expenses	965,336	3,124,220	1,432,439
Less: Cost of Sales	1,974,650	18,972,549	6,678,747
Gross Profit	**45,329,515**	**101,412,896**	**38,510,742**
Add: Non Operating Income	980,396	43,927,315	89,861,002
Less: Operating Expenses	-		
Administrative Expenses	9,118,219	7,400,329	1,963,837
NEA Charge	2,700		3,240
Operating Profit	**37,188,992**	**137,939,882**	**126,404,668**
Non Operating Expenses			
Financial Cost	2,216,456	32,219,092	19,712,408
Depreciation	7,260,000	29,058,773	7,258,290
Profit Before Tax & Bonus	**27,712,536**	**76,662,017**	**99,433,970**
Provision for Staff Bonus	277,125	1,533,240	-
Profit Loss after Bonus	**27,435,411**	**75,128,777**	**99,433,970**
Corporate Social Responsibility	274,354		
Current Tax	2,716,106	7,647,635	-
Profit After Tax	**24,444,951**	**67,481,142**	**99,433,970**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची-१४, नियम २६ को उपनियम (१) संग सम्बन्धित

आ. व. २०८०९/०८१ को प्रथम त्रैमासिक प्रतिवेदन

१) **वित्तीय विवरण**

(क) **त्रैमासिक अवधिको बासलात नाफा नोक्सान विवरण:**

यस डाडी ग्रुप पावर लि.को उपरोक्त त्रैमासिक आवधि सम्मको अपरिस्कृत बासलात, नाफा नोक्सान विवरण यसै साथ पेश गरिएको छ।

(ख) **प्रमुख वित्तीय अनुपातहरु / परिसूचकहरु:**

प्रति शेयर आम्दानी (वार्षिकीकरण गरिएको)	५.२८	**पी.इ. रेसियो** (वार्षिकीकरण गरिएको)	३७.८९
प्रति शेयर नेटवर्थ	१०९.३२	**तरलता अनुपात**	०.७२
प्रति शेयर कुल सम्पत्तिको मूल्य	१४२.३०		

२) **व्यवस्थापकिय विश्लेषण:**

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण सम्बन्धि विवरण:**

यस त्रैमासिक अवधिमा डाडी ग्रुप पावर लि.को सिउरी खोला जलविद्युत आयोजना पूर्ण रुपमा संचालनमा रहेको।

(ख) **व्यवस्थापनको विश्लेषणात्मक विवरण**

आगामी अवधिमा सम्पूर्ण शेयरधनीहरुको हितमा काम गर्दै कम्पनीलाई अगाडि बढाउन व्यवस्थापन कटिबद्ध रहेको छ।

३) **कानूनी कारवाहि सम्बन्धि विवरण:**

(क) यस अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर नभएको।

(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्था संचालकको विरुद्ध प्रचलित नियमको अवज्ञा वा फौजदारी अवरोध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए कम्पनीको जानकारीमा नभएको।

(ग) कुनै संस्था वा संचालक विरुद्ध आर्थिक अवरोध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको।

४) **संगठित संस्थाको शेयर कारोबार सम्बन्धि विश्लेषण:**

(क) शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको व्यवस्थापन शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ तर प्रचलित कानून अनुसार लगानीकर्ता तथा सम्बद्ध निकायहरुलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी भने संस्थाले उपलब्ध गराएको छ।

(ख) यस त्रैमासिक अवधिमा शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या: नेपाल स्टक एक्सचेन्जको वेवसाइट www.nepalstock.com अनुसार।

शेयरको अधिकतम मूल्य	२५४.८
शेयरको न्यूनतम मूल्य	१८५.८
शेयरको अन्तिम मूल्य	२००.१
कारोवार भएको कुल संख्या	१३५९४
कारोवार भएको कुल दिन	६१

५) **समस्या तथा चुनौती**

(क) परियोजना स्थलमा बाढि पहिरोको जोखिम तथा परियोजना स्थलभित्र भएका मेसिनमा आउन सक्ने समस्याहरु।

(ख) पावर हाउस र इन्टेकमा आउन सक्ने समस्याहरु

यस कम्पनीमा यस प्रकारका कुनै पनि समस्या आएको खण्डमा कम्पनीको संचालक समिति यस्ता कार्यलाई न्यूनीकरण गर्न सक्षम छ।

६) **संस्थागत सुशासन**

प्रचलित कानून बमोजिमका प्रक्रया पुऱ्याई कम्पनीको संस्थागत सुशासन कायम गर्ने।

७) **सत्य तथ्यता सम्बन्धमा अध्यक्षको / कार्यकारी प्रमुखको उद्घोषण :**

आजको मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु। साथै मैले जानेबुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्तालाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरु लुकाएको छैन भन्ने कुरा उद्घोषण गर्दछु।

ज्योति विकास बैंकद्वारा भूकम्पपीडितलाई आर्थिक सहयोग

काठमाडौं/ ज्योति विकास बैंकले जाजरकोट जिल्ला प्रशासन कार्यालयको भूकम्प प्रभावित राहत कोषमा पाँच लाख आर्थिक सहयोग गरेको छ। उक्त रकम बैंकका तर्फबाट जाजरकोट शाखाका प्रबन्धक वीरेन्द्रबहादुर ऐडीले जाजरकोटका प्रमुख जिल्ला अधिकारी सुरेश सुनार र सहायक प्रमुख जिल्ला अधिकारी हरिश्चन्द्र शर्मालाई हस्तान्तरण गरेका छन्। बैंकले आगामी दिनहरूमा पनि जाजरकोटस्थित शाखा कार्यालयमार्फत दीर्घकालीन र दिगो कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ।

ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०७/२२ गते

यस माछापुच्छ्रे बैंक लि. सिरहा शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको साँवा, ब्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा ब्याज, थप ब्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले पैतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ। उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटर तथा जमानी दिनेको नाम समेत कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न/गराउनुहुन विशेष अनुरोध गरिएको छ।

तपसिल

ऋणीको नाम, ठेगाना

१. प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय लहानमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम रहेको **न्यू राजु जनरल स्टोर**। प्रा.फ.र.नं. ११२४५/२०७६/०७७, दर्ता मिति : २०७६/०८/०४, पान नं. ६१२४७८२२६, दर्ता मिति : २०७६/०८/०५ ठेगाना : सिरहा जिल्ला, लहान न.पा. वडा नं. ५ (साविक : जिल्ला सिरहा, लहान बजार वडा नं. ५), **प्रोप्राइटर : राजु साह**

२. सनिता देवी
ना.प्र.नं. ३२-०१-७६-००२४८, जि.प्र.का. रौतहट, जारी मिति : २०७६/०१/१०
बाबु : बैजनाथ साह कानु, पति : राजु साह, ससुरा : सत्यनारायण साह कानु
ठेगाना : रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ४
हाल : रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ५

व्यक्तिगत जमानतकर्ताहरु

१. सनिता देवी ना.प्र.नं. ३२-०१-७६-००२४८, जि.प्र.का. रौतहट जारी मिति : २०७६/०१/१० बाबु : बैजनाथ साह कानु पति : राजु साह, ससुरा : सत्यनारायण साह कानु ठेगाना : रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ४ हाल : रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ५	**२. राजु साह** ना.प्र.नं. ५१६, जि.प्र.का. रौतहट जारी मिति : २०६३/१२/२९ बाबु : सत्यनारायण साह कानु बाजे : हरेदयाल साह कानु ठेगाना : रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ४ हाल : रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ५

३. सत्यनारायण साह कानु
ना.प्र.नं. १५८४, जि.प्र.का. रौतहट, जारी मिति : २०५०/०३/०३
बाबु : तुलसी साह कानु, बाजे : हरेदयाल साह कानु
ठेगाना : रौतहट जिल्ला, देवाही गा.वि.स. वडा नं. ६, हाल : रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ५

धितोमा रहेको सम्पत्तिको विवरण

१. हरेदयाल साह कानुको नाति, तुलसी साह कानुको छोरा, रौतहट जिल्ला, देवाही गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भइ हाल रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ५ बस्ने सत्यनारायण साह कानुको नाममा मालपोत कार्यालय रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, कर्कच गा.वि.स. वडा नं. ८ ग स्थित कि.नं. १७१ को क्षेत्रफल ०-०-१३ (वि.क.धु.) को जग्गा आदि सम्पूर्ण लिगलगापत समेत।
(उल्लेखित सम्पत्ति ऋणी न्यू राजु जनरल स्टोरको ऋण कर्जाका लागि धितोबन्धक पारीत भएको)।
२. न्यू राजु जनरल स्टोरले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु।
३. हरेदयाल साह कानुको नाति, तुलसी साह कानुको छोरा, रौतहट जिल्ला, देवाही गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भइ हाल रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ५ बस्ने सत्यनारायण साह कानुको नाममा मालपोत कार्यालय रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, देवाही गा.वि.स. वडा नं. १ ग स्थित कि.नं. ७७५ को क्षेत्रफल ०-०-६-१२ (वि.क.धु.क.) को जग्गा आदि सम्पूर्ण लिगलगापत समेत।
(उल्लेखित सम्पत्ति ऋणी सनिता देवीको ऋण कर्जाका लागि धितोबन्धक पारीत भएको)।

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, सिरहा

नबिल बैंक लिमिटेड, कीर्तिपुर शाखा, काठमाडौं तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०७/२२)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी तथा अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणकर्जा रकम ऋणी तथा जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चलअचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायाधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी तथा जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गर्नका लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम आवश्यक व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको नाम र ठेगानाको विवरण

पदम प्रसाद रेग्मीकी छोरी, भिम बहादुर खत्री क्षेत्रीकी बुहारी, विष्णु के.सी.की श्रीमती, गोरखा जिल्ला, घैरुङ गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल काठमाडौं जिल्ला, कीर्तिपुर न.पा. वडा नं. ०७ बस्ने, ना.प्र.नं. ४४/०१/७३/०४७५७ (जारी मिति: २०७३/०५/०५ स्थान गोरखा) भएकी **श्रीमती सृष्टि रेग्मी।**

ऋणीको व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. टोप बहादुर खत्री क्षेत्रीको नाति, भिम बहादुर खत्री क्षेत्रीको छोरा, जुकेना गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल काठमाडौं जिल्ला, कीर्तिपुर न.पा. वडा नं. ०७ बस्ने, ना.प्र.नं. ४०१०४०/१८४७ (जारी मिति: २०६९/०३/१२ स्थान अर्घाखाँची) भएका **श्री विष्णु के.सी.।**
२. टोप बहादुर खत्री क्षेत्रीको नाति, भिम बहादुर खत्री क्षेत्रीको छोरा, अर्घाखाँची जिल्ला, शितगंगा न.पा. वडा नं. ६ स्थायी घर भई हाल काठमाडौं जिल्ला, कीर्तिपुर न.पा. वडा नं. ०७ ना.प्र.नं. ४०/०१/७७/०१८६२ (जारी मिति: २०७७/०८/०८ स्थान अर्घाखाँची) भएका **श्री कृष्ण खत्री क्षेत्री।**

NABIL BANK
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

आइएमई ग्रुपले गऱ्यो प्रधानमन्त्री दाहाललाई डेढ करोडको चेक हस्तान्तरण



काठमाडौं/ आइएमई ग्रुप तथा ग्लोबल आइएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले जाजरकोट, रुकुम-पश्चिमलगायतका जिल्लाका भूकम्प प्रभावितका लागि घोषणा गरेको सहयोग रकम एक करोड ५० लाखको चेक प्रधानमन्त्री पुष्पकमल दाहाललाई हस्तान्तरण गरेका छन्। अध्यक्ष ढकालले ग्लोबल आइएमई बैंक, आइजिआई प्रुडेन्सियल इन्स्योरेन्स, आइएमई लाइफ इन्स्योरेन्स र आइएमई लिमिटेडलगायत आइएमई ग्रुपबाट प्रवर्द्धित कम्पनीहरू तथा आइएमई फाउन्डेसनमार्फत घोषणा गरिएको रकमको चेक प्रधानमन्त्री दाहाललाई हस्तान्तरण गरेका हुन्। चेक हस्तान्तरणमा अर्थमन्त्री डा. प्रकाशशरण महत र मुख्यसचिव डा. वैकुण्ठ अर्यालसमेतको उपस्थिति थियो।

यसैगरी आइएमई ग्रुपका प्रबन्ध निर्देशक हेमराज ढकाल, ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य, आइएमई लिमिटेडका प्रमुख कार्यकारी अधिकृत खिलेन्द्र पौडेल, आइजिआई प्रुडेन्सियल इन्स्योरेन्सका प्रमुख कार्यकारी युगेशभक्त बादे श्रेष्ठ, ग्लोबल आइएमई बैंकका वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी, नायब प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेललगायतको पनि उपस्थिति थियो।

सुरक्षा मापदण्डमा बिवाइडी डल्फिन र बिवाइडी सिलले पाए फाइभ स्टार



काठमाडौं/ अस्ट्रेलियाको नयाँ कारको मूल्यांकन गरिने एन्क्याप परीक्षण मापदण्डअनुसार बिवाइडी डल्फिन र बिवाइडी सिलले फाइभ स्टार मूल्यांकन प्राप्त गरेको छ। अस्ट्रेलिया र न्युजिल्यान्डको सवारीसाधनको सुरक्षामा स्वतन्त्र अवाज एन्क्यापले २०२३ देखि आफ्नो मूल्यांकनको मापदण्ड विस्तार गरेको हो। सुरक्षाका फाइभस्टार प्राप्त गर्न, सवारीसाधनले सबै परीक्षणमा उच्चतम मापदण्ड प्राप्त गर्नुपर्ने र अत्याधुनिक सुरक्षाका प्रविधिले सुसज्जित भएको हुनुपर्छ।

रिपोर्टअनुसार चालकको र छेउछाउ अथवा किनारामा परेको टक्करको प्रभाव परीक्षणमा बालबच्चाको सुरक्षामा पूर्ण अंक प्राप्त गरेको छ। यसले वयस्क यात्रीको सुरक्षामा ८९ प्रतिशत, बालबच्चा यात्रीको सुरक्षामा ८७ प्रतिशत, ८२ प्रतिशत सम्भावित जोखिममा रहेका सडक यात्रुको सुरक्षामा र ७५ प्रतिशत सुरक्षा सहयोगमा प्राप्त गरेको कम्पनीले जनाएको छ।

त्यसैगरी, यी दुई मोडलमा नयाँ मापदण्ड मूल्यांकनअनुसारको 'ढोका खुला हुने' प्रविधि क्षमता रहेको छ। यस प्रविधिले यदि कार पानीमा डुबेको खण्डमा कारको ढोका दुई मिनेटसम्म बन्द हुन दिनेछैन। एन्क्यापका प्रमुख कार्यकारी अधिकृत कार्ला हुर्वेजले भने, 'हाम्रो २०२३ को परीक्षण र मूल्यांकन मापदण्डमा थप उच्चस्तरीय संरचनात्मक सुरक्षाका साथै उत्पादनका क्षेत्रमा नवीन चुनौतीका सक्रिय सुरक्षा प्रविधिको आवश्यकता माग गरेका थियौं। र, खुसीको कुरा, यस वर्ष अहिलेसम्ममा यी तिनै मोडलले फाइभ स्टार मूल्यांकन पाएका छन्।'

ऋणी महर्जन बिजनेश एशोसियट्स प्रा.लि.का अख्तियार प्राप्त व्यक्ति कृष्ण लाल महर्जनलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५(पैतिस) दिनको अत्यन्त जरुरी सूचना

प्रकाशित मिति : २०८०/०७/२२

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को प्रधान कार्यालयबाट तपाई ऋणीले तपसिलमा उल्लेखित धितो सुरक्षण राखी कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक साँवा ब्याज लगायतका अन्य रकम समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाई ऋणीलाई पटक पटक लिखित, मौखिक तथा घर ठेगानामा समेत आई तरताकेता गर्दा समेत सो ऋण कर्जाको बाँकी बक्यौता किस्ता रकम चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जाको सम्पुर्ण रकम चुक्ता भुक्तान गर्न आउनु हुन सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी बस्ने समेतको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र तपाईले यस वित्तीय संस्थामा सम्पर्क राखी उक्त ऋण कर्जाको सम्पुर्ण रकम अविलम्ब चुक्ता भुक्तान गर्नु होला अन्यथा संस्थाको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं प्रचलित कानुन बमोजिम तपसिलको धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस संस्थाको लेना रकम असुल उपर गरिने तर्फ कारवाही गरिने र सो धितोबाट असुल उपर हुन नसकेमा प्रचलित कानुन बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई सूचित गरिन्छ। साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी तथा जमानीकर्ताको नाम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

तपसिल

क्र.सं	ऋणीको विवरण	सुरक्षण वापत धितोको विवरण	जमानीकर्ता
१.	नाम: महर्जन बिजनेश एशोसियट्स प्रा.लि. ठेगाना: काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. २५, न्यूरोड, काठमाडौं। अख्तियार प्राप्त व्यक्ति: कृष्ण लाल महर्जन दर्ता नं. १३७६५२/०७२/०७३ दर्ता मिति : २०७२/०४/१५ स्थायी लेखा नं. ६०३५१६८२३ स्थायी दर्ता मिति: २०७२/०४/१९ कर्जा: आवास (व्यावसायिक भवन निर्माण)	१. नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई प्रमाण पत्र नं. १३७६५२/०७२/०७३ प्राप्त गरी काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.२५ स्थित संचालित महर्जन विजनेश एसोसियट्स प्रा.लि.को नाममा मालपोत कार्यालय डिल्लीबजारमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. २५, को कि.नं. ९४२ को क्षेत्रफल १-३-३-० को जग्गामा निर्माण गरिएको महर्जन विजनेश एसोसियट्स प्रा.लि.को व्यवसायिक भवनको फल्याट मध्ये २(दोस्रो) तल्लाको पसल कवल नं. S6, S7, S8, S9, S10, S11 र S12 को क्षेत्रफल क्रमश : ५७२, १९८, २०३, १९७, १८०, ५८१ र २१३ गरी जम्मा २१४४ ब.फि. को फल्याट तथा सो ले चर्चेको र भविष्यमा चर्चने लिगलगापात समेत। २. नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई प्रमाण पत्र नं. १३७६५२/०७२/०७३ प्राप्त गरी काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.२५ स्थित संचालित महर्जन विजनेश एसोसियट्स प्रा.लि.को नाममा मालपोत कार्यालय डिल्लीबजारमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. २५, को कि.नं. ९४२ को क्षेत्रफल: १-३-३-० को जग्गामा निर्माण गरिएको महर्जन विजनेश एसोसियट्स प्रा.लि.को व्यवसायिक भवनको फल्याट मध्ये १ (पहिलो) तल्लाको पसल कवल नं. F10 र F14 को क्षेत्रफल क्रमश : ५८१ र १८४ गरि जम्मा ७६५ ब.फि. को फल्याट तथा सो ले चर्चेको र भविष्यमा चर्चने लिगलगापात समेत।	१. नाम: कृष्ण लाल महर्जन ठेगाना: ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं. ७ हाल ऐ जिल्ला ऐ वडा नं. ५ बाजे : बुद्धि लाल महर्जन बाबु : कर्म लाल महर्जन ना.प्र.नं.: ३/५५६ जारी मिति : २०४४/११/२५ जि.प्र.का. ललितपुर २. नाम: पुष्पा महर्जन ठेगाना: ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं. ७ हाल ऐ जिल्ला ऐ वडा नं. ५ बाजे : हिरा लाल सिंह बाबु : इन्द्र विक्रम सिंह सुवाल पति : कृष्ण लाल महर्जन ना.प्र.नं.: ४३४९४ जारी मिति : २०६३/०२/२९ जि.प्र.का. ललितपुर ३. नाम: किरण लाल महर्जन ठेगाना: ललितपुर जिल्ला ल.पु.म.न.पा वडा नं. ७ हाल ऐ जिल्ला ऐ वडा नं. ५ बाजे : बुद्धि लाल महर्जन बाबु : कर्म लाल महर्जन ना.प्र.नं.: ६०६३२ जारी मिति : २०४९/१२/०४ जि.प्र.का. ललितपुर ४. नाम: माद्री डंगोल ठेगाना: काठमाडौं जिल्ला का.म.न.पा वडा नं. ३० हाल ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं. ५ बाजे : गणेश मान सिंह बाबु : बद्री मान सी डंगोल पति : किरण लाल महर्जन ना.प्र.नं.: ३४८ जारी मिति : २०५७/०४/०५ जि.प्र.का. काठमाडौं ५. नाम: केशव लाल महर्जन ठेगाना: ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं. ७ हाल ऐ जिल्ला ऐ वडा नं. ५ बाजे: बुद्धि लाल महर्जन बाबु: कर्म लाल महर्जन ना.प्र.नं.: ३७९७/१७४३ जारी मिति: २०३३/०३/१७ जि.प्र.का. ललितपुर

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७,
फोन: ४४४४०३५, फ्याक्स: ४४४३४१४
इमेल: info@goodwill.net.np

शाखा कार्यालयहरु

डिल्लीबजार ४४२२२५० | इन्द्रचोक ५३२९५५४ | भक्तपुर ६६२००६७ | कुमारीपाटी ५४०८६५० | त्रिपुरेश्वर ५३३१५३३ | नयाँबजार ५५१०७३८ | इटहरी, सुनसरी ०२५-५८७०५१ | बिर्तामोड ०२३-५३०५४८ | नेपालगंज ०८१-५३२०५६

घोराही, दाङ ०८२-५६३३५० | ईलाम ०२७-५२०५४५ | फिदिम ०२४-५२१०६८ | बुटवल ०७१-५३७२८२ | बर्दिबास ०४४-५५०१०२ | धनगढी ०९१-४१७३५७ | नवलपुर ०८६-५७००६० | गैंडाकोट ०७८-५०१४११ | भैरहवा ०७१-५९०९६३

कुमारी बैंक लिमिटेड शाखा कार्यालय खजुरा, बाँकेको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०७/२२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय शाखा कार्यालय खजुरा, बाँकेबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंक्लाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंक्लाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंक्लाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० मंसिर ०७ गते बिहीबार**का दिन शाखा कार्यालय शाखा कार्यालय खजुरा, बाँकेमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

१. ऋणीको विवरण:
लाल्ता चमारको नाति, छोटेलाल चमार/बुन्देला चमारको छोरा, फुलमती चमारिनको पति, बर्दिया जिल्ला, गुलरिया न.पा. वडा नं. ११ (साबिक मोहम्मदपुर गा.वि.स. वडा नं. ०७) स्थायी ठेगाना भई हाल ऐ.ऐ बस्ने **जोला प्रसाद चमार** (ना.प्र.नं. २३८३, जारी मिति २०४६/०३/०४, जि.प्र.का बर्दिया)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. अरबर चमार/रामबच्ची चमारको छोरी, छोटेलाल चमार/बुन्देला चमारको बुहारी, जोला प्रसाद चमारको पत्नी बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ११ (साबिक मोहम्मदपुर गा.बि.स. वडा नं. ०७) बस्ने **फुलमती चमारिन** (ना.प्र.नं. ४४४, जारी मिति २०५८/१०/०१ जि.प्र.का. बर्दिया)।
२. छोटेलाल चमार/बुन्देला चमारको नाति, जोला प्रसाद चमार/फुलमती चमारिनको छोरा, बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ११ (साबिक मोहम्मदपुर गा.वि.स. वडा नं. ०७) बस्ने **तिलक राम चमार** (ना.प्र.नं. ६५/०१/७२/०५७०८, जारी मिति २०७२/१०/०५ जि.प्र.का. बर्दिया)।
३. छोटेलाल चमार/बुन्देला चमारको नाति, जोला प्रसाद चमार/फुलमती चमारिनको छोरा, बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ११ स्थायी ठेगाना भई हाल ऐ.ऐ बस्ने **संजय प्रसाद चमार** (ना.प्र.नं. ६५/०१/७७/०३७००, जारी मिति २०७७/०८/२५ जि.प्र.का. बर्दिया)।

धितो सुरक्षणको विवरण:
१. **जोला प्रसाद चमार**को नाममा मालपोत कार्यालय बर्दियामा दर्ता कायम रहेको बर्दिया जिल्ला, मोहम्मदपुर गा.बि.स. वडा नं. ७ स्थित कि.न. २०६५ को क्षेत्रफल ३२४.६३ (व.मी.)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. ऋणीको विवरण :
जुडहि खटिक/छेदाना खटिकको नाति, सुन्दर खटिक/सुन्दरा खटिकको छोरा, बर्दिया जिल्ला, गुलरिया न.पा. वडा नं. ११ (साविक मोहम्मदपुर गा.वि.स. वडा नं. ०४) बस्ने **राजेश हमाल खटिक** (ना.प्र.नं. ६५१००८/१२८४, जारी मिति २०६८/०९/२९ जि.प्र.का बर्दिया)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :
१. मगरे खटिकको नाति, जुडहि खटिक/छेदाना खटिकको छोरा, सुन्दरा खटिकको पति बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ११ (साबिक मोहम्मदपुर गा.वि.स. वडा नं. ०४) बस्ने **सुन्दर खटिक** (ना.प्र.नं. २८/८१, जारी मिति २०४४/१२/०७ जि.प्र.का. बर्दिया)।
२. मगरे खटिकको नाति, जुडहि खटिक/छेदाना खटिकको छोरा बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ११ (साबिक मोहम्मदपुर गा.बि.स. वडा नं. ०४) बस्ने **राम लखन खटिक** (ना.प्र.नं. १९/८० जारी मिति २०४४/१२/०६ जि.प्र.का. बर्दिया)।
३. मगरे खटिकको नाति, जुडहि खटिक/छेदाना खटिकको छोरा बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ११ (साबिक मोहम्मदपुर गा.बि.स. वडा नं. ०४) बस्ने **बुधे खटिक** (ना.प्र.नं. ४४ जारी मिति २०४४/१२/०९ जि.प्र.का. बर्दिया)।
४. मगरे खटिकको नाति, जुडहि खटिक/छेदाना खटिकको छोरा बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ११ (साबिक मोहम्मदपुर गा.बि.स. वडा नं. ०४) बस्ने **गोपाल खटिक** (ना.प्र.नं. २२३२ जारी मिति २०४६/०३/०१ जि.प्र.का. बर्दिया)।
५. जुडहि खटिक/छेदाना खटिकको नाति, सुन्दर खटिक/सुन्दरा खटिकको छोरा, बर्दिया जिल्ला, गुलरिया न.पा. वडा नं. ११ बस्ने **रुपेश खटिक** (ना.प्र.नं. ६५/०१/७६/०६२७४, जारी मिति २०७६/१०/०७ जि.प्र.का बर्दिया)

लिलाम हुने सम्पत्तिको विवरण:
१. **राम लखन खटिक..१, सुन्दर खटिक...१, बुधै खटिक..१, गोपाल खटिक..१** समेत जना ४ को संयूक्त नाममा मालपोत कार्यालय बर्दियामा दर्ता कायम रहेको बर्दिया जिल्ला, मोहम्मदपुर गा.बि.स. वडा नं. ४ स्थित कि.न. ७० को क्षेत्रफल ३०९५ (ब.मी.)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० मंसिर ०६ गते** भित्र बैंकको शाखा कार्यालय खजुरा, बाँकेमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय खजुरा, बाँकेबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमाले लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० मंसिर ०७ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बैंकको शाखा कार्यालय खजुरा, बाँकेमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै ब्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय खजुरा, बाँकेमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० मंसिर ०७ गते बिहीबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय खजुरा, बाँके फोन नं. ०८१-५६०४५६

कामना सेवा बैंकद्वारा प्रहरी कन्ट्रोल रुम सबलीकरण



काठमाडौं/ कामना सेवा विकास बैंक १७औं वर्षमा प्रवेश गरेको अवसरमा काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरी प्रहरी कन्ट्रोल रुम सबलीकरण कार्यक्रम सम्पन्न गरेको छ। कन्ट्रोल रुम सबलीकरण गरी काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक दीपक थापालाई बैंकका प्रमुख कार्यकारी अधिकृत दिनेश थकालीले हस्तान्तरण गरेका छन्। उक्त कार्यक्रममा बोल्दै प्रहरी अतिरिक्त महानिरीक्षक थापाले बैंकले सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत प्रहरी कन्ट्रोल रुमको सबलीकरण गरेसँगै सेवासमेत छिटो र छरितो हुन थालेको बताए। बैंकले आफ्नो स्थापनाको १७औं वार्षिकोत्सवको अवसरमा विभिन्न १७ वटा कार्यक्रमसहित सप्ताहव्यापी रूपमा कार्यक्रमहरू गरिरहेको छ। बैंकले गत शुक्रबारदेखि विभिन्न कार्यक्रमको आयोजना गरिरहेको छ। आगामी बिहीबारसम्म बैंकले विभिन्न कार्यक्रम गर्ने जनाएको छ।

पुसमा रियल इस्टेट एक्स्पो हुने



काठमाडौं/ घरजग्गा कारोबारमा छाइरहेको मन्दीलाई उकास्न काठमाडौंको भृकुटीमण्डपमा आठौं रियल इस्टेट एक्स्पो आयोजना हुने भएको छ। नेपाल जग्गा तथा आवास विकास संघले १२ देखि १५ पुससम्म एक्स्पो आयोजना गर्न लागेको हो। विश्वव्यापी फैलिएको कोभिड महामारीपछि पहिलोपटक रियल इस्टेट एक्स्पो आयोजना हुन लागेको हो। कोभिडअघि रियल इस्टेट एक्स्पोका सातवटा संस्करण सफलतापूर्वक सम्पन्न भएको संघका अध्यक्ष विदुर धमलाले बताए। एक्स्पोमा एक लाखभन्दा बढी दर्शक आउने आयोजकको अपेक्षा गरिएको छ।

एक्स्पो रियल इस्टेट क्षेत्रका डेभलपर र उपभोक्तालाई एउटै छानामुनि भेटघाटको अवसर हुने बताइएको छ। घरजग्गा बजार र घर खरिदकर्तालाई लक्षित गरी एक्स्पो आयोजना गर्न लागिए पनि रियल इस्टेट क्षेत्रभित्र पर्ने व्यावसायिक र व्यापारिक सम्पत्ति, वास्तुकला, निर्माण, भवन, इन्जिनियरिङ, बैंकिङ, बिमा कम्पनीसहित राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रदर्शकको सहभागिता हुने आयोजकले जनाएको छ।

एक्स्पोमा अपार्टमेन्ट र टाउन हाउस कम्प्लेक्स, घडेरी, विद्युतीय फिक्स्चर, फर्निचर, सेरामिक, फोहोर व्यवस्थापन, घरजग्गा एजेन्ट, निर्माण सामग्री आपूर्तिकर्ता तथा वितरक, निर्माण उपकरण तथा सेवा प्रदायकको उपस्थिति रहनेछ। 'यो एक्स्पो जग्गा तथा भवन विकासकर्ता, जग्गा तथा घर खरिदकर्ता, लगानीकर्ता, उपभोक्ता, घरजग्गा एजेन्ट, इन्जिनियर, आर्किटेक, टाउन प्लानर, इन्टेरियर डिजाइनर, प्रबलीकरण तथा पुनर्निर्माणसम्बन्धी डिजाइनर र निर्माण सामग्री आपूर्तिकर्ता तथा वितरक, निर्माण उपकरण उत्पादक एवं डिलर, प्लम्बर, इलेक्ट्रिसियन तथा लाइटिङ व्यवसायीलगायतका लागि साझा मञ्च हुनेछ,' संघका अध्यक्ष धमलाले भने, 'एक्स्पोमा उपभोक्ताले घर, जग्गा र अपार्टमेन्ट खरिद गर्न सक्ने अवसर प्राप्त गर्नेछन्।'

■ परिवर्तन पक्षधर दलहरूको बैठक

शान्ति प्रक्रिया चाँडै निष्कर्षमा पुऱ्याउँदै संविधान र गणतन्त्रको रक्षा गर्ने प्रतिबद्धता

प्रेम गौतम/नयाँ पत्रिका

१२बुँदे समझदारीदेखि शान्ति प्रक्रिया हुँदै संविधान निर्माणसम्म संलग्न दल-नेताले शान्ति प्रक्रिया चाँडै टुंग्याउँदै संविधान र गणतन्त्रको रक्षा गर्ने प्रतिबद्धता जनाएका छन् । संविधान र गणतन्त्रलाई चुनौती दिने शक्तिहरूको 'चलखेल' बढेको बुझाइमा रहेका दलहरू संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि एक हुनुपर्ने निष्कर्षमा पुगेका हुन् । गणतन्त्रप्रति प्रतिबद्धता दोहोऱ्याउँदै आवश्यक परे प्रतिवाद गर्न तयार रहेकोसमेत जनाएका छन् ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको आह्वानमा मंगलबार सिंहदरबारमा बसेको कांग्रेस, एमाले, माओवादी, एकीकृत समाजवादी, जसपा, नेसपा, लोसपालगायतका दलको बैठकमा नेताहरूले प्राप्त उपलब्धिको रक्षा गर्दै अगाडि बढ्ने प्रतिबद्धता गरेका छन् । शीर्ष नेताहरूले जनतामा देखिएको असन्तुष्टिमा खेलेर अराजकता फैलाउने काम हुन सक्ने भन्दै चिन्ता व्यक्त गरेका छन् ।

बैठकमा प्रधानमन्त्री प्रचण्डले संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि परिवर्तनकारी सबै दलहरू एकै ठाउँमा आइपुगेको बताए । प्रधानमन्त्री प्रचण्डले जाजरकोट र रुकुम पश्चिममा भएको क्षति, उद्धार र राहतमा सरकारले गरिरहेको कामबारे जानकारी गराएर एजेन्डामा प्रवेश गरेका थिए । विभिन्न ठाउँमा सामाजिक सद्भाव भड्काउने कोसिस भइरहेको, व्यवस्थामाथि नै प्रहार हुन थालेको उनले बताए ।

सानो रूपमा भए पनि समाज बिगार्ने काम व्यवस्था विरोधीहरूबाट हुन थालेको उनको भनाइ थियो । 'विभिन्न ठाउँमा सामाजिक सद्भाव भड्काउने कोसिस भएका छन् । व्यवस्थामाथि नै नकारात्मक प्रचार गरेर प्रहार हुन थालेको छ । ठूलो मात्रामा नभए पनि सानातिना रूपमा व्यवस्थाविरोधी गतिविधि देखिन थालेका छन् । हामी समीक्षा गर्दै अगाडि बढ्नुपर्ने भयो,' प्रधानमन्त्रीको भनाइ उद्धृत गर्दै बैठकमा सहभागी एक नेताले भने ।

बैठकपछि संक्षिप्त प्रतिक्रिया प्रधानमन्त्री प्रचण्डले उनले देशलाई गणतन्त्रसम्म ल्याउने दलहरूको बैठक बोलाइएको र परिवर्तनको पक्षमा साझा सहमति रहेको बताए । 'संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रप्रति सबै दलबाट साझा प्रतिबद्धता आयो । यो प्रारम्भिक भयो । समय आएको छ, हामी एकचोटी सामान्य समीक्षा गरौं भनेर गरिएको हो । यसलाई निरन्तरता दिनुपर्छ भन्ने सबै नेताहरूबीच समझदारी भयो,' प्रधानमन्त्रीले भने । कोसँग तर्सिनुभयो भन्ने पत्रकारको प्रश्नमा प्रचण्डले भने, 'कसैसँग तर्सिएको छैन ।'

प्रचण्डले अनावश्यक रूपमा गणतन्त्रमाथि प्रहार हुन थालेको भन्दै परिवर्तनकारी दलहरू मिलेर अगाडि बढ्नुपर्ने बताएका थिए । अहिले देखिएको विरोधको स्वरलाई नजर अन्दाज गरेर बस्न नहुनेमा उनले जोड दिए । विगतमा दलहरूले मिलेर परिवर्तन ल्याएको र यसको रक्षाका लागि मिलेरै अगाडि बढ्नुपर्नेमा उनले जोड दिएका छन् । व्यवस्थाको रक्षा र जनताको जीवनस्तर सुधारका लागि सरकारका तर्फबाट अधिकतम प्रयास गरिरहेकोसमेत प्रचण्डले बताएका छन् ।

प्रधानमन्त्रीले विषय प्रवेश गराएपछि कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी ओली, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, नेसपा अध्यक्ष डा. बाबुराम भट्टराईलगायतका नेताहरूले गणतन्त्रप्रति प्रतिबद्धता दोहोऱ्याए । जनतामा देखिएको असन्तुष्टिलाई सम्बोधन गर्दै अगाडि बढ्नुपर्ने आवश्यकता उनीहरूले औंल्याए ।

देउवाले संघीय लोकतान्त्रिक गणतन्त्रलाई स्वीकार गरिसकेकाले पछाडि फर्किने अवस्था नरहेको बताए । उनले क्रमिक रूपमा काम भइरहेको भन्दै विरोधीले हल्ला गरेजस्तो अवस्था नभएको दाबी गरे । देउवाको भनाइ उद्धृत गर्दै एक नेताले भने, 'कांग्रेसले विगतमा राजतन्त्र मानेको हो । तर, अहिले हामी संघीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध छौं । पछाडि फर्किने ठाउँ छैन । विरोधीले हल्ला गरेजस्तो गणतन्त्रमा केही पनि भएको होइन । क्रमिक रूपमा राम्रा काम भइरहेका छन् । शान्ति प्रक्रिया पनि दलहरू मिलेर टुंग्याउनुपर्छ ।'

एमाले अध्यक्ष ओलीले गणतन्त्रविरोधी शक्तिलाई एमालेले साथ नदिने बताए । तर, सरकारको कार्यशैलीका कारण गणतन्त्रविरोधीको हौसला बढेको ओलीको आरोप छ । 'संघीय लोकतान्त्रिक गणतन्त्र ल्याउन हामीले धेरै रगत पसिना बगाएका छौं । हाम्रा धेरै साथीहरू सहिद भएका छन् । हामी गणतन्त्रविरोधीहरूसँग लड्न तयार छौं । तर, सरकारकै कारण गणतन्त्रविरोधीको हौसला बढेको छ । सरकारले जनताको पक्षमा काम गर्न नसक्दा जनतामा वितृष्णा बढेको छ,' ओलीको भनाइ उद्धृत गर्दै एक नेताले भने ।

एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले सुशासन कायम गर्दै जनतालाई डेलिभरी दिनुपर्नेमा जोड दिए । जनताले संघर्ष गरेर ल्याएको व्यवस्था केही व्यक्तिले हल्ला गर्दैमा तलमाथि नहुने उनको भनाइ छ । यद्यपि, परिवर्तनकारी दलहरूबीच एकता आवश्यक रहेको उनले जोड दिए ।

व्यवस्थामा केही सुधार गरेर अवस्थामा आमूल परिवर्तन ल्याउनुपर्नेमा उनले जोड दिए । 'जनताको विश्वास प्राप्त गरेको व्यवस्थाको बारेमा कसैले केही भन्दैमा पछि लाग्न हुँदैन । दलहरूमा एकता आवश्यकता छ । व्यवस्था बदलियो अवस्था बदलिएन भन्ने भाष्य पनि पूर्णतः सही होइन । अवस्था पनि बदलिएको छ ।' नेपालको भनाइ उद्धृत गर्दै एक नेताले भने ।

नेसपा अध्यक्ष डा. बाबुराम भट्टराईले कुनै पनि क्रान्तिका उपलब्धिको रक्षा तिनको सही कार्यान्वयन र समयानुकूल विकास गरेर मात्र हुने बताए । 'अहिले जनतामा देखिएको असन्तुष्टिका निम्ति व्यवस्थालाई दोष दिने हैन । गत १७ वर्षयता सत्ताको नेतृत्व गर्नेहरूले लिनुपर्छ । मेरो भागमा पर्ने जिम्मा म लिन तयार छु,' भट्टराईले भनेका छन्, 'लोकतान्त्रिक गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समावेशिता खाटका चार खुट्टाझैं एक-आपसमा अन्तर सम्बन्धित छन् । तीमध्ये कुनै एकलाई ढालियो भने सबै ढल्ने खतरा हुन्छ । त्यसैले यी सबैको रक्षा गर्न सबै दल प्रतिबद्ध हुनुपर्छ ।'

क्रान्तिका उपलब्धिको रक्षा र विकास निम्ति सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोगसम्बन्धी काम तुरुन्त पूरा गर्नुपर्ने, राजनीतिक क्षेत्रमा अस्थिरता अन्त्य गर्न शासकीय प्रणाली र निर्वाचन प्रणालीमा सुधार गर्नुपर्ने, संघीयतालाई पूर्णता दिनुपर्ने, भ्रष्टाचार अन्त्य गर्न अर्को अधिकारसम्पन्न र स्वतन्त्र अंग बनाउनुपर्नेमा जोड दिए ।

इपिसेन्टरमा पुगेन खाद्यान्न

जाजरकोट/ भूकम्पको इपिसेन्टर रहेको पालिका बारेकोट गाउँपालिकामा चार दिन बित्दा पनि प्रशासनले चामल पठाएको छैन । एकद्वार प्रणाली भन्दै राहत सामग्री सदरमुकाम खलंगामा थुपारिएकामा जिल्ला प्रशासनले बारेकोटमा मंगलबार तीन सय थान ब्ल्यांकेट, तीन सय थान त्रिपाल र तीन सय ५० थान म्याट मात्र पठाइएको छ । अन्य पालिकामा चामल पठाइँदा इपिसेन्टरमा भने अझै खाद्यान्न पठाइएको छैन ।

बारेकोट गाउँपालिकाका अध्यक्ष वीरबहादुर गिरीले जिल्ला विपत् व्यवस्थापन समितिले अहिलेसम्म चामल नपठाएको बताए । 'अलिअलि पालिकाले बाँडेको छ, तर प्रशासनले राहतमा राजनीति गऱ्यो,' उनले भने, 'भूकम्पको चार दिन बित्दा पनि खाद्यान्न पठाइएको छैन ।' राहत माग गर्न पालिकाको टोली सदरमुकाम खलंगा पठाइएको उनले बताए । तर, जाजरकोटका सहायक प्रमुख जिल्ला अधिकारी हरिश्चन्द्र शर्माले मागअनुसारको राहत सामग्री पठाइएको र आवश्यक भए बुधबार नै खाद्यान्न पठाइने बताए ।

दुई हजार ८५४ बोरा चामल जाजरकोट पुग्यो

जाजरकोटका भूकम्पपीडितका लागि दुई हजार आठ सय ५४ बोरा चामल राहतस्वरूप प्राप्त भएको छ । जिल्ला प्रशासन कार्यालय जाजरकोटका अनुसार राहतस्वरूप नौ हजार नौ सय ५० थान त्रिपाल, ११ हजार थान ब्ल्यांकेट, कम्बल र सिरक प्राप्त भएको भएको छ । भुइँमा ओछ्याउने पिफर्म एक हजार ८३ रोल आएको छ । त्यस्तै, नुन तीन हजार नौ सय केजी, दाल चार हजार ६ सय २९ केजी प्राप्त भएको प्रशासनले जनाएको छ । जाजरकोटका सहायक प्रमुख जिल्ला अधिकारी हरिश्चन्द्र शर्माले संघ, प्रदेश र विभिन्न निकायबाट प्राप्त राहत सामग्री वितरणको काम धमाधम भइरहेको बताए । उनका अनुसार दुर्गम बस्तीमा राहत सामग्री हेलिकोप्टरमार्फत पुऱ्याउने काम भइरहेको छ ।

भाडामा बसेका पीडित र घाइतेले पाएनन् राहत

जाजरकोट सदरमुकाममा भाडामा बस्दै आएका भूकम्पपीडितले राहत पाउन सकेका छैनन् । थाप्ले बजारमा कुखुरापालन गर्दै आएका निर्मल शाह भूकम्पमा परेर घाइते भए । उनकी श्रीमती पनि घाइते छिन् । भेरी नगरपालिका-३ मा भाडामा बसेर व्यवसाय गरेका उनको खाना, लत्ताकपडा सबै पुरिएको छ । कुखुरा सबै मरे । तर, राहतका लागि वडा कार्यालय जाँदा बाहिरको मानिस (यहाँ स्थायी बसोवास नभएको)लाई राहत दिने गरिएको छैन भन्दै फर्काइयो । 'अहिले छिमेकीसँग मिलेर उहाँको त्रिपालभित्र बसिरहेका छौं,' हामीलाई चामल, त्रिपाल केही दिइएको छैन,' उनले भने । भूकम्पका वेला भाग्ने क्रममा उनको दाहिने हात भाँचिएको छ । उनको उपचार चौरजहारीमा भएको हो । अहिले उनको परिवार थाप्ले बजारमै आपत्कालीन रूपमा स्थापना गरिएको सामूहिक भोजनालयमा खाना खाने गर्छ । जाजरकोटका सहायक प्रमुख जिल्ला अधिकारी हरिश्चन्द्र शर्माले भाडामा बस्ने पीडितका लागि पालिकालाई राहत प्रदान गर्न जिम्मेवारी दिइएको बताए ।

बढ्दो चिसोमा...

पृष्ठ १ बाट क्रमशः

पार्वती र खिमा मात्र होइन, सानीभेरी-४ का अधिकांश भूकम्पपीडितको पीडा यस्तै छ । टाढाबाट हेर्दा घर सग्लोजस्तै देखिन्छन्, ढलेका छैनन् । तर, नजिक गयो भने धेरैजसो घर सग्ला छैनन् । कुनै न कुनै भाग भत्किएको छ । कतिपय घर त बाहिरबाट हेर्दा ठीकठाक देखिन्छन्, तर भित्र पस्दा मात्र थाहा हुन्छ, घर त ढल्नै लागेको रहेछ । 'टाढाबाट हेर्दा केही भएको छैन जस्तो लाग्छ तर हामी घर न घाटका भएका छौं,' खालचौरका बासमती कामीले भनिन्, 'हाम्रा घर त न ढल्न सके न सग्ला छन् ।' सबै घर गर्ल्याम्म नढलेका कारण झट्ट हेर्दा धेरै क्षति नभएकोजस्तो देखिँदा आफूहरूलाई राहतमा उपेक्षा गरिएको त्यहाँका भूकम्पपीडितको गुनासो छ ।

खालचौरमा एक सय १५ घर छन् । तर, भूकम्पपछि सबैले घर छाडेका छन् । सबैले घरबाहिर पाल टाँगेका छन् । कोही एकल रूपमा पालमा बस्छन् भने धेरैजसो २-३ घरपरिवार मिलेर बसिरहेका छन् । पर्याप्त ठाउँ नहुँदा एकैठाउँमा पाल टाँगेर बसिरहेको स्थानीय बादल चन्दले बताए । उनको परिवार पर्शुराम चन्द्र र अर्जुन विकको परिवारसँगै एउटै पालमुनि बसिरहेको छ । पार्वती र खिमाको परिवार एउटा पालमा बस्छ । गाउँमा यसरी नै मिलेर बसिरहेका छन् । दिनभरि कोहीले घरमा पुरिएका सामानको खोजीको प्रयास गर्छन् भने कोही अन्य काममा व्यस्त हुन्छन् । रात सुरु भएपछि घरबाहिरै आकाशमुनि खाना पकाउँछन्, पालमा सुत्छन् । धेरैका भान्सा खेतबारीमा छन् । घरमा जोखिम रहेकाले लगभग सबै वडावासी घरबाहिरै रहेको वडाध्यक्ष मनोज बिसीले जानकारी दिए । 'सबैको अवस्था यस्तै हो, हाम्रो वडामा साढे ६ सय बढी परिवार छन्, लगभग सबै घरबाहिरै छन्,' उनले भने ।

यो वडाका मेघा, खालचौर, स्यानाखाली, खड्का टोल, खत्रीटोल, मल्लटोल, दलितटोल, खिरखिरे बस्ती, गारछाला, लामाचौर, काउलेचौर, सुगेखोला, पुरानागाउँ, बलिवाङ, चोरपानी, गोलचौर, पाखापानी, गाउँबारी, टुरा, राम्री र चाख्लिमेला बस्तीमा भूकम्पले क्षति गरेको छ ।

सुत्केरीलाई त्रिपालमा रात काट्न सकस

खालचौरकी विमला खड्का तीनमहिने सुत्केरी हुन् । घरमा एक्लै बस्दै आएकी विमलाले शुक्रबार राति आफूसहित तीनमहिने छोरीको ज्यान मुस्किलले जोगाइन् । 'शरीरभरि माटो खस्दै थियो, छोरीलाई काखमा च्यापेर आँखा चिम्लेर निस्किएकी हुँ,' उनले भनिन्, 'धन्न ठूलो चोट लागेन, आमाछोरीको ज्यान बच्यो ।' घर ठाउँठाउँमा भत्किएको छ । अहिले उनी घर तलपट्टिको खाली बारीमा पाल टाँगेर बसेकी छिन् । उनलाई सघाउन बहिनी आइपुगेकी छिन् । श्रीमान् रोजगारीका लागि भारतमा छन् । राहतस्वरूप पाएको त्रिपाल छिमेकीले टाँगेर बस्न मिल्ने बनाइदिएका छन् ।

तीन महिनाकी सुत्केरी विमलालाई पालमुनिको रात निकै लामो लाग्छ । चिसोका कारण छोरीलाई रुघा लाग्न थालेको विमलाले बताइन् । छोरी धेरै नै रुने, खोक्ने र उल्टी गरिरहेको उनले सुनाइन् । न्यानो कपडासमेत नभएको उनले बताइन् । यहाँका गर्भवतीलाई समेत समस्या भइरहेको छ । चिसोमा रात काट्न निकै समस्या भएको आठबिसकोट नगरपालिका- १४ की गर्भवती कमला विकले बताइन् । 'दिनमा त खासै समस्या हुन्न, तर राति निकै समस्या हुने गरेको छ,' उनले भनिन्, 'बिहान शीत चुहिएर ओछ्यान निथ्रुक्क भिज्छ ।'

विपत् कोषमा...

पृष्ठ १ बाट क्रमशः

गत आइतबार सरकारले विपद्को घडीमा खोज, उद्धार र राहतका लागि सहयोग गर्न सार्वजनिक आह्वानसमेत गरेको थियो । संवेदनशील घडीमा देशविदेशमा रहेका सहयोग गर्न इच्छुक सम्पूर्णले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको खातामा रकम जम्मा गर्न सकिने व्यहोरा उल्लेख गर्दै प्रधानमन्त्री कार्यालयले सूचना जारी गरेको थियो ।

यसका लागि आठ बैंकका नौ खाता दिइएको छ । राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक लिमिटेड, नेपाल बैंक लिमिटेड, एभरेष्ट बैंक लिमिटेड, स्टान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, ग्लोबल आइएमई बैंक लिमिटेड, हिमालयन बैंक लिमिटेड, नबिल बैंक लिमिटेड र हिमालयन बैंक (डलर खाता) खाता दिइएको छ ।

उपसचिव भण्डारीका अनुसार सोमबारसम्म कोषमा दुई करोड २२ लाख जम्मा भएको छ । जसमा भाटभटेनी सुपरमार्केटको एक करोड ११ लाख, बुद्ध एयरको एक करोड र एलपी ग्यासको ११ लाख ११ हजार रूपैयाँ जम्मा भइसकेको छ । बाँकी रकम जम्मा गर्ने क्रम जारी रहेको उनले बताए । यो कोषमा जम्मा भएर आम्दानी बाँधिसकेको रकम हो । सहयोग गर्न चाहनेले कोषको खातामा जम्मा गरेर आम्दानी बाँधेपछि मात्र रकम कोषमा रहने उनले बताए ।

विभिन्न राजनीतिक दल, संघसंस्था र व्यक्तिहरूले प्रतिबद्धता जनाए पनि त्यसबमोजिम खातामा रकम जम्मा भइनसकेको देखिन्छ । 'प्रतिबद्धता भएको रकम कोषमा जम्मा हुने क्रम जारी छ,' उनले भने, 'त्यसैले कोषमा रकम पनि थपिँदो छ ।'

यो कोषमा जम्मा भएको रकम वितरण गर्ने सम्बन्धमा योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा गठित समितिले निर्णय गर्छ । विपद्मा राहत, उद्धारका लागि रकम माग भएपछि आवश्यकताका आधारमा समितिले निर्णय गरेर सम्बन्धित प्रदेश, जिल्ला वा स्थानीय तहमा पठाउने गरिन्छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणअन्तर्गत विपद् व्यवस्थापन कोषमा भने अहिले पौने दुई अर्बको हाराहारीमा रकम रहेको प्राधिकरणका प्रवक्ता ध्रुवबहादुर खड्काले नयाँ पत्रिकालाई बताए । यो गृह मन्त्रालयमा साबिकमा रहेको दैवी प्रकोप व्यवस्थापन कोष खारेज भएपछि प्राप्त भएको, अर्थ मन्त्रालयले वार्षिक रूपमा दिने बजेट र प्रधानमन्त्री दैवी प्रकोप सहायता कोषले दिएकोसहितको मौज्दात रकम हो ।

भूकम्पपछि यही कोषबाट आइतबार रुकुम र जाजरकोटमा ५/५ करोड रुपैयाँ पठाइएको उनले बताए । जिल्ला व्यवस्थापन कोषमा पठाइएको यो रकम त्यसैमार्फत खर्च हुन्छ । विपद् व्यवस्थापन कोषबाट पठाइएको रकम राहतमा मात्र वितरण गर्न मिल्ने प्रवक्ता खड्का बताउँछन् । कोषमा यसअघि भएकै रकमबाहेक थप नभएको उनको भनाइ छ । 'सहयोग गर्न चाहनेले चाहिँ गर्न सक्नुहुन्छ ।' उनले भने ।

चिनियाँ...

पृष्ठ १ बाट क्रमशः

तिब्बतको नेपाल मामिला सञ्चालनसँग सम्बन्धित सबै निकायका पदाधिकारीसहितको टोली वाङको भ्रमण दलमा आउन लागेको हो । उनले काठमाडौंमा उच्चस्तरीय राजनीतिक भेटवार्ता गर्ने कार्यसूची छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको चीन भ्रमणपछि चीनबाट आउन लागेको यो पहिलो उच्चस्तरीय भ्रमण हो । तिब्बतको कार्यकारी प्रमुख रहेका वाङ पोखरा भ्रमणमा पनि जाँदै छन् ।

नयाँ पत्रिकालाई प्राप्त उनको कार्यतालिकाअनुसार वाङले बुधबार उपराष्ट्रपति रामसहाय यादवसँग दिउँसो २ बजे शिष्टाचार भेट गर्ने कार्यक्रम छ । उनले बिहीबार (२३ कात्तिक) बिहान ८ बजे प्रधानमन्त्री प्रचण्डसँग भेट गर्ने कार्यतालिका छ । बिहीबार बिहान ११ बजे उनले संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अनिता देवीसँग पनि भेटवार्ता गर्दै छन् ।

प्रधानमन्त्री प्रचण्डका परराष्ट्र मामिला सल्लाहकार डा. रूपक सापकोटाले चिनियाँ भ्रमण टोलीसँग प्रधानमन्त्रीको चीन भ्रमणमा तिब्बत क्षेत्रसँग सम्बन्धित विषयमा भएका सहमति कार्यान्वयनबारे छलफल हुने बताए । 'छिमेकी चीनको हामीसँग सीमा जोडिएको क्षेत्र रहेका कारण तिब्बतका पार्टी सेक्रेटरीको भ्रमणलाई हामीले महत्त्व दिएका छौं,' सापकोटाले भने ।

प्रचण्ड र तिब्बत सेक्रेटरी वाङबीच यसअघि १० असोजमा तिब्बतको राजधानी ल्हासामा भेटवार्ता भएको थियो । भेटवार्तामा भएका सहमतिअनुसार नेपाल र चीनबीचका नाका क्रमशः सञ्चालन भएका छन् । भेटवार्तामा नेपाल र चीनबीच परम्परागत सीमानाका पूर्वाधार व्यवस्थापन गर्दै क्रमशः खुला गर्ने सहमति भएको थियो । त्यहीअनुसार सीमानाकाहरू खुल्न थालेका छन् । मुस्ताङको कोरला नाका २७ कात्तिकबाट खुल्ने तयारी छ ।

४५ नेता...

पृष्ठ १ बाट क्रमशः

सुविधा पाउने व्यवस्था छ । त्यसविपरीत उनीहरूले सुरक्षा लिँदै आएका थिए ।

पूर्वमन्त्रीहरू गोकुलप्रसाद बाँस्कोटा, गिरिराजमणि पोखरेल, विना मगर, खड्गबहादुर विश्वकर्मा, गगनकुमार थापा, महेश बस्नेत, मणिचन्द्र थापा, प्रभु साह, लेखराज भट्टका पिएओ पनि हटाइएको छ । पूर्वमन्त्रीहरू सुरेन्द्र पाण्डे, राम कार्की, पार्वत गुरुङ, जुलीकुमारी महतो, शिवमाया तुम्बाहाम्फे, पद्माकुमारी अर्याल, हृदयेश त्रिपाठी, गणेशसिंह ठगुन्ना, प्रदीप ज्ञवाली, अनिलकुमार झा, लक्ष्मणलाल कर्ण, विमलप्रसाद श्रीवास्तव, एकवाल मियाँ, उमाशंकर अरगरिया, नैनकला थापा, वसन्तकुमार नेम्वाङ, लीलानाथ श्रेष्ठ, कृष्णगोपाल श्रेष्ठ, रामवीर मानन्धर, आशाकुमारी विकको पनि फिर्ता गरिएको छ । पूर्वमन्त्रीले पनि पदबाट हटेको दुई वर्षसम्म मात्र पिएसओ पाउने सुविधा छ ।

त्यस्तै, पूर्वअर्थराज्यमन्त्री तथा हाल लुम्बिनी विकास कोषको सदस्यसचिवमा नियुक्त भएका ल्यारक्याल लामाको पनि फिर्ता भएको छ । पूर्वसांसद रेशम चौधरीको पनि नियमविपरीत भएकाले फिर्ता गरिएको प्रहरी स्रोत बताउँछ । पूर्वमहान्यायाधिवक्ता अग्नि खरेल, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वआयुक्त गणेशराज जोशी, लोकसेवा आयोगकी पूर्वसदस्य वृन्दा हाडा, लोकसेवा आयोगका पूर्वसदस्य अशोककुमार झा, पूर्वगृहसचिव महेश्वर न्यौपानेको पनि फिर्ता गरिएको छ ।

त्यस्तै, स्वर्गीय पूर्वसभामुख सुवासचन्द्र नेम्वाङ तथा पूर्वमन्त्री स्वर्गीय खुमबहादुर खड्काको घरमा पनि सुरक्षाकर्मी कार्यरत रहेकाले उनीहरूलाई पनि फिर्ता गरिएको छ ।

फिर्ता गरिएकामध्ये केहीले भने प्रहरी नेतृत्वलाई दबाब दिएर फिर्ता गराउने प्रयास गरिरहेका छन् । केहीलाई साँच्चिकै सुरक्षा जोखिम देखिएमा भने फिर्ता गरिने प्रहरी प्रधान कार्यालयले जनाएको छ । जसअनुसार नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाका पिएसओ भने मंगलबार फिर्ता गरिएको छ ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, व्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**राज ब. डगौरा** स्थायी ठेगाना : कैलाली जिल्ला, कोटाटुलसीपुर गा.वि.स. वडा नं. ५ हालको ठेगाना : कैलाली जिल्ला, बर्दगोरिया गा.पा. वडा नं. ६ बाबु : लिखराम डगौरा बाजे : जन्जीरुवा डगौरा

धितोको विवरण

१) जन्जीरुवा डगौराको नाति, लिखराम डगौराको छोरा, कैलाली जिल्ला, कोटाटुलसीपुर गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल बर्दगोरिया गा.पा. वडा नं. ६ बस्ने राज ब. डगौराको नाममा भुमीसुधार तथा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता कायम रहेको कैलाली जिल्ला, कोटाटुलसीपुर गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. २४८ को क्षेत्रफल २५०५.९३ (ब.मी.)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) गुदना ड. थारुको नाति, जन्जीरुवा डगौराको छोरा, कैलाली जिल्ला, कोटाटुलसीपुर गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल बर्दगोरिया गा.पा. वडा नं. ६ बस्ने लिखराम डगौराको नाममा भुमीसुधार तथा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता कायम रहेको कैलाली जिल्ला, कोटाटुलसीपुर गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. २९ को क्षेत्रफल ८९७२.४५ (ब.मी.)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

जमानीकर्ताहरुको विवरण

१) कामना देवी डगौरा स्थायी ठेगाना:कैलाली जिल्ला, कोटाटुलसीपुर गा.वि.स. वडा नं. ५ हालको ठेगाना : कैलाली जिल्ला, बर्दगोरिया गा.पा. वडा नं. ६ बाबु : लक्ष्मी प्रसाद चौधरी ससुरा : लिखराम डगौरा पति : बिर ब. डगौरा	**२) सकरादी डगौरा** स्थायी ठेगाना:कैलाली जिल्ला, जोशीपुर गा.प. वडा नं. ८ हालको ठेगाना : कैलाली जिल्ला, बर्दगोरिया गा.पा. वडा नं. ६ बाबु : नोखे डगौरा ससुरा : जन्जीरुवा डगौरा पति : लिखराम डगौरा	**३) लिखराम डगौरा** स्थायी ठेगाना: कैलाली जिल्ला, कोटाटुलसीपुर गा.वि.स. वडा नं. ५ हालको ठेगाना : कैलाली जिल्ला, बर्दगोरिया गा.पा. वडा नं. ६ बाबु : जन्जीरुवा डगौरा बाजे : गुदना ड. थारु	**४) बिर ब. डगौरा** स्थायी ठेगाना: कैलाली जिल्ला, कोटाटुलसीपुर गा.वि.स. वडा नं. ५ हालको ठेगाना : कैलाली जिल्ला, बर्दगोरिया गा.पा. वडा नं. ६ बाबु : लिखराम डगौरा बाजे : जन्जीरुवा डगौरा
५) रेतु कुमारी चौधरी (डगौरा) स्थायी ठेगाना : कैलाली जिल्ला, कोटाटुलसीपुर गा.वि.स. वडा नं. ५ हालको ठेगाना : कैलाली जिल्ला, बर्दगोरिया गा.पा. वडा नं. ६ बाबु : लक्षिराम चौधरी ससुरा : लिखराम डगौरा पति : राज ब. डगौरा	**६) सवनम कुमारी चौधरी** स्थायी ठेगाना : कैलाली जिल्ला, बौनिया गा.वि.स. वडा नं. ८ हालको ठेगाना : कैलाली जिल्ला, बर्दगोरिया गा.पा. वडा नं. ६ बाबु : जुगराम डगौरा ससुरा : लिखराम डगौरा पति : निर्मल डगौरा	**७) निर्मल डगौरा** स्थायी ठेगाना : कैलाली जिल्ला, कोटाटुलसीपुर गा.वि.स. वडा नं. ५ हालको ठेगाना : कैलाली जिल्ला, बर्दगोरिया गा.पा. वडा नं. ६ बाबु : लिखराम डगौरा बाजे : जन्जीरुवा डगौरा	

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताको विवरण
२)	**अमित जोशी** स्थायी ठेगाना: बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा. वडा नं. २ हालको ठेगाना: भक्तपुर जिल्ला चाँगुनारायण न.पा वडा नं. ९ बाबु : हर्क बहादुर जोसी पती : कृष्ण बहादुर जोसी	**पुष्प लाल श्रेष्ठ** स्थायी ठेगाना: सिन्धुपाल्चोक जिल्ला, लिखंसु गा.वि.स. वडा नं. ०२ हालको ठेगाना: भक्तपुर जिल्ला चाँगुनारायण न.पा वडा नं. ९ बाबु : छविलाल श्रेष्ठ बाजे : हस्त बहादुर श्रेष्ठ

क्र.सं.	ऋणीको विवरण
३)	**निरु महर्जन** स्थायी ठेगाना : काठमाडौं जिल्ला, काठमाडौं उ.म.न.पा. वडा नं. १५ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १५ बाबु : आइतमान महर्जन ससुरा : राम कृष्ण महर्जन पति : राजेश्वर डंगोल

क्र.सं.	ऋणीको विवरण	
४)	१) प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन बन तथा बातावरण मन्त्रालय, उद्योग वाणीज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना कार्यालय जलेश्वर महोत्तरीमा प्रा.फ. नं. ६२६२/०६७/०७५/०७६ अन्तर्गत मिति २०७५/१२/२७ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम दर्ता भएको महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. २, स्थित **पियूष माछा पालन तथा पशु चौपाय औरही केन्द्र** **प्रोप्राईटर तथा जमानीकर्ता: प्रमोद कापर**	**२) प्रमोद कापर** स्थायी ठेगाना: महोत्तरी जिल्ला औरही गा.वि.स. वडा नं. २ हालको ठेगाना: महोत्तरी जिल्ला औरही न.पा. वडा नं. २ बाबु : मुनी कापर बाजे : सोनेलाल कापर

जमानीकर्ताहरुको विवरण

१) रिता देवी कापर ठेगाना: महोत्तरी जिल्ला सोनामाई गा.वि.स. वडा नं. २ बाबु : जमुना बाबु कापर ससुरा : मुनी कापर पति : प्रमोद कापर	**२) प्रमोद कापर** स्थायी ठेगाना: महोत्तरी जिल्ला औरही गा.वि.स. वडा नं. २ हालको ठेगाना: महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. २ बाबु : मुनी कापर बाजे: सोनेलाल कापर	**३) सावित्री कुमारी देवी** स्थायी ठेगाना: महोत्तरी जिल्ला औरही गा.वि.स. वडा नं. ७ हालको ठेगाना: महोत्तरी जिल्ला औरही न.पा. वडा नं. ७ बाबु: रामचन्द्र कापर ससुरा: मुनी कापर पति: विनोद कापर
४) देवो देवी ठेगाना: महोत्तरी जिल्ला औरही न.पा. वडा नं. २ बाबु : जुयश्वर कापर ससुरा : सोनेलाल कापर पति : मुनी कापर	**५) विनोद कापर** स्थायी ठेगाना: महोत्तरी जिल्ला सोनामाई गा.वि.स. वडा नं. २ हालको ठेगाना: महोत्तरी जिल्ला औरही न.पा. वडा नं. २ बाबु : मुनी कापर बाजे : सोनेलाल कापर	

धितोको विवरण

१) जमुना बाबु कापरकी छोरी, मुनी कापरकी बुहारी, प्रमोद कापरकी पत्नी, महोत्तरी जिल्ला सोनामाई गा.वि.स. वडा नं. २ बस्ने रिता देवी कापरको नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, किसाननगर गा.वि.स. वडा नं. ६क (हाल महोत्तरी जिल्ला, बर्दिवास न.पा.वडा नं. ६) स्थित कित्ता नं. २९१, ५५९, ५५२, १९७ र १८६ को क्षेत्रफल क्रमश: १५९१.६१, ११६८.२६, १४५६.१०, ३५४७.१४ र २०३१.८४(व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) पियूष माछा पालन तथा पशु चौपाय औरही केन्दको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

ऋणीको विवरण	जमानीकर्ताको विवरण
३) विनोद कापर स्थायी ठेगाना: महोत्तरी जिल्ला सोनामाई गा.वि.स. वडा नं. २ हालको ठेगाना: महोत्तरी जिल्ला औरही न.पा. वडा नं. २ बाबु : मुनी कापर बाजे : सोनेलाल कापर	**३) सावित्री कुमारी देवी** स्थायी ठेगाना: महोत्तरी जिल्ला औरही गा.वि.स. वडा नं. ७ हालको ठेगाना: महोत्तरी जिल्ला औरही न.पा. वडा नं. ७ बाबु: रामचन्द्र कापर ससुरा: मुनी कापर पति: विनोद कापर

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

बुधबार २२ कार्तिक ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.ह.नि.द.न. १७/०६९/०७०

मूलपानी, चितवन र विराटनगरका रंगशालालाई राष्ट्रिय गौरवको आयोजनामा राखेर निर्माण गछौं : प्रधानमन्त्री

नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मूलपानी, चितवन र विराटनगरमा निर्माणाधीन रंगशालालाई राष्ट्रिय गौरवको आयोजना घोषणा गरी छिट्टै निर्माण सक्ने बताएका छन्। दश वर्षपछि आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगितामा छनोट भएका खेलाडीलाई मंगलबार बालुवाटारमा सम्मान गर्दै प्रधानमन्त्री दाहालले क्रिकेटमा नेपालको निकै राम्रो सम्भावना देखिएकाले सरकारले जुनसुकै हदसम्म गएर भए पनि रंगशाला बनाउने बताएका हुन्।

'क्रिकेट रंगशालालाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा अगाडि बढाउँदै छौं,' उनले भने, 'भरतपुर, मूलपानी र कीर्तिपुरको काम अगाडि बढाइन्छ।' सन् २०१४ पछि टी-२० विश्वकपमा नेपालको स्थान पक्का गराएका खेलाडीलाई प्रधानमन्त्री दाहालले बधाई दिएका छन्। 'क्रिकेट मैले हेर्दै आएको छु, नेपालले क्रिकेटमा दिनप्रतिदिन राम्रो गर्दै गएको छ।' प्रधानमन्त्री दाहालले वर्तमान नेपाली राष्ट्रिय क्रिकेट टोली उत्कृष्ट भएको जनाए। 'यो टिम नेपालको बेस्ट टिम भएको महसुस गरेको छु,' खेलाडीहरूको हौसला बढाउँदै उनले भने।

क्रिकेटप्रति नेपाली जनता र युवाको क्रेज देखिएको उनको भनाइ छ। 'क्रिकेटप्रति युवाहरूको क्रेजले सरकारलाई पनि उत्प्रेरित गरेको छ, खेलाडीलाई अझ बढी हौसला मिलेको छ,' उनले भने, 'सरकार अझ बढी लगानी गर्न तयार छ, अझ बढी पूर्वाधार विकास गर्न हामीलाई प्रेरणा मिलेको छ।' प्रधानमन्त्री दाहालले क्रिकेटले पछिल्ला समय प्राप्त गरेको सफलताका कारण नेपालको प्रतिष्ठालाई अन्तर्राष्ट्रिय स्तरमा स्थापित गराएको बताए। '१० वर्षपछि नेपाल टी-२० विश्वकपमा छनोट भएको छ, विश्वकपमा पनि राम्रो मिहिनेत गर्नुहोला, कतिपय वेला जित र हार संयोगको कुरा पनि हुन्छ। विश्वकपमा पनि तपाईंहरूले राम्रो गर्नुहोला,' खेलाडीको हौसला बढाउँदै उनले भने। उनले सरकारले घोषणा गरेको पुरस्कार रकम खेलाडीलाई बाँड्न ढिला हुँदा नमिठो लागेको बताए। 'हामीले घोषणा गरेको पुरस्कार वितरणमा अलि ढिलो भयो, मलाई पनि अलि नमिठो लागेको छ,' प्रधानमन्त्री दाहालले भने, 'हाम्रो केही कानुनी र प्रक्रियागत समस्या छन्, त्यसले पनि ढिलो हुन गयो, आगामी दिनमा त्यस्तो नहोस् भन्नेमा अब सरकारले सचेतता अपनाउनेछ र टी-२० विश्वकपमा छनोटको पुरस्कार छिटै वितरण गरिनेछ।'

यसैबीच, नेपाली क्रिकेट टोलीका कप्तान रोहितकुमार पौडेलले सरकारले क्रिकेट खेललाई दिएको महत्वबाट आफूहरू उत्साहित भएको बताए। 'सरकारबाट यो महत्त्वपूर्ण सम्मानका लागि प्रधानमन्त्री र नेपाल सरकारप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु,' पौडेलले भने, 'नेपाल सरकारले क्रिकेट खेललाई उच्च प्राथमिकता दिएकोमा खुसी छौं।' उनले कीर्तिपुर क्रिकेट रंगशालामा फ्लड लाइट जडानको प्रक्रिया अगाडि बढाएकोमा सरकारलाई धन्यवाद दिएका छन्।



नेपाली क्रिकेट टोलीलाई सम्मानसहित पूर्वघोषित नगद पुरस्कार दिँदै प्रधानमन्त्री पुष्पकमल दाहाल

■ त्रिवि मैदानमा फ्लड लाइट जडान गर्न २७ करोड ४० लाखको ठेक्का

कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा फ्लड लाइट जडान गर्नका लागि २७ करोड ४० लाख रुपैयाँमा ठेक्का लागेको छ। सिनामंगलको एमएसआइपिएल-एएससी पावर जेभीले फ्लड लाइट जडानका लागि ठेक्का पाएको राखेपले जनाएको छ। २७ करोड ४० लाख २ हजार २२ रुपैयाँमा फ्लड लाइट जडानका लागि बोलपत्र प्रस्ताव गरेको सो कम्पनी छनोट भएको राखेपले जनाएको छ। आइसिसी क्रिकेट विश्वकप लिग-२ मा अन्तिम १२ मध्ये ११ खेल जितेर नेपालले एकदिवसीय अन्तर्राष्ट्रियको मान्यता रक्षा गर्नुका साथै एकदिवसीय विश्वकप छनोटमा स्थान बनाएपछि नेपाल सरकारले त्रिवि क्रिकेट मैदानमा फ्लड लाइट जडान प्रक्रिया अघि बढाउने घोषणा गरेको थियो। त्यसपछि राखेपले फ्लड लाइट जडान गर्नका लागि दुईपटक टेन्डर आह्वान गरे पनि कुनै पनि कम्पनीले ठेक्का पाएको थिएन। फ्लड लाइट जडान भएपछि त्रिवि मैदानमा रातिको समयमा पनि खेल खेलाउन सकिनेछ।

■ खेलाडीले जनही १३ लाख पाउने

राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले अर्को वर्ष अमेरिका र वेस्ट इन्डिजमा हुने आइसिसी टी-२० विश्वकपको स्थान पक्का गरेको नेपाली क्रिकेट टोलीका खेलाडीलाई नगद पुरस्कार दिन सिफारिस गर्ने भएको छ। राखेप कार्यकारी समितिका संयोजक राखेपका सदस्यसचिव टंकलाल घिसिङको अध्यक्षतामा मंगलबार बसेको बैठकले नगद पुरस्कार सिफारिस गर्ने निर्णय गरेको हो। १५ खेलाडी तथा समान १-१ मुख्य प्रशिक्षक, सहायक प्रशिक्षक, व्यवस्थापक र फिजियो गरी जम्मा १९ जनाका लागि दुई करोड ४ लाख ७५ हजार रुपैयाँ नगद पुरस्कार सिफारिस गर्ने निर्णय भएको छ। प्रतिखेलाडी १३ लाख, मुख्य प्रशिक्षकका लागि ३ लाख ९० हजार, सहायक प्रशिक्षक, व्यवस्थापक र फिजियोका लागि १ लाख ९५ हजार नगद पुरस्कार सिफारिस गरिएको छ। यसअघि, नेपाल क्रिकेट संघ (क्यान)ले पनि क्रिकेट टोलीलाई ५० लाख पुरस्कारले सम्मान गर्ने जनाएको थियो। विश्वकपको एसिया छनोटको सेमिफाइनलमा नेपालले युएईलाई आठ विकेटले हराउँदै दश वर्षपछि विश्वकपमा स्थान बनाएको थियो। छनोटमा नेपाल ओमानसँग समूह चरण र फाइनलमा पराजित भएको थियो। समूह चरणमा नेपाल ओमानसँग पाँच रन र फाइनलमा सुपर ओभरमा पराजित भएको थियो।

■ गौतम बुद्ध क्रिकेट रंगशालामा बागमती सरकार र भरतपुर नपाको सहकार्य

मकवानपुर/ धुर्मुस-सुन्तली फाउन्डेसनले निर्माण गर्न नसकेपछि अलपत्र अवस्थामा रहेको चितवनको भरतपुर-१५ रामपुरस्थित गौतम बुद्ध क्रिकेट रंगशालाको बाँकी काम बागमती प्रदेश सरकार र भरतपुर महानगरपालिकाले मिलेर सम्पन्न गर्ने भएका छन्। बागमती प्रदेशको मुख्यमन्त्री कार्यालय हेटौंडामा मंगलबार बसेको बागमती र भरतपुर महानगरपालिकाबीच बैठक बसेको थियो। रंगशालाका बाँकी काम बागमती र भरतपुर नगरपालिकाले संयुक्त रूपमा सम्पन्न गर्ने निर्णय बैठकले गरेको हो। रकम अभावमा गत ०७८ साउन २० मा निर्माण कार्य रोकिएको थियो। अहिले रंगशाला निर्माणका लागि संयुक्त लगानी गर्ने सहमति भएको हो।

सहमतिअनुसार रंगशाला निर्माणका लागि ७० प्रतिशत बागमती र ३० प्रतिशत भरतपुर महानगरपालिकाले व्यहोर्ने निर्णय भएको मुख्यमन्त्री कार्यालयले जनाएको छ। बैठकले यसअघि भएका आर्थिक क्रियाकलाप र ऋणसम्बन्धी सम्पूर्ण जिम्मेवारी महानगरपालिका र संघीय सरकारले व्यवस्थापन गर्ने निर्णय पनि गरेको छ। मुख्यमन्त्रीका स्वकीय सचिव उपेन्द्र जम्कट्टेलले बैठकले तत्काल ठेक्का आह्वान गरी रंगशाला निर्माणको काम अघि बढाउने निर्णय गरेको बताए।

■ पहिलो चरणको बजेट ७५ करोड

भरतपुर महानगरपालिकाले तयार पारेको पहिलो चरणको लागत अनुमानको प्रस्तावअनुसार नै काम सुरु गरिनेछ। महानगरपालिकाले पहिलो चरणमा १० हजार दर्शक क्षमताको प्यारापिटसहित क्रिकेट पिच र मैदान निर्माणको काम गर्ने निर्णय भएको उनले बताए। महानगरपालिकाले प्रारम्भिक चरणमा ७५ करोड रुपैयाँ लगानी लाग्नेछ। सो लागत रकमको ७० प्रतिशत बागमती प्रदेश सरकार र ३० प्रतिशत रकम महानगरपालिकाले व्यहोर्ने सहमति भएको हो। धुर्मुस सुन्तली फाउन्डेसनका संस्थापक कलाकार जोडी सीताराम कट्टेल (धुर्मुस) र कुञ्जना घिमिरे (सुन्तली) ले ०७५ माघ १६ मा चितवनमा गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला परियोजनाको घोषणा गरेका थिए।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा घोषणा गरिएको परियोजनाको निर्माण कार्य ०७५ माघ २० बाट सुरु गरिएको थियो। दुई वर्षभित्र रंगशालाको निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य राखिएको भए पनि फाउन्डेसनले रंगशाला निर्माणका क्रममा आफूहरू ऋणमा डुबेको जनाउँदै रंगशालाको निर्माण जिम्मेवारी लिन फाउन्डेसनले भरतपुर महानगरपालिकालाई पत्र लेखेको थियो। भरतपुर महानगरपालिका-१५ रामपुरमा रहेको कृषि तथा वन विश्वविद्यालयले प्रयोग गर्दै आएको २० बिघा ६ कट्ठा क्षेत्रफलमा निर्माण थालिएको रंगशालाको प्रारम्भिक खर्च तीन अर्ब ५५ करोड रुपैयाँ लाग्ने अनुमान गरिएको थियो। रंगशालाको भौतिक पूर्वाधार निर्माण कार्य ३५ प्रतिशत सकिएको दाबी फाउन्डेसनले गरेको छ। फाउन्डेसनले रंगशाला निर्माणमा ५७ करोड ९२ लाख ८५ हजार सात सय ३८ रुपैयाँ खर्च भएको र फाउन्डेसनलाई १८ करोड ऋण लागेको दाबीसहित हिसाब सार्वजनिक गरेको थियो।

खेल संक्षेप

हेटौंडामा फुटबल हुने

मकवानपुर/ हेटौंडामा एफसी मुण्डियालाको आयोजनामा ५ मसिरदेखि यू-२१ उमेरसमूहको फुटबल प्रतियोगिता हुने भएको छ। मकवानपुरका पूर्व 'ए' डिभिजन खेलाडी एवं मुण्डियालाका अध्यक्ष सुविन घिमिरे र बक्सिङका खेलाडी सुशील घिमिरेले आफ्नो बुबाको स्मृतिमा फुटबल आयोजना गर्न लागेको जानकारी मंगलबार आयोजित पत्रकार सम्मेलनमा दिए। प्रतियोगितामा बारा, पर्सा र गोरखासँगै मकवानपुरका ११ गरी १४ टोलीको सहभागिता रहनेछ। विजेताले एक लाख ११ हजार र उपविजेताले ५५ हजार पाँच सय रुपैयाँ हात पार्नेछन्। प्रतियोगिताको संयोजक सुदीपसिंह ठकुरीले प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडी र विधागत उत्कृष्ट खेलाडीहरूलाई समेत नगद पुरस्कारको व्यवस्था रहेको जानकारी दिए।

पञ्चकन्याको सहज जित

संखुवासभा/ आठौं अरुणभ्याली आमन्त्रित फुटबल प्रतियोगितामा मंगलबार तीनवटा क्लबले जित निकालेका छन्। पहिलो खेल पञ्चकन्या युथले सेकाहालाई २-० ले हरायो। दोस्रो खेल लोहोरुङले टाइब्रेकरमा सभापोखरीलाई निराश बनायो। दुवै टोलीले निर्धारित समयमा गोलरहित बराबरी खेलेका थिए। अर्को खेलमा तीनपोखरीले आयोजक एड्भान्सलाई टाइब्रेकरमा पाखा लगाएको छ। प्रतियोगिताका विजेताले दुई लाख र उपविजेताले एक लाख प्राप्त गर्नेछन्।

रुपेशलाई उपाधि

काठमाडौं/ नेपाल भाषा मंकाःखलः राष्ट्रिय च्यापिड रेटिङ बुद्धिचाल प्रतियोगिताको उपाधि नेपाल च्याम्पियन एफएम रुपेश जैसवाल र श्रीलंकाली महिला डब्लुआइएम सचिनी रनासिंघेले जितेका छन्। आठ चरणको खेलमा रुपेशले सातमा जित र एकमा बराबर गरी सर्वाधिक ७.५ अंक जोडेका छन्। प्रतियोगितामा ६.५ अंकसहित आशिष फुँयाल दोस्रो स्थानमा रहे। समान ६.५ अंक बनाएका क्षितिज भण्डारी तेस्रो भएका छन्। ६ अंक जोडेका नेपालका युवा खेलाडी पुरुषोत्तम सिलवाल, कृष्णमान महर्जन, जनार्दन श्रेष्ठ, सुदीप तामाङ, राजन पुरी, एफएम सजिन महर्जन र पूर्वनेपाल च्याम्पियन नवीन तण्डुकार चौथोदेखि दशौं स्थानमा रहेका छन्। महिलातर्फ श्रीलंकन डब्लुआइएम सचिनी रनासिंघे पाँच अंकका साथ च्याम्पियन भइन्।

सेमिफाइनलमा त्रिभुवन आर्मी

तिवारी यादव/ नयाँ पत्रिका

त्रिभुवन आर्मी क्लब प्रथम वीरगन्ज गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। प्रतियोगिताको मंगलबार सम्पन्न अन्तिम क्वार्टरफाइनलमा आर्मीले झापा एफसीलाई २-० ले हराउँदै अन्तिम चारको स्थान पक्का गरेको हो। आर्मीले दुवै हाफमा समान एक गोल गरेको थियो। आदर्शनगर खेलमैदानमा आर्मीले झापामाथि सुरुदेखि नै दबाब राखेको थियो। खेलको सातौं मिनेटमा नीरजकुमार साहले आर्मीलाई १-० को अग्रता दिलाए।

एक गोललले पछाडि परेको झापाले बराबरी गोल फर्काउने प्रयास गरेको थियो। तर, झापाका खेलाडीले उत्कृष्ट फिनिसिङ गर्न सकेनन्। खेलको ६१औं मिनेटमा फतेमान घलेले आर्मीलाई २-० को अग्रता दिलाए। खेलमा आर्मीका फतेमान घले म्यान अफ दी म्याच हुँदै १० हजार रुपैयाँ प्राप्त गरे। प्रतियोगितामा बुधबार पहिलो सेमिफाइनलमा आयोजक भेट्रान सिटी क्लबले नेपाल पुलिस क्लबको सामना गर्नेछ।



मधेस प्रदेशकै सबैभन्दा उच्च धनराशिको प्रतियोगिताका विजेताले ११ लाख ११ हजार र उपविजेताले पाँच लाख ५५ हजार पाँच सय रुपैयाँ प्राप्त गर्नेछन्। हरेक खेलका म्यान अफ दी म्याच खेलाडीलाई पाँच हजार रुपैयाँ प्रदान गरिनेछ। विधागततर्फ उत्कृष्ट हुने खेलाडीलाई जनही २० हजार र प्रतियोगिताकै सर्वोत्कृट खेलाडीलाई ५० हजार नगदसहितको पुरस्कार प्रदान गरिनेछ।

ढिकुरपोखरी क्वार्टरफाइनलमा

कास्की/ एलजी एसोसिएसन र ढिकुरपोखरी युवा समाज पोखरामा चलिरहेको प्रथम खुला लामाचौर कप फुटबल प्रतियोगिताको क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। एलसी ब्रदर्स लामाचौरको आयोजनामा भएको प्रतियोगिताअन्तर्गत मंगलबार एलजीले हेम्जा युनाइटेडलाई २-० ले हरायो। एलजीका लागि अनुज भण्डारी र आशिष गुरुङले समान एक गोल गरेका थिए। ढिकुरपोखरीले रञ्जन मेमोरियल लामाचौरलाई १-० ले पाखा लगायो। ढिकुरपोखरीको जितमा आयुष गुरुङले गरेको एक मात्र गोल निर्णायक बन्यो। बुधबारदेखि क्वार्टरफाइनलका खेल हुने प्रतियोगिता संयोजक विशाल नेपालीले जानकारी दिए। नेपाल प्रहरी गण्डकी प्रदेश र शीतल ज्योति युवा क्लबबीच पहिलो क्वार्टरफाइनल हुनेछ। विजेताले दुई लाख र उपविजेताले एक लाख पुरस्कार पाउनेछन्।

म्याक्सवेलको दोहोरो शतकमा अस्ट्रेलिया विजयी

एजेन्सी

ग्लेन म्याक्सवेलले दोहोरो शतक लगाएपछि अस्ट्रेलियाले मंगलबार एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगितामा अफगानिस्तानलाई तीन विकेटले हराएको छ। जितसँगै अस्ट्रेलिया सेमिफाइनलमा प्रवेश गरेको छ। भारत र दक्षिण अफ्रिका यसअघि नै सेमिफाइनलमा पुगिसकेका छन्। मुम्बईको वाँखडे रंगशालामा अफगानिस्तानले पहिलो ब्याटिङ गरी ५० ओभरमा पाँच विकेट गुमाएर दुई सय ९१ रनको बलियो योगफल खडा गरेको थियो। प्रत्युत्तरमा अस्ट्रेलियाले ४६.५ ओभरमा सात विकेट गुमाएर २ ९३ रन बनायो। अस्ट्रेलियाले कमजोर सुरुवात गरेको थियो। इनिङ्सको एक समय अस्ट्रेलिया १८.३ ओभरमा ९१-७ को कमजोर अवस्थामा थियो। अफगानिस्तान विश्वकपकै सर्वाधिक विजेता अस्ट्रेलियामाथि सनसनी जित निकाल्ने संघारमा थियो।

> म्याक्सवेलले एक सय २८ बलमा २१ चौका र १० छक्का प्रहार गरी नटआउट दुई सय एक रन जोडे। विश्वकपमा यो दोस्रो दोहोरो शतक हो।

तर, म्याक्सवेलले करिअरकै सर्वोकृष्ट इनिङ्स खेल्दा अफगानिस्तान स्तब्ध भयो। म्याक्सवेलले प्याट क्युमिन्ससँग आठौं विकेटका लागि दुई सय दुई रनको साझेदारी गर्दै अस्ट्रेलियालाई सनसनीपूर्ण जित दिलाए। म्याक्सवेल र क्युमिन्सले एक सय ७० बलसम्म साझेदारी गरेका थिए। खेलका दौरान म्याक्सवेलले दुईपटक फिजियो बोलाएका थिए। अस्ट्रेलियालाई जितका लागि ५५ बलमा ५८ रन आवश्यक हुँदा म्याक्सवेलको स्थानमा अर्का ब्याट्सम्यान आउने तयारीमा थिए। तर, म्याक्सवेलले इनिङ्सको अन्तिमसम्म खेल्ने निधो गरे।



म्याक्सवेलले एक सय २८ बलमा २१ चौका र १० छक्का प्रहार गरी नटआउट दुई सय एक रन जोडे। विश्वकपमा यो दोस्रो दोहोरो शतक हो। यसअघि वेस्ट इन्डिजका क्रिस गेलले सन् २०१५ मा जिम्बाबेविरुद्ध दुई सय १५ रन जोडेका थिए। म्याक्सवेल र क्युमिन्सबीचको साझेदारी आठौं विकेटका लागि अहिलेसम्मकै ठूलो हो।

यसअघि ब्याटिङ गरेको अफगानिस्तानले इब्राहिम जार्दानको शतकीय इनिङ्समा अस्ट्रेलियाविरुद्ध चुनौतीपूर्ण योगदान खडा गरेको थियो। इब्राहिमले अफगानिस्तानका लागि एकदिवसीय विश्वकप इतिहासमा पहिलो शतक लगाए। उनले एक सय ४३ बलमा आठ चौका र तीन छक्का प्रहार गरी एक सय २९ रन जोडेका थिए। उनले छैटौं विकेटका लागि गतिलो साझेदारी गर्दै अफगानिस्तानलाई बलियो स्थितिमा पुऱ्याए। जार्दानको यो चौथो एकदिवसीय शतक हो।

अफगानिस्तानका लागि ओपनर रहमानुल्लाहले २५ बलमा २१ रन जोडेका थिए। अफगानिस्तानले पहिलो विकेटका लागि ३८ रनको साझेदारी गरेको थियो। त्यसपछि रहमत साहसँग इब्राहिमले दोस्रो विकेटका लागि ८३ रनको साझेदारी गरे। यसैगरी, कप्तान हसमुतुल्लाहसँग इब्राहिमले ५२ रनको साझेदारी गरेका थिए। कप्तान हसमुतुल्लाहले ४३ बलमा २६ रन बनाए।

अफगानिस्तानको मध्यक्रममा अजमुतुल्लाह आमार्जीले १८ बलमा २२ रन बनाए। मोहमद नावीले १० बलमा १२ रन जोडे। अलराउन्डर रसिद खानले १८ बलमा दुई चौका र तीन छक्का प्रहार गरी ३५ रनको योगदान दिए। अफगानिस्तानले अस्ट्रेलियाको बलियो बलिङ आक्रमणविरुद्ध अन्तिम १० ओभरमा ९६ रन बनाएको थियो। अस्ट्रेलियन बलर जोस हेजलउडले ३९ रन खर्चेर दुई विकेट हात पारे। मिचेल स्टाकले ७० रन खर्चेर एक विकेट लिए।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com